# घ्याङलेख गाउँपालिका
# गाउँ कार्यपालिकाको बैठकको
# प्रस्ताव तथा निर्णयहरु

**मिति २०८० साल असार १० गते आइतबार दोश्रो बैठकका प्रस्तावहरु**

१. गाउँ सभाको १३ औं अधिवेशनको पहिलो बैठक मिति २०८० साल बैशाख १३ गते प्रस्तुत गरेको निति तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा ।

२. बजेट मार्गदर्शन बमोजिम वडागत, वस्तीस्तरीय कार्यक्रम तथा बजेट माथि दफावार छलफल सम्बन्धमा ।

३. विषयगत शाखाहरु स्वास्थ्य, बहुक्षेत्रीय पोषण, शिक्षा, कृषि तथा पशु विकास, महिला बालबालिका तथा जेष्ठ नागरिक, खानेपानी तथा सरसफाई, न्यायिक समिति, उर्जा वातावरण कार्यक्रम तर्फको चालु आ. व. को समीक्षा र आगामी आ.व. ०७९।०८० को कार्यक्रम तथा बजेट सम्बन्धमा छलफल तथा योजना स्वीकृत सम्बन्धमा ।

४. घ्याङलेख गाउँपालिकाको चालु आ.व. ०७९।०८० को कर, दस्तुर, सेवा शुल्क बारेमा समीक्षा र आगामी आ.व. २०८०।०८१ को आर्थिक विद्येयक मस्यौदा प्रस्तुत गर्ने र स्वीकृत गर्ने सम्बन्धमा ।

५. विनियोजन विद्येयक स्वीकृत गर्ने सम्बन्धमा ।

६. बजेट वक्तव्य सम्बन्धमा ।

७. आ. व. २०७९।०८० को लागि विषयगत शाखाहरु, वडा कार्यालय, गाउँपालिका स्तरीय, प्रशासनीय तथा चालु, क्रमागत योजना, समपुरक कोष बजेट स्वीकृति सम्बन्धमा ।

८. मर्मत सम्भार कोषको स्थापना र व्यवस्थापन सम्बन्धमा ।

९. बजेट प्राथमिकीकरण सम्बन्धमा ।

१०. कार्यसम्पादन गर्दा आईपर्ने बाधा व्यवस्थापन सम्बन्धमा ।

११. विभिन्न बाटो तथा आयमुलक स्थायी संरचना निर्माण गर्न वित्तीय साझेदारी निकायहरुसँग सम्झौता सम्बन्धमा ।

१२. गाउँपालिकाको पदाधिकारी बैठक तथा गाउँपालिकाबाट संचालन हुने तालिम, गोष्ठी तथा सेमिनारको खर्च सम्बन्धमा ।

१३. गाउँसभाको तयारी, बजेट, नीति तथा कार्यक्रम तयारी गर्दा खटिए बापत प्रोत्साहन पारिश्रमिक सम्बन्धमा ।

१४. गाउँ सभाले योजना  बैंकको रुपमा अनुसूचीमा समावेश गरेको योजनालाई साझेदारी निकायहरुसँग साझेदारी गरी प्राथमिकताका आधारमा सम्बोधन गर्ने सम्बन्धमा ।

१५. गाउँपालिका भित्रका विभिन्न ठाउँहरुमा निजी साझेदारीको माध्यमबाट सार्वजनिक सौचालय निर्माण सम्बन्धमा ।

१६. गाउँपालिकाको स्थानीय दररेट निर्धारण गरी लागु गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा ।

१७. गाउँपालिका समुन्नत विकासका लागि देश विदेशका स्थानीय तहसँग भगिनी सम्बन्ध कायम गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा ।

१८. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण र अभिलेख सम्बन्धमा ।

१९. विस्तृत योजना प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।

२०. गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गर्ने सम्बन्धमा ।

२१. दुई वा दुई भन्दा बढी स्थानीय तहलाई जोड्ने योजना सञ्चालन गर्न गाउँ कार्यपालिकालाई अधिकार दिने सम्बन्धमा ।

२२. वडा समिति र चालु आ.व. को आम्दानी र खर्च अनुमोदन सम्बन्धमा ।

२३. कार्यपालिकाबाट विभिन्न मितिमा संसोधन भएका योजनाहरुलाई अनुमोदन गर्ने सम्बन्धमा।

२४. गाउँपालिकामा कार्यरत कर्मचारीहरुको आ.व.२०८०।०८१ को तलबमान प्रतिवेदन सम्बन्धमा।

२५. आ.व.२०८०।०८१ मा सञ्चालन हुने वार्षिक कार्यक्रम तथा बजेटको कार्यतालिका सस्वीकृत सम्बन्धमा।

२६. दैनिक उपभोग्य मसलन्दका सामानहरु र जिन्सी खप्ने सामानहरु मिन्हा/लिलाम बिक्री सम्बन्धमा।

२७. गाउँपालिकालाई बुझाउन बाँकी कर, पेश्की, बेरुजु, ऋण तथा अन्य विविध बक्यौता सम्बन्धमा।

२८. विभिन्न समिति, उपसमिति तथा विषयगत समिति गठन सम्बन्धमा।

२९. गाउँपालिकामा आइपर्ने विपत्ती तथा अत्यावश्यक हुने योजनाहरु संचालन सम्बन्धमा।

३०. योजना बैंक सम्बन्धमा।

३१. वेरुजुको समपरीक्षण तथा नियमित र अभिलेखिकरण सम्बन्धमा र गत विगत देखि हाल सम्मको वेरुजु संपरीक्षण गर्ने सम्बन्धमा।

३२. गाउँपालिका गठन हुनु पूर्व बनेको भवन तथा संरचनाको नक्सा नियमित र अभिलेखिकरण गर्ने सम्बन्धमा।

३३. स्थायी, अस्थायी तथा करारमा कार्यरत कर्मचारीहरुको तलब भत्ताको खर्च रकम समर्थन गर्ने सम्बन्धमा।
३४. सार्वजनिक, ऐलानी र पर्ति जग्गाको लगत संकलन सम्बन्धमा।
३५. योजनाहरुको कार्यान्वयन सम्बन्धमा।
३६. म्याद थप गर्ने सम्बन्धमा।
३७. फापरचुलीमा निर्माणाधिन भ्यूटावर सम्बन्धमा।
३८. गाउँपालिका भित्र रहेको सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन र दरवन्दी मिलान सम्बन्धमा।
३९. गाउँपालिका वातावरणमैत्री, अपाङ्गमैत्री सम्बन्धमा।
४०. न्यायिक समितिको आ व ०७९।०८० को प्रतिवेदन सम्बन्धमा।
४१. न्यायिक समितिले उजुरीको कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ संसोधन सम्बन्धमा र तपशिल अनुसारको निर्देशिका, कार्यविधि, विधेयक स्वीकृत गर्ने सम्बन्धमा।

**तपशिलः**

**श्रोतः गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल**

क) घ्याङलेख गाउँपालिकाको भूमि विधेयक, २०८०
ख) घ्याङलेख गाउँपालिकाको कृषि तथा पशुपंक्षी ऐन, २०८०
ग) घ्याङलेख गाउँपालिकाको वन ऐन, २०८०
घ) घ्याङलेख गाउँपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता ऐन, २०८०

**निर्देशिकाः**

१. सुरक्षित खानेपानीयुक्त समुदाय घोषणा निर्देशिका, २०८०
२. खानेपानी गुणस्तर अनुगमन निर्देशिका, २०८०
३. खानेपानी, सरसफाई तथा स्वच्छता (खासस्व) सूचना व्यवस्थापन प्रणाली निर्देशिका, २०८०

**कार्यविधि**

१. घ्याङलेख गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८०
२. घ्याङलेख गाउँपालिकाको कृषकहरुका लागि कृषि तथा पशुपंक्षीजन्य वस्तुको उत्पादन तथा विक्रीमा आधारित अनुदान वितरण सम्बन्धि कार्यविधि, २०८०

४२. उपभोक्ता समितिको १० प्रतिशत लागत सहभागिता सम्बन्धमा।
४३. बजेट कार्यानवयन गर्दा आइपर्ने समस्याहरुको बाधा अड्काउ, फुकाउ सम्बन्धमा।
४४. प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धमा।
४५. स्थानीय भत्ता सम्बन्धमा।

४६. कार्यलयको दरवन्दीमा कार्यरत स्थायी कर्मचारीहरुको साविक खाइपाइ आएको सुविधा सम्बन्धमा।
४७. विभिन्न समिति गठन सम्बन्धमा।
४८. चल अचल सम्पत्तीलाई PAMS मा पूर्ण कार्यान्वयन सम्बन्धमा।
४९. महशुल सम्बन्धमा।
५०. कार्यालय समय सम्बन्धमा।
५१. योगदानमा आधारित सामाजिक सुरक्षा कोष सम्बन्धमा।
५२. सवारी साधन दर्ता, नवीकरण, बीमा र जिम्मेवारी  सम्बन्धमा।
५३. दरबन्दी सिर्जना तथा कर्मचारी भर्ना सम्बन्धमा।
५४. सञ्चयकोष, नागरिक लगानीकोष, बीमा, योगदानमा आधारित पेन्सन सम्बन्धमा।
५५. योजना तथा कार्यक्रम वडा कार्यालयबाट सञ्चालन गर्ने सम्बन्धमा।
५६. आधारभूत ज्ञानमाला नामक स्थानीय पाठ्यक्रम कक्षा ६-८ अनुमोदन सम्बन्धमा
५७. गाउँपालिकाबाट अनुदान तर्फ तलब भत्ता भुक्तान गर्ने शिक्षक। कर्मचारी नियुक्ती सम्बन्धमा।
५८. पदाधिकारी अतिरिक्त सुविधा सम्बन्धमा।
५९. सेवा करार म्याद थप सम्बन्धमा ।
६०. शिक्षक तथा शिक्षिकाको गाउँपालिकाबाट अनुदानमा तलब भत्ता भुक्तान हुने बजेटको सम्बन्धमा।
६१. उत्कृष्ट कर्मचारी, प्रधानाध्यापक, शिक्षक, कृषक, व्यवसायीलाई सम्मानित गर्ने सम्बन्धमा।
६२. कर्मचारीको कार्यसम्पादन सम्बन्धमा।
६३. जनश्रमदान सम्बन्धमा ।
६४. विस्तृत योजना प्रतिवेदन (DPR) को भुक्तानी सम्बन्धमा।
६५. सडक बोर्ड, नेपालबाट प्राप्त योजनाको म्याद थप सम्बन्धमा।
६६. प्रशासनिक भवन सम्बन्धमा।
६७. फापरचुली भ्यू टावर लगाएत अन्य ठेक्काको म्याद थप सम्बन्धमा।
६८. वडा नं.५ को वडा कार्यालय भवनको भुक्तानी सम्बन्धमा।
६९. कार्यालय कामकाजको भाषा तथा साइनबोर्ड र लेटरप्याड सम्बन्धमा।
७०. गाउँसभा सञ्चालनमा सहयोग पुर्याउने सम्पुर्णमा धन्यवाद र निर्णयहरु सार्वजनिक सम्बन्धमा।

**निर्णय नं. १**

प्रस्ताव नं १ माथि छलफल गर्दा यस गाउँपालिकाको गाउँ सभाको १३ औ अधिवेश मिति २०८० बैशाख १३ गतेको पहिलो बैठकमा गत विगतको दिर्घकालिन सोच, लक्ष्य, उद्धेश्य, अपेक्षित उपलब्धि, नीति कार्यक्रमका प्राथमिकता आधारहरु समेतलाइ मुख्य आधारलिई लेखन तथा प्रस्तुत भएको तपसिल अनुसारको नीति तथा कार्यक्रम माथि बुँदागत रुपमा छलफल तथा संसोधन समेत गरी स्वीकृत गरियो ।

**घ्याङलेख गाउँपालिका**

**आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम**

**"स्वास्थ्य, शिक्षा, कृषि र दिगो पूर्वाधार ! घ्याङलेखको समृद्धिको आधार !!"**

घ्याङलेख गाउँपालिकाका उपाध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, गाउँ सभाका सदस्यज्यूहरु, घ्याङलेख गाउँपालिकाको गाउँ सभाको तेह्रौ अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।

घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँ सभाको बैठकमा प्रस्तुत गर्न पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यस गाउँपालिकाको विकास र समृद्धिको लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग र हौसला प्रदान गर्नुहुने घ्याङलेखबासी आदरणीय आमा बुवा दाजुभाई तथा दिदिबहिनीहरुप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस अवसरमा म नेपालको सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र स्वशासनको लागि नेपाली जनताले गर्दै आएका जनआन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सहिदहरुप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु ।

यस घ्याङलेख गाउँपालिकाको विकास र समृद्धिका लागि नेपालको संबिधान तथा संघीय, प्रदेश र स्थानीय कानुनद्वारा प्रदत्त हक अधिकारको प्रचलन गर्न तथा कानुनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौं । घ्याङलेख गाउँपालिकाका सम्पूर्ण नागरिकहरुको शिक्षा र स्वास्थ्यमा सहज पहूँच र पर्याप्तता तथा सामाजिक क्षेत्रको स्तर वृद्धिसँगै स्थानीय भाषा, संस्कृतिको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्नु हाम्रो पहिलो कर्तब्य हुन आएको छ । कृषि, वन पैदावार र प्राकृतिक सम्पदामा आधारित पर्यटन घ्याङलेखको सम्भावनाको पहिलो क्षेत्र हो । दिगो पूर्वाधार विकाससँगै वातावरण संरक्षण र विपद उत्थानसिल संरचना निर्माण हाम्रो लागि अर्को सुधार गर्नुपर्ने क्षेत्र देखिएको छ । यसका साथै सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सूचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । विद्युत र बाटोघाटोहरुको विस्तार र स्तरवृद्धिसँगै स्वच्छ, सफा, हरियालीयुक्त पर्यावरण संरक्षण गरी घ्याङलेख गाउँपालिकालाई बस्नयोग्य ठाउँ बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुने भएकाले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ । जनतासँग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा वृद्धि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उद्यमशीलता, सामाजिक बिकास, युवा तथा खेलकुद, भौतिक पूर्बाधार विकास, खानेपानी तथा सरसफाई, विपद ब्यवस्थापन, न्याय निरुपण, मानब अधिकार प्रबर्धन जस्ता बिषयगत क्षेत्रहरुका लागि बिशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

आगामी आर्थिक बर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयन गर्न आम गाउँपालिकाबासी तथा सबै पेशा, व्यवसायमा आबद्ध महानुभाबहरुको सहयोग, समन्वय र सहकार्य रहने कुरामा विश्वस्त रहेको छु ।

**आर्थिक बर्ष २०७९/०८० को नीतिको समीक्षा :**

१) घ्याङलेख गाउँपालिकाको प्रथम आवधिक योजना तर्जुमा भई कार्यान्वयनको दोस्रो वर्ष पुरा गरेको छ ।

२) गाउँपालिकाको खेलकुद क्षेत्रको विकासको निम्ती विभिन्न वडाहरुमा गरी जम्मा ५ ठाउँमा खेल मैदान निर्माण भएको छ ।

३) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयहरूमा कार्यरत शिक्षकहरुको क्षमता विकास गर्न तालिमहरु संचालन गर्नुका साथै समय समयमा विद्यालयहरुको अनुगमन कार्यलाई निरन्तरता दिदै आइरहेको छ ।

४) चालु आ.व मा सङ्घीय सरकारसँगको समन्वयमा २२८० जनालाई कोभिड -१९ बिरुद्धको खोप र ११६ जनालाई बि.सी.जी. खोप, ३६९ जनालाई डि.पि.टी खोप, २२५ जनालाई दादुरा रुबेला खोप लगायत खोपहरु प्रदान गरिएको छ ।

५) विभिन्न किसिमका विपद र सरुवा रोगका विरामीको स्वास्थ्य अवस्थाको निरन्तर निगरानी, परामर्श तथा उपचारको लागि स्वास्थ्य परीक्षण, एम्बुलेन्स संचालन, आइसोलेसन सेवा, कोभिड विशेष अस्पताल सेवा लगायतका सेवाहरु निःशुल्क उपलब्ध गराइएको छ ।

६) समूहमा आबद्ध महिलाहरुलाई सीपमूलक तालिम दिई आय आर्जनका क्रियाकलापमा सहभागी गराई आत्मनिर्भर गराउन लघुउद्यम विकास कार्यक्रम मार्फत चालु आ.व मा ९३ जनालाई उद्यमशिलता तालिम प्रदान गरिएको छ ।

७) घ्याङलेख गाउँपालिका क्षेत्र भित्रका मुख्य सडकहरुमा थप क्षती हुन नदिन तथा तत्काल मर्मत सम्भारका लागि आवश्यक उपकरण, निर्माण सामग्री र जनशक्ति परिचालन गरिएको छ।

८) चालु आर्थिक वर्षमा ९५ मिटर सडक ढलान, १ कि.मि. ढुंगा छाप्ने कार्य, ५३ कि.मी. मर्मत कार्य, १० कि.मि कच्चि सडक निर्माण कार्य सम्पन्न भएको छ।

९) चालु आ.वको चैत्र मसान्त सम्ममा ५५२० घनमीटर तारजाली लगाउने कार्य तथा तटबन्ध निर्माण गरिएको छ।

१०) चालु आ.वको चैत्र मसान्त सम्ममा ७६५घर परिवारमा विद्युत सेवाको पहूच पुगेको छ।

११) गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधिन रहेको छ भने आफ्नै वडा भवनबाट सेवा प्रवाह गर्ने उद्देश्यले वडा कार्यालय भवन निर्माण कार्यलाई निरन्तरता दिई चालु आर्थिक बर्षमा वडा नं. ५ को भवन निर्माण कार्य अन्तिम चरणमा रहेको र वडा नं. ४ को भवनको तला थप्ने कार्य भइरहेको छ।

१२) घ्याङलेख गाउँपालिकाको आफ्नै लोगो तथा नेपाली र तामाङ भाषाको पालिका गीत निर्माण गरी मातहतका सबै सरकारी कार्यालयहरुमा प्रयोगमा ल्याइएको छ।

१३) घ्याङलेख गाउँपालिकाको वडा नं. ३ र वडा नं. ५ मा मन्दिर निर्माण गर्नुका साथै वडा नं. २ र वडा नं. ३ मा गुम्बा र वडा नं. २ मा चर्च निर्माणको लागि पालिकाले आर्थिक सहयोग प्रदान गरेको छ।

१४) स्थानीय कानुनका रुपमा गाउँपालिकाले हालसम्म जारी गरेका ३१ वटा ऐन र १६० वटा नियम, कार्यविधि, निर्देशिका, मापदण्डमध्ये चालु आर्थिक बर्षमा १० वटा ऐन र ६८ वटा कार्यविधि निर्देशिका जारी गरिएको छ।

१५) सबै वडा कार्यालय, स्वास्थ्य संस्थाहरु र सामुदायिक बिद्यालयहरुमा सूचना अधिकारी तोकी सूचना प्रवाह भइरहेको छ।

१६) करदाताहरुबाट कर संकलन गर्न क्यू.आर कोड र राजस्व सफ्टवेयरको प्रयोग गरिएको छ। यस प्रणालीमा करिब १९६२ जना करदाताहरुको बिवरण सुरक्षित गरिएको छ। सम्पत्ती कर, व्यवसाय कर, बहाल कर जस्ता करहरु अनलाइन प्रणालीबाट संकलन गर्न सकिने ब्यवस्था मिलाइएको छ।

अब म घ्याङलेख गाउँपालिकाको आर्थिक बर्ष २०८०/८१ को नीति र कार्यक्रम यस गाउँ सभाको बैठकमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

घ्याङलेख गाउँपालिकाको दीर्घकालिन सोचलाई कार्यान्वयन गर्न देहायका रणनीतिहरु अबलम्बन गरिनेछन् ।

### (क) सामाजिक विकास क्षेत्र

#### स्वास्थ्य तथा पोषण

१. आधारभूत स्वास्थ्य सेवालाई गाउँपालिकाबासीको मौलिक हकको रुपमा स्थापित गर्न गाउँपालिकास्तरीय स्वास्थ्य नीति निर्माण गरिनेछ ।

२. नेपाल सरकारको आ.व. ०८७।०८८ सम्म सबै स्थानीय तहहरुलाई पोषणमैत्री स्थानीय शासन घोषणा गर्ने लक्ष्य अनुसार यस गाउँपालिकामा पनि आवश्यक कार्यक्रम तर्जुमा गरी अगाडी बढाइने छ ।

३. स्वास्थ्य सेवालाई थप सुदृढ र नागरिकमैत्री बनाउन गाउँपालिकामा एक जना एम.वि.वि.एस डाक्टरको व्यवस्था गरिनेछ ।

४. उत्कृष्ट सेवा प्रदान गर्ने स्वास्थ्य संस्थालाई स्रोत, साधन र सेवाको मूल्यांकनको आधारमा पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ ।

५. स्वास्थ्य स्वयंसेविकाको सेवा प्रवाह सहजीकरणका लागि प्रत्येक स्वयं सेविकालाई एकिकृत पोषण प्याकेज कार्यक्रम संचालन गरी हेल्थ किट उपलब्ध गराईनेछ ।

६. आर्थिक रुपमा विपन्न नागरिक तथा जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचारका लागि संचालित स्वास्थ्य विमा कार्यक्रमलाई थप विस्तार गरि स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

७. गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकी र सामुदायिक स्वास्थ्य इकाईको भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गर्दै औषधि लगायत स्वास्थ्य तथा सुरक्षा सामाग्रीहरुको पर्याप्त व्यवस्था गरी स्वास्थ्य सेवालाई सुदृढ गरी निशुल्क स्वास्थ्य जाँच तथा औषधि वितरणको व्यवस्था मिलाईने छ ।

**८. "स्वस्थ जीवन स्वच्छ आहार, हरेकबार खाना चार"** को अभियान मार्फत पोषण सचेतना अभिबृद्धि कार्यक्रमलाई सबै वडाहरुमा संचालन र विस्तार गरिनेछ ।

९. विद्यालय दिवा खाजाका जंग फुड निषेधित गरी स्थानीय कृषि उपजहरुको प्रयोगलाई अनिवार्य गरीने छ ।

१०. आयुर्वेद चिकित्साको लागि गाउँपालिका भित्र रहेको नागरिक आरोग्य केन्द्रलाई थप सुदृढिकरण गरिनेछ ।

११. सुनौलो हजार दिनको अवधारणा अनुरुप गर्भवती तथा सुत्केरी आमाहरुको पोषणको अवस्था सुधार ल्याउन नेपाल सरकारले विनियोजन गरेको बहुक्षेत्रीय पोषणका कार्यक्रमको आधारमा

गाउँपालिकाबाट समेत थप बजेट विनियोजन गरी कार्यक्रमलाई प्रभावकारी बनाई संचालन गरिनेछ । गर्भवति महिलालाई सुत्केरी प्रयोजनार्थ नजिकको स्वास्थ्य संस्थामा लैजान दिइदै आएको निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाईनेछ ।

१२. त्रैमासिक रुपमा एक पटक पालिका भित्र विभिन्न स्वास्थ्य संस्थाहरुसंगको सहकार्यमा विशेषज्ञ चिकित्सक सहितको एकिकृत घुम्ती शिविर संचालन गरिने व्यवस्था मिलाईनेछ ।

१३. गर्भवती महिला पहिचान गरि गर्भवती महिला भएका घरमा हरियो झण्डा र उनीहरुको पोषण व्यवस्थापनका लागि अण्डा वितरण कार्यक्रम प्रभावकारी तवरबाट सञ्चालन गरिनेछ ।

१४. आ.ब. ०८०।०८१ मा नेपाल सरकारको सहयोगमा यस गाँउपालिका भित्र १० शैयाको अस्पताल निर्माण कार्य प्रारम्भ गरिनेछ । साथै, अमले र वस्तीपुरमा रहेको स्वास्थ्य चौकि भवन निर्माण कार्य आगामी आर्थिक वर्षभित्र सुरु गरिनेछ ।

१५. वस्तीपुर र शान्तेश्वरी स्वास्थ्य चौकीमा ५ वेड सहितको २४ सै घण्टा उपचार सेवा प्रदान गर्ने गरी विशेष व्यवस्था मिलाइनेछ ।

१६. पालिका भित्र रहेको ल्यावलाई स्तरोन्नती सँगै जनशक्ति व्यवस्थापन गरी एक्सरे मेशिन संचालनमा ल्याइनेछ ।

१७. जटिल प्रकृतिका स्वास्थ्य समस्या भई बाहिर उपचारका लागि लैजानुपर्ने बिरामीको हकमा गाउँपालिकाले सम्बन्धित निकायहरुमा सहजीकरण गर्नेछ ।

**शिक्षा, भाषा, कला तथा साहित्य**

१८. स्थानीय भाषा, कला, र इतिहासलाई केन्द्र विन्दुमा राखी स्थानीय संस्कृति सम्बर्द्धनका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ ।

१९. गाउँपालिका भित्र साहित्यको उत्थानको लागि साहित्यकारहरुको पहिचान गरी प्रोत्साहन गरिनेछ । यसको लागि गाउँपालिकास्तरीय साहित्यिक गतिविधि संचालनमा ल्याइनेछ ।

२०. “घ्याङलेखको चिनारी स्थानीय पाठ्यक्रम” को आधारमा कक्षागत पाठ्यपुस्तक निर्माण गरी स्थानीय पाठ्यक्रम कार्यान्वयन गरिनेछ । कक्षा १-५ सम्म स्थानीय भाषामा पठनपाठन गराइनेछ ।

२१. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तरमा सुधार गर्ने नीतिलाई निरन्तरता दिंदै शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरिनेछ ।

२२. बाल विकास केन्द्रका सहजकर्ता, सहायक कर्मचारी र विद्यालय सहयोगीलाई नेपाल सरकारले तोकेको न्यूनतम मासिक पारिश्रमिक पुग्ने गरी आवश्यक थप रकम प्रदान गरिनेछ ।

२३. गरीब, जेहेन्दार, दलित, पिछडिएका वर्ग, अपाङ्ग आदिलाई छात्रवृत्ति प्रदान गरी अध्ययन पहुँच विस्तार गरिनेछ ।

२४. वैकल्पिक सिकाइ अवस्थाको सिर्जनाका लागि बालबालिका र विद्यालयमा सूचना र प्रविधिको पहुँच अभिवृद्धि गरिनेछ । पठनपाठनमा बढीभन्दा बढी प्रविधिको प्रयोग गरिनेछ ।

२५. दिवा खाजा कार्यक्रम, छात्राहरुलाई सेनेटरी प्याड, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाइ सामग्रीको प्रयोग जस्ता शैक्षिक समता विकास कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।

२६. विद्यार्थिको प्रतिभा विकासका लागि पालिकास्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

२७. गाउँपालिका भित्र **"एक घर एक स्नातक"** अभियान संचालन गरिनेछ ।

**२८. "घ्याङलेखको छहारी ! शिक्षित छोरी, बुहारी !!"** कार्यक्रमलाई निरन्तरता दिई स्नातक तह र स्नातकोत्तर तह अध्ययनरत पालिका भित्रका छोरी बुहारीलाई प्रोत्साहन गरिनेछ ।

२९. सामुदायिक विद्यालयहरुलाई भौतिक पूर्वाधार बढाउदै बैकल्पिक शिक्षाको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

३०. आधारभूत विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहित गरिनेछ ।

३१. सामुदायिक विद्यालयमा शिक्षक बिद्यार्थी अनुपात आधारमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।

३२. किशोर-किशोरी शिक्षा तथा जीवनोपयोगी सीप विकासको माध्यमले विद्यालय बाहिर रहेका बालबालिकालाई शिक्षाको मुलधारमा ल्याउन अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरिनेछ ।

३३. एकीकृत प्रारम्भिक बालविकास योजना तयारी तथा कार्यान्वयन गरिनेछ ।

३४. विद्यार्थी संख्या र भौगोलिक दुरी समेत अध्ययन गरी कम, विद्यार्थी, बढि आर्थिक बोझ भएका विद्यालयहरुलाई गाभ्ने (Merge) कार्यलाई निरन्तरता दिईने छ ।

३५. आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रमाणिकरणलाई स्तरीय बनाइने छ ।

३६. विद्यालय बाहिर रहेका कक्षा छाड्ने, कक्षा दोहोऱ्याउने दर घटाउन कार्यक्रम संचालन गरिनेछ ।

३७. पालिका भित्र नमूना विद्यालय सुधार कार्यविधि बनाई लागु गरिनेछ ।

३८. घ्याङलेख गाउँपालिका अर्न्तगतका सबै सकृय नागरिकहरुमा आधारभूत साक्षरता सुनिश्चित गर्दै जीवनपर्यन्त सिकाइको अवसर प्रदान गराउदै लगिने छ ।

३९. शिक्षक विद्यार्थी अनुपात मिलान गर्न तिनै तहको सरकारी अनुदान वितरण प्रणाली न्यायोचित गर्दै लगिनेछ ।

४०. आपतकालीन, संकटपुर्ण र महामारीजस्ता जोखिमपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्न विद्यालय स्तरीय विपद प्रतिकार्य योजना निर्माणमा संस्थागत विकास र सहकार्य गरिनेछ ।

४१. प्रधानाध्यापकको कार्यगत मनोवृत्तिलाई उच्च राख्न नियमित प्र.अ.वैठक तथा थप प्रोत्साहन प्रदान गरिनेछ ।

४१. अग्रेजी माध्यमबाट अध्ययन अध्यापन गराउने विद्यालयलाई थप अनुदान एव अन्य सहयोगका क्षेत्र पहिचान गरी सहजीकरण गरिनेछ ।

४२. यस गाँउपालिका क्षेत्र भित्रको कुनै एक विद्यालयलाई नमूना विद्यालयको रुपमा तोकि आवधिक योजना बनाई सोहि अनुसार स्तरोन्नती, सुधार तथा सहकार्यको माध्यमबाट प्रयास थालनी गरिनेछ ।

४३. शिक्षकहरुको क्षमता बढाई गुणस्तरमा सुधार गर्न बहुपक्षिय तालिमको व्यवस्था गरिनेछ ।

**साथै**

- विद्यालयहरुलाई स्तरीकरण गरी प्राप्त नतिजाको आधारमा अनुदान दिने पद्धतीको सुरुवात गरिनेछ ।
- सामुदायिक सिकाईकेन्द्रहरुको नविकरण तथा व्यवस्थापन गर्नुका साथै कार्यसम्पादन मूल्यांकन गरी सो को आधारमा थप प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- चालु आ.व.बाट प्राविधिक शिक्षा (कृषि) को पठनपाठन सुरु गरी विद्यार्थिहरुको प्राविधिक शिक्षा प्रतिको आकर्षण बढाउन थप कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।
- अतिरिक्त क्रियाकलाप मार्फत विद्यार्थिहरुमा सकारात्मक प्रतिशपर्धा गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- Green and Clean र Paper less office को अवधारणालाई मुर्त रुप दिईनेछ ।

**खानेपानी, सरसफाई र स्वच्छता**

४४. खानेपानीका श्रोत तथा संरचनालाई समय सापेक्ष सुधार र विस्तार गरिनेछ । ।

४५. दिगो विकासको लक्ष्य नं. ६ अन्तर्गत “एक घर एक धारा” को नीति अवलम्बन गरिनेछ ।

४६. गाउँपालिका भित्र सञ्चालन हुने खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका क्रियाकलाप र कार्यक्रमहरुमा दोहोरोपना हटाउनुका साथै प्रभावकारिता वृद्धि गर्नका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (WASH Plan) तयार गरी कार्यान्वयनमा ल्याइने छ ।

४७. सरसफाइको लागि मानिसहरुको बानी व्यवहारमा आमूल परिवर्तन (Total Behaviour Change) गर्न पालिका क्षेत्रभरि जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

४८. सार्वजनिक क्षेत्रको सरसफाइलाई सुधार तथा पहुँच विस्तार गर्न पालिकाका मुख्य चोक तथा सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालय निर्माण गरिदै लगिनेछ ।

४९. संस्थागत सरसफाइ (विद्यालय/बालविकास केन्द्र र मुख्य गरी स्वास्थ्य संस्थाहरुमा) खानेपानी, सरसफाइ र स्वच्छता (साबुन पानीले हात धुने र महिनावारी स्वच्छता) सुविधा सुनिश्चित गर्न आवश्यकता अनुसार निर्माण गर्ने, प्रयोगमा नआएका सुविधालाई मर्मत सम्भार गर्ने र नियमित सेवामा पहुँच सुनिश्चित गर्न सेवा प्रदायक संस्थाहरुलाई पुरस्कारको व्यवस्था गर्ने र समुदाय स्तरमा सरसफाई र स्वच्छता अभियान सञ्चालन गर्न सामाजिक नियमहरु बनाई अभियानको रुपमा लागु गरिनेछ ।

**सामाजिक सुरक्षा/समाबेशिकरण/गरिबी निवारण**

५०. लक्षित वर्ग (सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य व्यक्तिहरु) को घरदैलोमा गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

५१. सबैको व्यक्तिगत घटना दर्ता गरौं गराऔं व्यक्तिगत घटना दर्ता दशक सन् २०१५-२०२४ सफल पारौं भन्ने अभियान सफल बनाउनका लागि सबै वडामा घटना दर्ता शिविर संचालन गरिनेछ ।

५२. छुवाछुत, सामाजिक कुरीति, अन्धविश्वास र लैंगिक हिंसाका घटनाहरु न्यूनीकरणका लागि नीति निर्माण गरी टोल विकास संस्था, सामाजिक संघ संस्था मार्फत कार्यक्रम संचालन गरिनेछ ।

५३. लक्षित समूहलाई योजना प्रकृयामा अर्थपूर्ण सहभागी गराई क्षमता तथा आर्थिक विकास गर्दै सशक्तीकरणमा जोड दिइनेछ ।

५४. उत्पीडित र सीमान्तकृत वर्ग समुदायलाई विकासको मूलधारमा ल्याउन उपयुक्त कार्यक्रम तर्जुमा गरिनेछ ।

५५. दलित तथा विपन्न समुदायको प्रत्येक क्षेत्रमा समान तथा अनिवार्य सहभागिता वृद्धि गरिनेछ ।

५६. विपन्न घरविहीन गाउँपालिकाबासीको लागि गाउँ आवास कार्यक्रम संचालन गरिनेछ ।

५७. लैंगिक विभेदमा परेका र पारिएका वर्गको उत्थानको लागि भाषिक, आर्थिक, सामाजिक समुन्नतिका लागि विशेष प्राथमिकता दिईनेछ ।

५८ सबै वर्गहरुलाई समेट्ने गरि लैंगिक उत्तरदायी बजेट बनाईनेछ ।

५९. कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, हिंसा, छुवाछुत गर्ने व्यक्तिलाई तत्कालै कडा कारबाही गरिनेछ । साथै विद्यालय स्तरमा पनि यस सम्बन्धी जनचेतना अभियान सञ्चालन गरिनेछ ।

६०. बाल विवाह, सामाजिक कुरीति, तथा विभेदलाई न्युनीकरण गर्न विद्यालयस्तर र वडा स्तरबाट नै सचेतनामुलक कार्यक्रम गरिने छ ।

६१. उमेर पुगी विवाह गर्ने दम्पतीलाई प्रोत्साहनको कार्यक्रमका माध्यमबाट “विहेबारी बीस वर्ष पारी” अभियान संचालन गरिनेछ ।

६२. बाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यविधि तयार गरी लागु गरिने छ ।

६३. सबै वडामा बाल क्लब, बाल अधिकार समिति गठन तथा सबलीकरण गरी परिचालन गरीने छ ।

६४. जोखिममा रहेका, अभिभावक विहीन  वालबालिकाको संरक्षणका लागि सामाजिक सुरक्षा सहायता कार्यक्रम संचालन गर्ने कार्यको थालनी गरिनेछ ।

६५. जेष्ठ नागरिक परिचय पत्र बितरण  तथा सम्मान कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

६६. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन गरी महिला तथा युवाहरुलाई प्रारम्भिक र एडभान्स जस्ता सीपमूलक व्यवसायिक तालिम प्रदान गरी उद्यमी सिर्जना गरी स्वरोजार बन्न अभिप्रेरित गरिने छ । कृषि उत्पादन र उद्यम, लघु उद्यम विकासको लागि वैंक तथा वित्तीय संस्थाहरुबाट सहुलियत दरमा ऋण उपलब्ध गराउन पहल गरिनेछ ।

६७. सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई डिजिटाईजेशन गरी भत्ता वितरण प्रणालीलाई दुरुस्त गरिनेछ ।

६८. सामाजिक व्यवहार परिवर्तनका लागि सूचना तथा संचार अभियान संचालन गरिनेछ ।

**रोजगारी तथा मानव संशाधन विकास**

६९. गाउँपालिका क्षेत्र भित्र रहेका बेरोजगारहरुको सूची बनाई क्रमश उत्पादन मुलक उद्योगमुलक तथा सामाजिक निर्माण कार्यमा परिचालन गर्ने गरी कार्य गरिने छ ।

७०. गाउँपालिका क्षेत्र भित्र कम्तीमा ५०० जनालाई प्रत्यक्ष र २००० हजार जनालाई अप्रत्यक्ष रोजगारी सृजना हुनेगरी संघ, प्रदेश र आन्तरिक श्रोत परिचालन गरिने छ ।

७१. विदेशबाट फर्किएका सीपयुक्त नागरिकहरुको अनुभव, क्षमतालाई परिचालन हुने गरि स्थानीय स्तरमा तथ्यांक संकलन गरी सीप र अनुभवको सदुपयोगका कार्यक्रमहरु तर्जुमा र कार्यान्वयन गरिनेछ ।

७२. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुको साझेदारीमा विविध जनचेतनामुलक, विकास निर्माण, कृषि, पशुपालन जस्ता कार्यमा सहकार्य गरी स्थानीय बासीलाई संलग्न गराई  परिचालन गर्ने नीति लिईनेछ ।

७३. घ्याङलेख गाँउपालिका भित्र बैदेशिक रोजगारीको सिलसिलामा गई अलपत्र परेका नागरिकहरुको उद्दार गर्न सम्बन्धीत निकायहरुमा पहल गरिनुका साथै मृत्यु भएका गाँउपालिका भित्रका नागरिकहरुको शव घर ल्याउन विषेश अनुदानको व्यवस्था गरिनेछ ।

**खेलकुद**

७४. पालिका भित्रका सवै वडामा कम्तीमा एउटा आधारभूत खेल मैदानको विकास गरी फुटवल, भलिवल, क्रिकेट, ब्याडमिन्टन, कराते जस्ता खेलकुदलाई प्रोत्साहन गर्न गाउँस्तरीय खेलकुद समितिलाई परिचालन गरी खेलकुद प्रतियोगीताहरु संचालन गरिनेछ ।

७५. युवाहरुलाई खेलकुदमा आकर्षित गर्न अध्यक्ष कप र राष्ट्रपति रनिङ्ग शिल्ड जस्ता खेलकुद प्रतियोगिताहरुलाई निरन्तरता दिइनेछ ।

७६. राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरका खेलकुदमा भाग लिने पालिका क्षेत्र भित्रका उत्कृष्ट खेलाडी तथा जित हाँसिल गराउन सहयोग पुऱ्याउने प्रशिक्षकहरुलाई प्रोत्साहन गर्न पुरस्कार र सम्मानको व्यवस्था मिलाईने छ ।

७७. गाउँपालिका स्तरीय बहु उद्देश्यीय खेल मैदान निर्माणको लागि जग्गा व्यवस्थापन गर्ने प्रकृया अगाडी बढाइनेछ ।

७८. विद्यालय तथा समुदायबाट खेलाडी पहिचान, सम्मान तथा क्लब दर्ता कार्यलाई निरन्तरता दिई अन्तर वडा स्तरीय प्रतियोगिता सञ्चालन गरिनेछ । खेलकुद प्रतियोगिताका माध्यमबाट घ्याङलेखलाई राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा पहिचान गराउने प्रयास गरिनेछ ।

**सामाजिक परिचालन**

७९. लैंगिक तथा घरेलु हिंसा न्यूनिकरण गर्दै हिंसा रहित परिवार/समाज निर्माणका लागि मनोसामाजिक परामर्शकर्ताहरुको प्रभावकारी परिचालन गरिनेछ ।

८०. राष्ट्रिय अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा सहयोगी निकायहरुलाई गाउँपालिकाको प्राथमिकता प्राप्त क्षेत्रमा सामाजिक परिचालनको माध्यमबाट सामाजिक विकासमा संलग्न गराउने नीति अवलम्बन गरिनेछ ।

**न्यायिक नीति**

८१. मेलमिलाप कर्ता, जनप्रतिधिहरुका लागि क्षमता अभिवृद्धिको कार्यक्रम अगाडि बढाइनेछ ।

८२. विवाद निरुपण तथा मेलमिलापको लागि समुदाय स्तरमा कार्यक्रम बनाई लागु गरिने छ ।

८३. मेलमिलाप केन्द्रलाई व्यवस्थित गरिने छ ।

८४. कानूनी परामर्शदाताको व्यवस्था गरिनेछ ।

८५. न्यायिक समितिलाई सवल र सक्षम बनाउन सहयोग गरिनेछ ।

**महिला, बालबालिका तथा ज्येष्ठ नागरिक नीति**

८६. महिला र पुरुषको समान कामको लागि समान ज्यालाको व्यवस्था गरिनेछ ।

८७. महिलाहरुको नाममा व्यवसाय दर्ता गर्दा लाग्ने दस्तुरमा २५ प्रतिशत छुट गरिनेछ । महिला सामुहिक व्यवसाय दर्ता दस्तुर छुटको व्यवस्था गरिनेछ ।

८८. महिलाहरुको विकासको निम्ति आवश्यकता अनुसारका वृत्ति विकास, सीप विकास, क्षमता विकास लगायत रोजगार सिर्जना गर्ने क्षेत्रहरुमा विभिन्न कार्यक्रम आयोजना गरिनेछ ।

८९.जेष्ठ नागरिकहरुको स्वास्थ्य विमा मार्फत उपचार स्थानीयस्तरमा नै उपलब्ध हुने गरी व्यवस्था मिलाईनेछ ।

९०.जेष्ठ, अशक्त नागरिकहरुलाई गाउँपालिका भित्र भएका स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य उपचार गराउँदा ल्याव, एक्सरे पूर्ण निशुल्क हुने व्यवस्था मिलाईनेछ ।

९१. असहाय र टुहुरा बालबालिकालाई, अनिवार्य शिक्षाको लागि सवै खाले व्यवस्थापन गरिनेछ ।

९२. बाल विवाह, बाल दुर्व्यसनी र बालश्रम विरुद्ध जनचेतनामुलक कार्यक्रम सञ्चालन गरिनुका साथै बालबालिकाको हक, अधिकारका विषयमा विद्यालय स्तरमा श्रव्यदृश्य सामग्रीका माध्यमबाट जनचेतना अभिवृद्धि गरिनेछ ।

९३. हिंसामा परेका महिला, बालवालिका, अपाङगता भएका व्यक्ति, जेष्ठ नागरिकको लागि हेरचाह गृह (सेफ हाउस) निर्माण सम्पन्न गरि संचालनमा ल्याइनेछ ।

**(ख) आर्थिक विकास नीति**

**कृषि तथा पशुपालन :**

९४. बढदो वैदेशिक रोजगारीको परनिर्भरतालाई न्यूनीकरण गर्दै युवालाई कृषि उद्यममा आकर्षित गर्न **"युवाको पौरख-घ्याङलेखको गौरव"** नामक मागमा आधारित कृषि व्यवसायिक उद्यमशिलता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९५. सामुहिक सहकारी खेतिलाई प्रवर्द्धन गर्दै जमिन बाझो नराख्न अभिप्रेरित गरिनेछ ।

९६. कृषि कार्यको लागी जमिनलाई चक्लाबन्दि गरी एकिकृत कृषि फर्म स्थापना गरी निर्यात गरेमा निर्यात भएको रकमको निश्चित प्रतिशत रकम प्रोत्साहनको रुपमा दिने नीति लिईनेछ ।

९७. अकस्मात रुपमा आई पर्ने महामारी जन्य समस्याहरुलाई मध्य नजर गर्दै आकस्मीक बाली संरक्षण कार्यक्रम मार्फत व्यवसायिक किसानहरुलाई थप प्रोत्साहन गरिदै लगिने छ ।

९८. बालीको उत्पादन र उत्पादकत्व बढाउन माटोको प्राङ्गारिक पदार्थ, अम्लिय र क्षारिय अवस्थालाई परिक्षण गरि वडा स्तरिय माटो शिविर संचालन गरिने छ ।

९९. वडा वडामा अर्गानिक खेती गर्न कृषकलाई प्रोत्साहन गर्ने कार्यको थालनी गरिनेछ ।

१००. कृषि सहकारितालाई प्रोत्साहित गर्दै उत्पादकत्व वृद्धि गर्न सवैखाले सहयोग गरिनेछ ।

१०१. पशु नश्ल सुधार कार्यक्रम संचालन गरि आधुनिक उन्नत पशु उत्पादनमा जोड दिदै कृषकहरुलाई दुग्ध तथा मासुजन्य उत्पादन गर्न प्रोत्साहित गरिने छ ।

१०२. उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरुबाट व्यवसायिक किसानहरुलाई थप प्रोत्साहित गरिनेछ ।

१०३. कृषि उपजलाई बजारीकरण गरी किसानको उत्पादनको उचित मूल्य दिन कृषि संकलन केन्द्र स्थापना गरी कृषि बजारको विकास गर्ने कार्यको थालनी गरिने छ ।

१०४. कृषि उत्पादन बढाउने उद्धेश्यका साथ **"उत्कृष्ट किसान, हाम्रो शान"** नारालाई आत्मसात गर्दै उत्कृष्ट (जडिबुटी, तरकारी, फलफूल,पशुपालन) खेती गरी कृषि उत्पादन बृद्धिमा उल्लेखनीय योगदान पुर्‍याउने कृषकलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईने छ ।

१०५. कृषकहरुको मनोवल उच्च राख्न घ्याङलेख भरी उत्पादन भएका कृषी उत्पादनहरुको प्रदर्शनी गर्न कृषि उत्पादन मेला आयोजना गरी उत्कृष्ट कृषकलाई पुरस्कार दिने व्यवस्था मिलाईनेछ ।

१०६. कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न शिक्षा, अनुसन्धान र प्रसार पद्धतिलाई एकीकृत विकास गरिनेछ ।

१०७. कृषि उद्यमशीलताको विकास, खाद्य स्वच्छता तथा गुणस्तर अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरिनेछ ।

१०८. पशु तथा बाली बीमा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरि पशु तथा बालीहरुको बिमा गरि कृषकहरुलाई प्रोत्साहित गरिनेछ ।

१०९. आ.व.२०८०/०८१ देखि कृषकहरुलाई कृषक परिचय पत्र वितरण कार्यक्रम सुरुवात गरि अनुदानका कार्यक्रमहरुमा परिचय पत्रको आधारमा सहभागी गराइ कार्यक्रम संचालन गरिने छ ।

११०. परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण तर्फ अभिप्रेरीत गर्दै, आवश्यक यान्त्रीकिकरण प्रविधिको उचित व्यवस्थापन मिलाईने छ ।

१११. कृषकका उत्पादित वस्तुहरुको बजारीकरणको सुनिस्चीत गर्दै प्रत्येक वडामा वडा स्तरिय तरकारी  संकलन केन्द्र निर्माण गर्दै अन्यत्र निकासीको लागी ढुवानीमा अनुदान सहितको व्यवस्थापन कार्य गरिदै लगिने छ ।

११२. भुगोल, भौगोलिक, हावापानी पहिचानको आधारमा कृषि पकेट क्षेत्र र कृषक समुह, संजाल बनाईने छ ।

११३. कृषि उत्पादित बस्तुको उचित व्यवस्थापनको लागि भण्डारण केन्द्र र चिस्यान केन्द्रको अवधारणा ल्याईनेछ ।

११४. कृषकहरुलाई उचित समयमा नै मल तथा गुणस्तरीय विउ विजन उपलव्ध गराउन, गोदाम घर संचालन गर्न सहकारी मार्फत विशेष कार्ययोजना बनाई कार्य आरम्भ गरिनेछ ।

११५. उपभोग गरी बाँकी रहन गएको कृषी उपज विक्रि वितरण गर्ने प्रयोजनार्थ उचित मुल्य सहितको कृषी उपज खरिद विक्रिमा समन्वयीकरण गरिनेछ ।

११६. राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँग सहकार्य गरी कृषि तथा पशु क्षेत्रमा जीवन निर्वाहमुखी कार्यलाई निरुत्साहित गर्दै व्यवसायिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

११७. खेतियोग्य जमिनलाई बाँजो छोड्ने प्रवृत्तीलाई निरुत्साहित गर्न आवश्यक कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गरिनेछ ।

११८. भुगोल र हावापानीको आधारमा गाउँपालिका क्षेत्रका खेतियोग्य जमिनहरुको वर्गिकरण गरी पकेट क्षेत्रको रुपमा विकास गर्ने नीति लिइनेछ ।

११९. कृषी र पशुपालन लगायतको क्षेत्र विकास गरी उत्पादन र रोजगारीको अवसर वृद्धि गर्न नेपाल सरकार र प्रदेश सरकारको सहयोग र सहकार्यमा नवप्रर्वतन साझेदारी विकासका कार्यक्रमहरु संचालन गरिने छ ।

**सहकारी, गैहृसरकारी तथा वित्तीय क्षेत्र**

१२०. सहकारी संस्थाहरुलाई दर्ता, नियमन, प्रवर्द्धन र विकासमा सहयोग गरिनेछ ।

१२१. गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरु संग सहकार्य गरी उत्पादनमूलक कार्यक्रमको लागि लगानीमैत्री वातावरणको सिर्जना गरिनेछ ।

१२२. सहकारी तथा वित्तीय क्षेत्र संग भएको पूँजीलाई उद्यम विकास तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिनेछ ।

१२३. गाउँपालिका  क्षेत्रमा गठन हुने टोल विकास संस्था लगायतका सामुदायिक संघ संस्थाको कार्य प्रणालीलाई अझ प्रभावकारी वनाई गाउँपालिकाको समग्र विकास प्रकृयामा सहभागी गराईनेछ ।

१२४. सहकारी क्षेत्रलाई प्रवर्द्धन गर्दै गाउँपालिकाको आर्थिक एवं सामाजिक विकासमा अधिकतम परिचालन गरिनेछ ।

१२५. सहकारी संस्थाहरुको माध्यमबाट परम्परागत खेति र पशुपालन प्रणालीलाई विस्थापन गर्दै आधुनिक खेति प्रणालीबाट कृषि उत्पादन बढाउन  र उन्नत पशुपालन गरी कृषकहरुको जीवनस्तर उकास्ने कार्यक्रम संचालन गर्न सहयोग गरिनेछ ।

१२६. नियमित रुपमा सहकारी संघ संस्थाहरुको नियमन गरी प्रवर्दनका लागि सहयोग गरिने छ ।

१२७. कारोबारका आधारमा सहकारी संस्थाको वर्गिकरण गरी जोखिम विश्लेषण र एकीकरणलाई प्रोत्साहन गर्ने व्यवशाय करमा निश्चित अवधिका लागि छुट गर्ने नीति लिइने छ ।

१२८. सहकारी संघ संस्थाहरुको नियमन, प्रवर्दनमा संलग्न कर्मचारी, संचालन समिति, लेखा सुपरीवेक्षण समिति, सहकारीका कर्मचारीहरु र सदस्यहरुलाई तालिम, गोष्ठी र अनुभव आदान प्रदान लगायतका कार्यक्रम संचालन गरिनेछ ।

१२९. कृषी मल, विउँ/विजन वितरण, कृषी सिर्चाइ, कुलो बाध निर्माण, लिफ्ट सिचाई, कृषी सडक निर्माण, सोलार वाटर पम्प, शितभण्डार तथा संकलन केन्द्र  निर्माण, कृषी औचार उपकरणहरु, ढुवानी साधन लगायतको उत्पादन वृद्धि, भण्डारण, प्रशोधन तथा बस्तु बजारिकरणमा सहयोग पुऱ्याउन कार्यक्रम अगाडि बढाउन सहकारी संघ संस्थाहरु सँग सहकार्य गरिनेछ ।

१३०. स्थानीय स्तरमा उत्पादित कृषि उपजलाई राजधानी र प्रदेशमा मुख्य शहरहरु सहित देशका अन्य भाग तथा अन्तराष्ट्रियस्तरमा बजारिकरणका लागि सहकारी बजारको विकास गरिने छ ।

१३१. फलफूल, वहुवषीय नगदेवालीका लागि विरुवा सहितको नर्सरी प्रवर्द्धन, करेसावारी लगायत हरित उद्यमको विकास तथा प्रवर्द्धन गर्न सहकारी क्षेत्रको भुमिका अभिवृद्धि गर्न आवश्यक नीति, कार्यक्रम तथा बजेट व्यवस्था गरिनेछ ।

१३२. सहकारी संघ/संस्थाहरुको, भौतिक क्षमता, नवपवर्तन र प्रविधि प्रवर्द्धनमा सघाउ पुऱ्याउने डिजिटल उपकरण, सूचना व्यवस्थापन लगायत नवप्रविधि प्रवर्द्धनमा सघाउ पुऱ्याउने कार्यक्रमहरु ल्याइ कार्यान्वयन गर्ने गरिनेछ ।

१३३. वृक्षारोपण, हरित उद्यान स्थापना तथा जैविक फलफूल खेती प्रवर्द्धन, वायोग्यास, घरेलु सौर्यउर्जा, सुधारीएको चुलो, सुधारीएको पानीघट्ट लगायतका वन तथा वातावरण संरक्षण, जलवायु अनुकुलन तथा समुत्थानमा सहयोग पुऱ्याउने कार्यक्रमहरु तर्जुमा गरी सहकारी संघ संस्थाहरुसँगको सहकार्यमा कार्यान्वयन गरिनेछ ।

**पर्यटन**

१३४. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुको पहिचान गरी पर्यटन प्रवर्द्धन गर्ने कार्यको थालनी गरिनेछ ।

१३५. पर्यटनको सम्भावना बोकेका क्षेत्रहरुमा आवश्यक पूर्वाधार निर्माण कार्य लागत साझेदारीमा गर्ने व्यवस्था मिलाईनेछ । साथै होम-स्टे (Home stay) सेवाको लागि वडा नं. २ अन्तर्गत सातदोबाटोमा सम्भाव्यता अध्ययन गर्ने कार्य अनुदान साझेदारीमा अगाडी बढाईनेछ ।

१३६. लाखाङ गुम्बा, सातदोबाटो र फापरचुलीमा पर्यटन गतिविधि आकर्षित गर्ने कार्य प्रारम्भ गरिनेछ । पर्यटन संगै मनोरम चिया बगान स्थापनार्थ सम्भावना बोकेको क्षेत्रको पहिचान गरी अन्य निकायहरुको सहयोगमा शुरुवात गर्ने प्रयास गरिनेछ ।

१३७. आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने कार्यका लागि आवश्यक सूचना, पम्प्लेट, होर्डिङ बोर्ड निर्माण गरिनेछ । साथै सामाजिक सञ्जाल  मार्फत व्यापक प्रचार प्रसार गरिनेछ ।

साथै

- आन्तरिक पर्यटन प्रवर्द्धनमा समेत टेवा पुगोस भन्ने उद्देश्यले गाउँपालिकाको वडा नं. २, ३ र ४ को माथिल्लो भेग (लेक साईड)मा व्यवसायिक रुपमा एक हजार वटा घोडा पालन व्यवसाय संचालन गरिनेछ ।

**उद्योग तथा बाणिज्य**

१३८. हरेक  वडामा सिस्नु पाउडर उत्पादन तथा प्रशोधन गर्ने, वेत वाँसका सामाग्री उत्पादन गर्ने लगायतका स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गरिने कार्य प्रारम्भ गरिनेछ साथै यस्ता प्रकारका उत्पादीत सामाग्री गाँउपालिका आफैले खरिद गरी अन्यत्र विक्रि गर्ने कार्य प्रारम्भ गरिनेछ ।

१३९. घ्याङलेखमा भएका विविध प्रकारका उत्पादन, फलफुल, सामाग्रीहरु बेचविखन गर्ने प्रयोजनार्थ सिन्धुलीको सदरमुकाममा एउटा **"घ्याङलेख कोशेली घर"** भाडामा लिई संचालनको प्रवन्ध मिलाईनेछ ।

१४०. उद्योग सम्बन्धी प्रशिक्षण तालिम प्राप्त व्यक्तिहरुको सूची तयार गरी अव उपरान्त हुने तालिममा सहभागी हुनेहरुलाई तालिम पश्चत उत्पादन गर्नै पर्ने शर्त राखी तालिममा सहभागी गराइनेछ ।

१४१. उपभोक्ता हित संरक्षणको लागि विद्यालय स्तरमा सचेतना कार्यक्रम संचालन गरिनेछ । साथै बजार अनुगमन कार्यलाई प्राथमिकता साथ कार्यान्वयनमा लगिनेछ ।

१४२. व्यापार व्यवसाय दर्ता गर्ने, कर तिर्ने, जनताको कर जनताकै लागि हो भन्ने भावनालाई अभियानको रुपमा संचालन गरिनेछ ।

१४३. करको दायरामा आउन नसकेका व्यवसायीहरुलाई आधार वर्ष निर्धारण गरी करको दायरामा ल्याइनेछ ।

१४४. करदातालाई सहजरुपमा कर भुक्तानी गर्न प्रविधि मैत्री कर प्राणालीको अवलम्बन गरिनेछ ।

१४५. घरजग्गा बहाल कर लिदा क्षेत्र निर्धारण र प्रयोजन हेरि करको दरमा हेरफेर गरिनेछ ।

**(ग) वन, वातावरण तथा विपद् ब्यवस्थापन सम्बन्धि नीति**

**वन वातावरण तथा जलवायु परिवर्तन**

१४६. **"सफा, सुन्दर, हरियालीयुक्त घ्याङलेख"** को अवधारणा अनुरुप यस क्षेत्रमा रहेका मुख्य मार्ग र अन्य सडकको दायाँ वायाँ बृक्षारोपण गरी हरित सडकको रुपमा विकास गरिने छ ।

१४७. जलवायु परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय, गैह्र सरकारी संस्था तथा विकास साझेदारसंग समन्वय र सहकार्य गरी स्थानीय जलवायु परिवर्तन अनुकुलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४८. बालमैत्री, अपांगमैत्री, वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिइनेछ, हरित पालिकाको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रवर्द्धनमा जोड दिईनेछ ।

१४९. अन्य सरकारी तथा गैह्र सरकारी संघ संस्थासंग सहयोग तथा समन्वय गरी वन, वाताबरण, भू-संरक्षण तथा जलवायू परिवर्तन सम्वन्धमा जनचेतनामूलक तथा संरक्षणमुखी विविध कार्यक्रम संचालन गरिनेछ ।

**विपद व्यवस्थापन**

१५०. विपदपूर्व तयारी कार्यको लाीग प्रतिकार्य योजनाको पूर्ण कार्यान्वयन गरिनेछ ।

१५१. विपदबाट हुने धनजनको क्षतिलाई उचित राहतको व्यवस्था तत्कालै मिलाईनेछ ।

१५२. गाउँपालिकामा विपद सम्बन्धी सामग्री खरिद गरी स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रको स्थापना गरिनेछ ।

१५३. स्थानीय विपद व्यवस्थापन, जिल्ला विपद व्यवस्थापन, प्रदेश विपद व्यवस्थापन, संघीय विपद व्यवस्थापन र राष्ट्रिय विपद जोखिम न्यूनिकरण प्रधिकरणसँग समन्वय गरी विपदलाई न्यूनिकरण गर्न प्राथमिकता दिईनेछ ।

**फोहोरमैला ब्यवस्थापन**

१५४. गाउँपालिकाको फोहरमैला व्यवस्थापनमा निजी क्षेत्रलाई समेत सहभागी गराई फोहरमैला व्यवस्थापन गरिनेछ ।

१५५. फोहरमैलालाई स्रोतमै न्यूनिकरण गर्न घर घरमा कुहिने र नकुहिने फोहरलाई छुट्टयाई फोहरमैलाको व्यवस्थापन गरिनेछ ।

१५६. फोहोरलाई उचित स्थान ीबलम ाष्भमि क्ष्मभ) पहिचान गरी व्यवस्थापन गर्ने कार्यको शुरुवात गरिनेछ ।

**(घ) पूर्वाधार विकास नीति**

**सडक**

१५७. सोलाभञ्ज्याङ चौकीटार बेलबोट हुँदै रामपुर सम्म जाने सडकलाई बाह्रै महिना संचालन गर्नको लागि प्रदेश सरकारको सहकार्यमा स्तर उन्नति गरिनेछ ।

१५८. सिम्लेपुल देखि हायूटारसम्म कालोपत्रे सडक निर्माण गर्ने कार्यलाई विशेष प्राथमिकतामा राखिनेछ । यसरी घ्याङलेखलाई वि.पि राजमार्गसंग जोड्दा यस क्षेत्रको उत्पादन, व्यवसाय तथा जनताको जिवनस्तरमा ठुलो परिवर्तन आउने अपेक्षा लिइएको छ ।

१५९. रामपुर रामभेँडे हुँदै वि.पि राजमार्ग जोड्ने सडकलाई वाह्रै महिना संचालन हुने गरी स्तरउन्नति गरिनेछ साथै संघ र प्रदेश सरकारको सहयोगमा कालोपत्रे गर्न सहकार्य गरिनेछ । साथै रामपुरबाट मरिण जोडने मार्गको स्तरोन्नती गर्न विशेष पहल गरिनेछ ।

१६०. यस गाउँपालिकाले निर्माण गरेको यातायात गुरुयोजना र नेपाल सरकारको नीति अनुसार साँघुरो सडकलाई विस्तार तथा स्तरउन्नति गर्ने कार्यलाई निरन्तरता प्रदान गरिनेछ ।

१६१. भौतिक पूर्वाधार खडा गर्दा बालबालिका, महिला, अपाङ्ग र वातावरणमैत्रि संरचना निर्माणमा जोड दिइनेछ ।

१६२. हरेक वडामा कम्तिमा २५ जनाको दरले दक्ष डकर्मी तालिम दिने तथा दक्ष डकर्मीहरुको वडास्तरीय सूचि बनाई तालिम प्राप्त डकर्मीबाट सार्वजनिक निर्माण .गराउने कार्यको थालनी गरिनेछ ।

१६३. उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरि वडास्तरमा नै सम्झौता गराउने, ५ लाख भन्दा मुनिका योजनाहरु वडास्तर बाटै अनुगमन मुल्याङकन तथा भुक्तानीका लागि सिफारिस गर्ने कार्यलाई निरन्तरता दिइनेछ । उपभोक्ता समिति मार्फत हुने सबै कार्य जेष्ठ मसान्त भित्रै सम्पन्न गर्नु पर्ने नीतिगत व्यवस्था मिलाईनेछ ।

१६४. भौतिक पुर्वाधारका निर्माण कार्यलाई कागजात बिहिन (यलष्लिभ) पद्धतिबाट संचालन हुने व्यवस्था मिलाइनेछ ।

१६५. भौतिक पुर्वाधारहरुको गुणस्तरिय परिक्षणको लागि हरेक योजनाको कम्तिमा २ पटक भौतिक रुपमा अनुगमन तथा प्रयोगशाला परिक्षणको लागि आवश्यक औजार उपकरणको प्रबन्ध मिलाईनेछ ।

१६६. गाँउपालिकाको प्राथमिकतामा परेका सार्वजनिक निर्माणका कार्यहरुको डि.पी.आर. गर्ने कार्यलाई निरन्तरता दिई सो अनुरुप प्रदेश सरकार र संघीय सरकारको सहयोगमा सार्वजनिक निर्माण कार्यमा सहकार्य गरिनेछ ।

१६७. नयाँ सडकहरुको चौडाई कम्तीमा ६ मिटरभन्दा कम नहुने गरी कायम गरिने छ ।

१६८. गाउँपालिका मुख्य बजारक्षेत्र तथा आवश्यक स्थानहरुमा प्रतिक्षालय निर्माण गरिनेछ ।

१६९. स्थानीय संस्कृतिलाई प्रवर्द्धन गर्ने उद्देश्यले वडा नं. ३ अन्तर्गत सोलाभञ्ज्याङमा ढ्यांग्रो पार्क निर्माण गरिनेछ ।

१७०. गाउँपालिकाका पूर्वाधारहरुमा स्रोत परिचालन गर्न गाउँ विकास कोषमा गाउँपालिकाको शेयर स्वामित्व रहने गरी आवश्यक प्रवन्ध मिलाइने छ ।

**सिंचाई**

१७१. घ्याङलेख गाउँपालिका भित्र निर्माण भएका सिंचाई आयोजनाहरुलाई मर्मत गरि संचालनमा ल्याईनेछ । साथै मागमा आधारित सिंचाई कार्यक्रमलाई विशेष प्राथमिकता दिइनेछ ।

१७२. गाउँपालिका क्षेत्रभित्र रहेका पानीका मुहानहरुको उचित संरक्षण र प्रवर्द्धन गर्नुका साथै सिंचाई र खानेपानीको लागि सम्भाव्यता अध्ययन गरी लिफ्ट प्रणाली प्रयोगको सुरुवात गरिनेछ ।

१७३. गाउँपालिका भित्रका मुख्य कृषि योग्य जमिनहरुमा सम्भाव्यताका आधारमा साना सिंचाई, कुलो, थोपा सिंचाई, सिंचाइ पोखरी, प्लाष्टिक पोखरी आदिको निर्माण तथा मर्मत गरी सिंचाई सुविधा प्रवाह गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।

१७४. वृहत सिंचाई योजनाका लागि सम्भाव्यता अध्ययन, डि.पि.आर. तयारी र निर्माणका लागि संघ र प्रदेश सरकारसँग समन्वय गरिनेछ ।

**भवन तथा सहरी विकास**

१७५. राष्ट्रिय भवन आचरसंहिता तथा भवन निर्माण सम्बन्धी मार्गदर्शन बमोजिम गाउँपालिका भित्र भवन निर्माणको लागि नक्सा पास अनिवार्य गरिनेछ । साथै नक्सापासको लागि निशुल्क परामर्शसेवा उपलब्ध गराइनेछ ।

१७६. गाउँपालिका भित्रको घरहरुको अभिलेखिकरण कार्यलाई निरन्तरता दिइनेछ ।

१७७. गाउँपालिका भित्र निर्माण गरिने सबै प्रकारका पक्की भवनहरुलाई अनुगमन गरि सुरक्षित आवासमा जोड दिइनेछ ।

१७८. गाउँपालिका क्षेत्र भित्र छरिएर रहेका वस्ति घरहरुलाई एकिकृत बस्तीका रुपमा स्थानान्तरण कार्यको अध्ययन गरी आगामी वर्षहरुमा कार्यान्वयनमा ल्याइनेछ ।

१७९. गाउँपालिकाका हायुटार, रामपुर र चन्दनपुर बजारलाई व्यवस्थित नमुना शहरको रुपमा विकास गर्न प्रदेश र संघीय सरकारसँगको सहकार्यमा सम्भाव्यता अध्ययन गरिनेछ ।

**व्यवस्थित वस्ती विकास**

१८०. समुदायको अग्रसरतामा गरिने बस्ती विकासलाई प्रोत्साहित गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ ।

१८१. व्यवस्थित बस्ती विकासका लागि छुट्टै गुरु योजना बनाई लागू गरिनेछ ।

१८२. एकिकृत जग्गा विकास योजना तयार गर्न पहल गरी भूमिलाई आवास क्षेत्र, औधोगिक क्षेत्र, कृषि क्षेत्र, वन क्षेत्र, सिमसार क्षेत्रमा विभाजन गरी सोही अनुरुप भू-उपयोग गर्ने नीति लिईने छ ।

१८३. विभिन्न धार्मिक, सास्कृतिक तथा ऐतिहासिक महत्वका स्थान तथा सम्पदाहरुको मौलिक तथा प्राचिन नामहरुको खोजी गरी तिनको पुनर्स्थापना गर्ने, आधिकारिक नामाकरण हुन बाँकी टोल, बस्ती, सडक, मार्ग, चोक, भवन, स्मारकहरुको नामाकरण गर्ने र अन्य निकायबाट नामाकरण गर्दा गाउँपालिकाको स्वीकृति लिनु पर्ने व्यवस्था मिलाईनेछ ।

**विद्युत तथा वैकल्पिक उर्जा :**

१८४. गाउँपालिका क्षेत्र भित्र रहेका मुख्य मुख्य वस्तिहरुमा सडक बत्ती जडान कार्यको थालनी गरिनेछ ।

१८५. गाउँपालिका भित्र विधुतीकरण हुन बाँकी रहेका क्षेत्रमा विद्युत पुऱ्याउनको लागि विशेष पहल गरिनेछ ।

१८६. गाउँपालिका क्षेत्रभित्र विद्युत पुगेको ठाउँमा विद्युतीय चुलो तथा परम्परागत चुलोको प्रयोग भइरहेको घरहरुमा सुधारिएको चुलो प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।

**(ङ) संस्थागत विकास, सेवा प्रवाह तथा वित्तीय सुशासन :**

**संस्थागत विकास र सेवा प्रवाह**

१८७. गाउँपालिकाले निर्माण गरेका कानूनहरुलाई समसामयिक परिमार्जन गरि सेवा प्रवाहमा चुस्तता ल्याइनेछ । साथै आवश्यक थप कानून निर्माण गर्नको लागि विशेष पहल गरिनेछ ।

१८८. गाउँपालिकालाई गाउँपालिकाको कार्य प्रकृति, कार्यबोध र औचित्यको आधारमा आवश्यक पर्ने जनशक्ती आँकलन गरी कार्य विवरण तथा कार्य विश्लेषणका आधारमा संगठन तथा व्यवस्थापन सर्वेक्षण गरि समयानुकुल बनाईनेछ ।

१८९. गाउँपालिका मातहत कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्नका लागि सामुहिक जीवन विमा, दुर्घटना विमा तथा स्वास्थ्य विमा गर्ने गरी व्यवस्था मिलाईनेछ ।

१९०. वडा कार्यालय, स्वास्थ्य चौकी र सार्वजनिक विद्यालयका शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी समेतको सहभागितामा अन्तरपालिका अवलोकन भ्रमणको व्यवस्था नमुनाको रुपमा कार्यतालिका बनाई सुरुवात गरिनेछ । यस्तो अवलोकन भ्रमणका क्रममा भ्रमणदलका सदस्यहरुले देखेका राम्रा र सकारात्मक पक्षहरु समेटिएको र तत्कालै गर्न सकिने सुधारका क्षेत्रहरुको पहिचान गरि त्यस्तो प्रतिवेदन गाँउपालिकामा बुझाउनु पर्ने अनिवार्य व्यवस्था गरिनेछ । यसरी प्राप्त सुझावहरुलाई क्रमश कार्यान्वयनमा लगिनेछ ।

१९१. गाउँपालिकाको स्वीकृत दरबन्दीमा कार्यरत कर्मचारीहरुको उच्च मनोबल राख्नको लागि पदिय जिम्मेवारी एव तह अनुसार सञ्चार खर्च, आवास सुविधाको व्यवस्था मिलाईनेछ ।

१९२. पदाधिकारी र कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागी तालिम आवश्यकता पहिचान ( Training Needs Assessment TNA) गरी आवश्यकता र औचित्यताको आधारमा व्यवस्था मिलाईनेछ ।

**आर्थिक सुशासन/वित्तीय सुशासन :**

१९३. गाउँपालिका क्षेत्रभित्र राजस्व अभिवृद्धि गर्ने कार्यका लागि विशेष कार्यदल बनाएर राजस्व प्रक्षेपण कार्यलाई सुधार गरिनेछ ।

१९४. जनप्रतिनिधि, कर्मचारी समेतलाई सार्वजनिक खरिदका कानूनी प्रक्रिया, व्यवहारिक विषय लगाएतका विषयमा सघन प्रशिक्षण कार्यक्रमको व्यवस्था मिलाइनेछ ।

१९५. गाउँपालिका भित्र महालेखा परिक्षकको कार्यालयले औंलाएका बेरुजुमा लगत कट्टा गर्ने तथा बेरुजु फछ्र्यौट गर्न विशेष कार्यदल बनाइनेछ । साथै आगामी आर्थिक वर्षमा बेरुजु न्यूनिकरण गर्न आवश्यक प्रशिक्षण कानूनी सुझाव तथा क्षमता अभिवृद्धि कार्य गरिनेछ ।

१९६. आन्तरिक नियन्त्रण प्रणाली तयार गरी अनावश्यक फजुल खर्च हटाउने, खर्चलाई नतिजा सँग आवद्धता गरिने तथा सार्वजनिकीकरण गरिने कार्यलाई विशेष प्राथमिकता दिइनेछ ।

१९७. गाउँपालिका भित्र संचालित विकास निर्माण तथा सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, मासिक समीक्षा गर्ने, भए गरेको कार्यहरुको वडास्तर र गाउँपालिका स्तरमा आवधिक रुपमा सार्वजनिक सुनुवाई गरिने व्यवस्था मिलाइनेछ ।

१९८. गाउँपालिका र अर्न्तगतका वडा र स्वास्थ्य संस्थाहरुले गरेका खर्चको विश्वसनीयता, औचित्यता र प्रभावकारीता समेतको परीक्षण गर्न तेस्रो पक्षबाट (स्वतन्त्र संस्था वा निकाय) सामाजिक परीक्षण को व्यवस्था मिलाईनेछ र त्यस्तो परीक्षण प्रतिवेदन सार्वजनिकीकरण गरिनेछ ।

**सूचना, प्रविधि तथा संचार :**

१९९. आगामी आर्थिक वर्षभित्र गाउँपालिकाभित्रका सबै वडा कार्यलयहरु, सार्वजनिक विद्यालयहरु, स्वास्थ्य चौकीहरु तथा अन्य सार्वजनिक कार्यालयहरुलाई सतप्रतिशत इन्टरनेट (optical fibre) युक्त प्रणालीमा आवद्ध गरिनेछ ।

२००. दुरसञ्चार शिक्षा, प्रविधिमैत्रि अनुगमन तथा अनलाईन मार्फत सेवा प्रवाह गरिने व्यवस्थाको सुरुवात गरिनेछ ।

२०१. गाउँपालिकाको आफ्नै सरभर स्थापना गरेर तथ्याङ्क एकिकृत रुपमा राख्ने कार्यको लागि अन्य निकाय सँग सहकार्य सहयोग स्थापना गरिनेछ ।

२०२. नेटवर्क प्रणालीको स्थापना गरी गाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुलाई अन्तर आबद्ध गरिनेछ ।

२०३. गाउँपालिकाका मुख्य सार्वजनिक स्थलहरुमा फ्रि वाईफाइ जोनको व्यवस्था गरिनेछ ।

२०४. गाउँपालिकाको सेवा प्रवाहलाई व्यवस्थित गर्न डिजिटल टोकन प्रणालीको व्यवस्था गरिनेछ ।

**अन्त्यमा,**

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा प्रत्यक्ष एवं परोक्ष रुपमा अमूल्य सुझाव सल्लाह दिनु हुने र सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, बागमती प्रदेश सरकार, संघीय एवं प्रदेश माननीय सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमा समितीका पदाधिकारीहरु, सबै गाउँसभा सदस्यज्यूहरु, राजनीतिक दलका स्थानिय प्रमुख एवं प्रतिनिधीज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, विषयगत शाखाका कर्मचारीहरु, उद्योगी व्यवसायी, बुद्धिजिवी, नागरिक समाज, संचारकर्मी लगायत सम्पूर्ण घ्याङलेख वासीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु। प्रस्तुत नीति तथा कार्यक्रम पारित गर्न सम्पूर्ण गाउँसभा सदस्यहरुसँग सहयोगको अपेक्षा गर्दछु।

**निर्णय नं. २**

प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. ०८०।०८१ को लागि दिइएको बजेट मार्गदर्शन बमोजिम वडागत, शाखाहरु र गाउँपालिक स्तरीय योजना, कार्यक्रम तथा बजेट माथि दफाबार छलफल भयो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिका अन्तर्गत रहेका स्वास्थ्य, बहुक्षेत्रीय पोषण, ,शिक्षा, युवा तथा खेलकुद, कृषि विकास, पशु सेवा, महिला बालबालिका तथा जेष्ठ नागरीक, गरिवी निवारणका लागि लघु उद्म विकास कार्यक्रम लगाएत चालु आ.व. ०७९।०८० को समीक्षा र आगामी आ.व. ०८०।०८१ को लागि पेश भएका कार्यक्रम तथा बजेट सम्वन्धमा दफावार छलफल गरी पेश भए अनुसार स्वीकृत गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ माथि छलफल गर्दा घ्याङलेख गाउँपालिकाको आगामी आ.व. ०८०।०८१ को लागि लागु गर्नु पर्ने कर, दस्तुर, सेवा शुल्क र राजश्वका सम्भावित अन्य श्रोत सम्वन्धमा सबै तह तप्काबाट आएका राय सुझाव र स्थानीय राजश्व परामर्श समितिले प्रस्ताव भएको कर, दस्तुर, सेवा शुल्क र राजस्वका अन्य श्रोत समेतलाई समेटेको आर्थिक विद्येक उपर दफाबार छलफल भई तपसिल अनुसारको आर्थिक विद्येक स्वीकृत गरियो ।

**घ्याङलेख गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विद्येयक**

**प्रस्तावनाः** घ्याङलेख गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्ने प्रयोजनको निमित्त स्थानीय कर, दस्तुर, शुल्क, जरिवाना समेत सङ्कलनको प्रशासनिक गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २३० बमोजिम घ्याङलेख गाउँपालिकाले यो विद्येयक बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विद्येयकको नाम **"आर्थिक विद्येयक, २०८०"** रहेको छ ।

(२) यो विधेयक गाउँ सभाले पास गरेपछि २०८० साल श्रावण १ गतेदेखि घ्याङलेख गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (१) बमोजिम घर र जग्गामा सम्पत्ति कर लगाइ असूल उपर गरिनेछ । घरको मूल्याङ्कन अनुसूची ३ अनुसार र जग्गाको मुल्याङ्कन अनुसूची-४ अनुसार गरिने छ ।

३. **भूमि कर :** गाउँपालिकाका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइ असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, वर्कसप, गोदाम, टहरा, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा लगाइ हुने आम्दानी र आम्दानी हुने गरी अन्य कुनै सम्पत्ति बहालमा दिएकोमा अनुसूची ३ बमोजिम बहाल कर लगाइ असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र दर्ता वा इजाजत प्राप्त गरी स्थापित उद्योग, व्यापार, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, संङ्घसंस्था वा निकायलाइ व्यवसायिक प्रकृति, सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइ असूल उपर गरिनेछ ।

६. **जडीबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची-५ बमोजिमको कर लगाइ असुल उपर गरिनेछ । तर, प्रचलित कानूनकोले निषेध गरिएको हकमा भने उल्लिखित व्यवस्था लागु हुने छैन ।

७. **सवारी साधन करः** प्रदेश सरकारले तोकेबमोजिम बाँडफाँटबाट घ्याङलेख गाउँपालिकालाइ प्राप्त हुने सवारी साधन करको आम्दानी बाँधिने छ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिमको दरमा विज्ञापन कर लगाइ असूल उपर गरिनेछ

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने र शुल्क लिइ सञ्चालन गरिने जुनसुकै प्रकारको मनोरञ्जन व्यवसायमा प्रदेश सरकारले तोकेको दरमा मनोरञ्जन कर लगाइ असुल उपर गरिने छ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चलन गरेका वा सार्वजनिक ऐलानी पर्ती जग्गा वा भवनमा हाट बजार वा पसल वा विशेष मेला पर्वमा अनुसूची-९ मा व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइ असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम सवारी पार्किङ शुल्क लगाइ असूल उपर गरिनेछ। साथै पार्किङ व्यवसाय सञ्चालन गर्ने व्यक्ति वा संस्थाले घ्याङलेख गाउँपालिकाबाट पूर्व अनुमती लएको हुनुपर्ने छ ।

१२. **ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूची-११ बमोजिमको शुल्क लगाइ असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूची-१२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए बमोजिम शुल्क लगाइ असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाई असुल उपर गरिनेछ ।

१५. **जरिवाना :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्र निषेध गरिएको व्यापार व्यवसाय गर्ने वा फोहोरमैला जताभावि फालेमा अनुसूची १५ बमोजिम जरिवाना गरने छ ।

१६. **घरजग्गा रजिष्ट्रेशन शुल्क :** घ्याङलेख गाउँपालिका क्षेत्रभित्रका घर जग्गा वा अनेय सम्पत्तिहरुको रजिष्ट्रेशन पारित गर्दा लाग्ने रजिष्ट्रेशन शुल्क प्रदेश सरकारले तोकेबमोजिम हुने छ ।

१७. **विभाज्य कोषसम्बन्धी व्यवस्था :** घ्याङलेख गाउँपालिकाले प्रचिलत कानून बमोजिम सङ्कलन गरी प्रदेश सरकारलाइ हस्तान्तरण गर्नुपर्ने प्रकृतिका राजस्वहरु यस कोषमा जम्मा गरी तोकिएबमोजिम बाँडफाँट गरिने छ ।

१८. **अन्य व्यवस्था :** (१) घ्याङलेख गाउँपालिकाको शाखा, वडा तथा अन्य कार्यालयहरुबाट सेवाप्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाइ सेवासँग आबद्ध गरी अनिवार्य असुलउपर गरी सेवा प्रवाह गर्नुपर्ने छ ।

२) वडा कार्यालयहरुबाट कर निर्धारण गरी असुल गर्दा वडाध्यक्ष वा निजले तोकेको वडा सदस्यको समन्वयमा गरिने छ ।

३) घ्याङलेख गाउँपालिका क्षेत्रभित्र भवन निर्माण गर्न नक्सा दस्तुर पेश गरी नक्सा पासबापत तोकिएको दस्तुर बुझाएकोमा कुनै कारणले नक्सा पास हुन नसकी सेवा प्राप्त नगरेको अवस्थामा दस्तुर बुझाएको मितिले एक वर्ष भित्र दस्तुर फिर्ता माग गर्न आएमा दस्तुर बुझाएको रकमको पन्ध्र प्रतिशत कट्टा गरी नक्सा दरखास्तवालालाइ बाँकी रकम घ्याङलेख गाउँपालिकाले फिर्ता गर्न सक्ने छ ।

१९. **यसै ऐन बमोजिम भएको मानिने :** यो ऐन जारी हुनु अघि भए/गरेका व्यवस्थाहरु यसै ऐनबमोजिम भए गरेको मानिने छ ।

२०. **कर छुटः** यस विधेयक गाउँ सभाले पास गरेपछि ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

२१. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो विधेयकमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## तपसिल

## अनुसूचि -१

## सम्पत्ति कर

### आर्थिक वर्ष ०८०/०८१ को लागि सम्पत्ति मुल्याङ्कनका लागि जग्गाको मूल्याङ्कन दर रेटको सूची

| क्र.स. | समुह | मूल्यांकन रु. |
|---|---|---|
| १ | अमले सिम्लेको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति कट्ठा | ८,००,०००।०० |
| २ | हायुटार, चन्दनपुर, कोल्टारको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति रोपनी | १५,००,०००।०० |
| ३ | चौकीटार, बेलबोट हुदै सिम्लेखोला सम्मको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु रोपनी | ८,००,०००।०० |
| ४ | रामपुर बजारको सडक देखि १०० मिटर आसपासमा पर्ने सम्पूर्ण जग्गाहरु प्रति रोपनी | २०,००,०००।०० |
| ५ | अमले क्षेत्रका सबै वडाका भित्री कच्ची सडकले छोएका जग्गाहरु प्रति कट्ठा | ३,००,०००।०० |
| ६ | अमले क्षेत्रका कच्ची बाटोले नछोएका सबै जग्गाहरु प्रति कट्ठा | १,००,०००।०० |
| ७ | अमले बाहेक सबै वडाका भित्री कच्ची सडकले छोएका जग्गाहरु प्रति रोपनी | ४,००,०००।०० |
| ८ | अमले क्षेत्र बाहेक अन्य क्षेत्रका कच्ची बाटोले नछोएका सबै जग्गाहरु प्रति रोपनी | १,५०,०००।०० |

### आर्थिक वर्ष ०८०/०८१ को लागि संरचना मूल्याङ्कन दर रेटको सूची

| क्र.स. | समुह | दर प्रति वर्ग फिट रु. |
|---|---|---|
| १ | सबै प्रकारका आर सि.सि. घर पक्का जोडाई छत ढलान | १५००।०० |
| २ | सबै प्रकारका पक्की, ईटा जोडाई सिमेन्टि वा टायल | ७५०।०० |
| ३ | माटोको जोडाई, सेन्टर बेराको घर, काठको घर, टिन टायल छाना | २००।०० |
| ४ | ढुङ्गा वा ईटाको पर्खाल, आदि | २००।०० |

### (सम्पत्ति करको लागि निर्धारण कर तालिका)

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| १ | ०१ | ४००००० | ५० |
| २ | ४००००१ | ५००००० | ७५ |
| ३ | ५००००१ | ६००००० | १०० |
| ४ | ६००००१ | ७००००० | १२५ |
| ५ | ७००००१ | ८००००० | १५० |
| ६ | ८००००१ | ९००००० | १७५ |
| ७ | ९००००१ | १०००००० | २०० |
| ८ | १००००००१ | १२००००० | २५० |

| क्र.स. | रु. देखि | रु सम्म | कर निर्धारण रु. |
|---|---|---|---|
| ९ | १२००००१ | १४००००० | ३०० |
| १० | १४००००१ | १६००००० | ३५० |
| ११ | १६००००१ | १८००००० | ४०० |
| १२ | १८००००१ | २०००००० | ५०० |
| १३ | २००००००१ | २५००००० | ८०० |
| १४ | २५००००१ | ३०००००० | ११०० |
| १५ | ३००००००१ | ३५००००० | १४०० |
| १६ | ३५००००१ | ४०००००० | १७०० |
| १७ | ४००००००१ | ४५००००० | २१०० |
| १८ | ४५००००१ | ५०००००० | २५०० |
| १९ | ५००००००१ | ५५००००० | ३००० |
| २० | ५५००००१ | ६०००००० | ३५०० |
| २१ | ६००००००१ | ६५००००० | ४००० |
| २२ | ६५००००१ | ७०००००० | ४५०० |
| २३ | ७००००००१ | ७५००००० | ५००० |
| २४ | ७५००००१ | ८०००००० | ५५०० |
| २५ | ८००००००१ | ८५००००० | ६५०० |
| २६ | ८५००००१ | ९०००००० | ७५०० |
| २७ | ९००००००१ | ९५००००० | ८००० |
| २८ | ९५००००१ | १०००००००० | ८५०० |
| २९ | १००००००१ | ११०००००० | ९५०० |
| ३० | ११००००००१ | १२०००००० | १०५०० |
| ३१ | १२००००००१ | १३०००००० | ११५०० |
| ३२ | १३००००००१ | १४०००००० | १२५०० |
| ३३ | १४००००००१ | १५०००००० | १३५०० |
| ३४ | १५००००००१ | १६०००००० | १४५०० |
| ३५ | १६००००००१ | १७०००००० | १५५०० |
| ३६ | १७००००००१ | १८०००००० | १६५०० |
| ३७ | १८००००००१ | १९०००००० | १८००० |
| ३८ | १९००००००१ | २०००००००० | १९००० |
| ३९ | २००००००१ | २०००००००० भन्दा माथि | २०००० प्रतिहजार रू. १ |

## अनुसुची - २
## भूमिकर (मालपोत)

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| पाखो (भीठ) तर्फ | | प्रति रोपनी | प्रति कठ्ठा |
| १ | अब्बल | २५ | १५ |
| २ | दोयम | २० | ११ |

| क्र.सं. | विवरण | दर रु. | |
|---|---|---|---|
| ३ | सिम | ११ | ७ |
| ४ | चाहार | ११ | ५ |
| **खेत्त (धनहर) तर्फ** | | **प्रति रोपनी** | **प्रति कठ्ठा** |
| १ | अब्बल | २७ | २० |
| २ | दोयम | २४ | १६ |
| ३ | सिम | १८ | ११ |
| ४ | चाहार | ११ | ७ |
| **माथिको दररेटमा वक्यौता बाँकीको एक वर्ष सम्म २० प्रतिशत र त्यसपछि क्रमशः प्रतिवर्ष ५ प्रतिशत (८० प्रतिशत भन्दा नबढ्ने गरी) थप लाग्ने छ।** | | | |

## अनुसुची - ३
## घर जग्गा बहाल कर

| क्र.सं. | विवरण | दर |
|---|---|---|
| १ | गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा आशिंक तवरले वहालमा दिएकोमा | वहाल रकमको १० प्रतिशत |
| २ | हल भाडा प्रति दिन वा प्रति कार्यक्रम (गाउँपालिका तथा वडा कार्यालय) | रू.१०००।०० |

## अनुसुची -४
## व्यवसाय कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **१** | **खाद्य किराना** | |
| १.१ | बजार क्षेत्रका थोक तथा खुद्रा दुवै बिक्रेताको लागि | २५००।०० |
| १.२ | साना किनारा तथा घुम्ती पसल | १२००।०० |
| **२** | **मासु बिक्रेता** | |
| २.१ | माछा वा मासु मध्ये कुनै एकमात्र वेचविखन गर्ने बिक्रेताको लागि | १०००।०० |
| २.२ | माछा वा मासु दुवै वेचविखन गर्ने बिक्रेताको लागि | १५००।०० |
| **३** | **सुनचादि तथा गरगहना** | |
| ३.१ | सुनचादि तथा गहनाहरुको खरिद बिक्री गर्ने (सोरुम सजावट भएकालाई) बिक्रेताको लागि | ३०००।०० |
| ३.२ | सुनचादि तथा गहनाहरुकोल खरिद बिक्री गर्ने (सोरुम सजावट नभएकालाई) बिक्रेताको लागि | २०००।०० |
| ३.३ | ज्याला मात्र लिई सुनचादि तथा गहनाहरुको सम्बन्धी काम गर्ने (ज्यासल) को लागि | १२००।०० |
| ३.४ | नक्कली सुन जस्तो देखिने गहना पसल | १२००।०० |
| **४** | **श्रृगारका, खेलौना तथा उपहार (गिफ्ट) सामानहरु** | |
| ४.१ | थोक सहित खुद्र बिक्रेताको लागि | २०००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ४.२ | खुद्रा बिक्रेताको लागि | १२००।०० |
| ४.३ | खेलना तथा गिफ्ट बिक्रेता | २००।०० |
| **५** | **निर्माण सामग्री, हाईवेयर (स्यानिटरी, सिसा, प्लाई, ग्रील, गीटि, ढुङ्गा, बालुवा, इटा ईत्यादि)** | |
| ५.१ | थोक बिक्रेताको लागि | ५०००।०० |
| ५.२ | खुद्रा बिक्रेताको लागि | २५००।०० |
| ५.३ | थप एक प्रति गोदाम | ३००।०० |
| **६** | **मेशिनरी तथा सवारी साधन र सो सम्बन्धी पार्टस** | |
| ६.१ | मेशिनरी तथा सवारी साधन दुवै सो सम्बन्धी पार्टस बिक्रेता तथा सर्भिसि सेन्टर | २५००।०० |
| ६.२ | लेथ मेशीन र सवारी साधन सर्भिस | १२००।०० |
| **७** | **पाठ्यपुस्तक तथा स्टेशनरी तथा खेलकुद सामाग्री** | |
| ७.१ | ठुलो स्टोर (थोक सहित खुद्र) | २५००।०० |
| ७.२ | सानो स्टोर (खुद्रा मात्र) | १२००।०० |
| **८** | **फार्मेसी, औषधि तथा आयुर्बेदिक पसल** | |
| ८.१ | थोक तथा खुद्रा बिक्री सहित क्लीनिक भएकाहरुको लागि | ३०००।०० |
| ८.२ | खुद्रा बिक्रि क्लीनिक नभएकाहरुको लागि (ग्रामिण आयूर्बेद समेत) | १२००।०० |
| ८.३ | चस्मा (अप्टीकल सेवा) मर्मत तथा बिक्रि गर्ने बिक्रेताहरुको लागि | १२००।०० |
| **९** | **कृषिजन्य औषधि, बिउ बिजन तथा मलखाद** | |
| ९.१ | कृषि तथा भेटनरी औषधी सहित मलखाद र बिउ बिजन समेत बिक्रेताको लागि | २५००।०० |
| ९.२ | कृषि तथा भेटनरी औषधी तथा बिउ बिजन बिक्रेताको लागि | १५००।०० |
| ९.३ | कृषि तथा भेटनरी औषधी तथा मलखाद बिक्रेताको लागि | १५००।०० |
| ९.४ | कृषि तथा भेटनरी औषधी मात्र बिक्रेताको लागि | १२००।०० |
| **१०** | **कपडा तथा फेन्सी सम्बन्धी** | |
| १०.१ | तयारी तथा थान कपडा विक्रेताहरुको लागि | २०००।०० |
| १०.२ | सिलाई सम्बन्ध सामाग्री (टांक, धागो लगाएत अन्य) सामान विक्रेताहरुको लागि | १२००।०० |
| **११** | **जुत्ता तथा चप्पल सम्बन्धी** | |
| ११.१ | जुत्ता चप्पल बिक्रेताहरुको लागि | २०००।०० |
| **१२** | **भाडा पसलहरु** | |
| १२.१ | तामा, पित्तल, स्टिल तथा अल्मुनियमका भाडा बिक्रेताको लागि | २०००।०० |
| १२.२ | प्लास्टिक जन्य भाडा बिक्रेताको लागि | १५००।०० |
| **१३** | **ईलेक्टीक एण्ड ईलेक्टोनिक्स बिक्रेताको लागि** | |
| १३.१ | ईलेक्टीक एण्ड ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताको लागि | २०००।०० |
| १३.२ | ईलेक्टोनिक्स सम्बन्धी सामान बिक्रेताहरुको लागि | १२००।०० |
| १३.३ | कम्प्युटर एवं पार्टस सम्बन्धी बिक्रेताको लागि | २०००।०० |
| १३.४ | घडि रेडियो तथा भिडियो सि.डि बिक्रेताको लागि | १२००।०० |
| १३.५ | मोबाईल एवं पार्टस बिक्रेताहरुको लागि (टि.भि., मोबाइल मर्मत समेत) | १२००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| **१४** | **फर्निचर सम्बन्धी** | |
| १४.१ | काठ, स्टिल, प्लास्टिक सामान सहित कार्पेट समेत बिक्री गर्ने बिक्रेताको लागि | ३०००।०० |
| **१५** | **मदिरा तथा सुर्तिजन्य सामान बिक्रेताको लागि** | |
| ५१.१ | मदिराको थोक बिक्रेताको लागि | ३०००।०० |
| १५.२ | मदिराको खुद्रा बिक्रेताको लागि | २०००।०० |
| **१६** | **तरकारी तथा फलफुल** | |
| १६.१ | तरकारीका थोक बिक्रेताका लागि | २५००।०० |
| १६.२ | तरकारीका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| १६.३ | फलफूलको थोक बिक्रेताका लागि | २५००।०० |
| १६.४ | फलफूलका खुद्रा बिक्रेताका लागि | १२००।०० |
| **१७** | **हस्तकलाका सामानहरु बिक्री गर्नेलाई** | |
| १७.१ | स्थानिय कच्चा पदार्थबाट उत्पादन गरि सामानहरु बिक्री गर्नेलाई | ५००।०० |
| १७.२ | सामान आयात गरि बिक्री गर्नेहरुलाई | १२००।०० |
| १७.३ | आर्टस तथा पेन्ट कार्य | १२००।०० |
| **१८** | **पेट्रोलिय पदार्थ ग्यास बिक्रेता** | |
| १८.१ | पेट्रोल वा डिजेल बिक्रेताको लागि | ३०००।०० |
| १८.२ | ग्यास डिलरहरुको लागि | २०००।०० |
| | **बिशेषज्ञ परामर्श तथा अन्य व्यवसायिक सेवा** | |
| **१९** | **चिकित्सक** | |
| १९.१ | व्यवसायिक रुपमा चिकित्सक सेवा प्रदान गर्नेहरुका लागि (दन्त सेवा समेत) | २५००।०० |
| १९.२ | व्यवसायिक रुपमा कबिराज सेवा प्रदान गर्नेहरुका लाीग | १५००।०० |
| **२०** | **इन्जिनियर** | |
| २०.१ | इन्जिनियर कन्सल्टेण्ट दर्ता गरि सेवा प्रदान गर्नेहरुका लागि | ३०००।०० |
| **२१** | **कानून व्यवसायी** | |
| २१.१ | ब. अधिबक्ता | २०००।०० |
| २१.२ | अधिबक्ताहरुलाई | १०००।०० |
| २१.३ | लेखापढी | ६००।०० |
| **२२** | **अनुसन्धान कर्ता तथा परामर्शदाता** | |
| २२.१ | बैदेशिक रोजगार परामर्शदाता | २०००।०० |
| २२.२ | बैदेशिक अध्ययन परामर्शदाता | २०००।०० |
| २२.३ | तालिम तथा अनुसन्धान केन्द्रहरु | २०००।०० |
| **२३** | **कम्प्युटर एनालिष्ट तथा प्रेगामर** | |
| २३.१ | कम्प्युटर एनालिष्ट तथा प्रेगामर | २०००।०० |
| २३.२ | बिमा कम्पनी | २०००।०० |
| **२४** | **पशु चिकित्सक** | |
| २४.१ | पशु चिकित्सक तथा सहायक (निजि व्यवसायि) | १२००।०० |

| क.स. | विवरण | दर रु. |
|---|---|---|
| **२५** | **निर्माण व्यवसाय :- गाउँपालिकामा प्रधान कार्यालय भएको निर्माण व्यवसायमा वा अन्यत्रबाट निर्माणको लागि गाउँपालिकामा आएको** | |
| २५.१ | क. बर्गको लागि | ५०००।०० |
| २५.२ | ख. वर्गको लागि | ४०००।०० |
| २५.३ | ग. वर्गको लागि | ३०००।०० |
| २५.४ | घ. वर्गको लागि | २००।०० |
| **२६** | **खाद्य तथा पेय सम्बन्धी** | |
| २६.१ | दुग्ध तथा दुग्धजन्य सामग्री उत्पादन गर्ने उद्योगहरु | १५००।०० |
| २६.२ | चामल, चिउरा, तेल तथा दाल मिल उद्योगहरु | २०००।०० |
| २६.३ | अन्यत्रबाट आएका धान काट्ने थेसर (प्रति सिजन) | १०००।०० |
| **२७** | **साना तथा घरलु उद्योगहरु** | |
| २७.१ | धुप, अबिर, मैनबत्ती, सावुन, टपरी, फाइवर व्याक, सुधारिएको चुलो, घरेलु उद्योग | १२००।०० |
| २७.२ | हस्तकला उद्योगहरु | १२००।०० |
| **२८** | **निर्माण सामाग्री उद्योगहरु** | |
| २८.१ | गिट्टी, बालुवा लगाएतका उद्योगहरु | ३०००।०० |
| २८.२ | ब्लक उत्पादन उद्योगहरु | २०००।०० |
| २८.३ | फलामे औजार उत्पादन गर्ने उद्योगहरु | २०००।०० |
| २८.४ | अन्य माथी उल्लेख नभएकोहरुका लागि | १२००।०० |
| **२९** | **व्यवसायिक कृषि फर्महरु** | |
| २९.१ | ग्रामिण कुखुरा पालन गर्नेहरुको लागि (५०० सम्म) | २००।०० |
| २९.२ | २००० सम्म कुखुरा पालन गर्नेहरुको लागि | ५००।०० |
| २९.३ | २००० भन्दा बढी कुखुरा पालन गर्नेहरुको लागि | १०००।०० |
| २९.४ | माछा पालन | २००।०० |
| २९.५ | बंगुर तथा रागो पालन गर्ने व्यबसायिकहरुलाई | ३००।०० |
| २९.६ | गाई, भैसी तथा बाख्रा पालन गर्ने व्यवसायिहरुलाई | ३००।०० |
| २९.७ | कृषि फर्म दर्ता गरि संचालन गर्नेहरुलाई | १०००।०० |
| **३०** | **व्यवसायिक नर्सरी** | |
| ३०.१ | व्यवसायीक नर्सरी गर्नेहरुलाई | ५००।०० |
| ३०.२ | फूल तथा बिरुवा सम्बन्धी | ५००।०० |
| **३१** | **पर्यटन उद्योग** | |
| ३१.१ | होटल सहित लज सेवा भएकाहरुको लागि | २०००।०० |
| **३२** | **खाना तथा खाजा होटलहरु** | |
| ३२.१ | मदीरा सहितका नास्ता होटलहरु | २०००।०० |
| ३२.२ | चिया, नास्ता तथा खाना होटलहरु | १५००।०० |
| ३२.३ | पार्टि प्यालेस तथा क्याटरीङ | २०००।०० |
| **३३** | **निजि संचार सेवा प्रदायक संस्थाहरु** | |
| ३३.१ | निजि क्षेत्रका ईन्टरनेट प्रदायक संस्थाहरु | २५००।०० |
| ३३.२ | एफ.एम. रेडियो | १५००।०० |
| ३३.३ | पत्र पत्रिका | १००।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ३३.४ | निजी टेलिफोन प्रदायक संस्थाहरु | २०००।०० |
| **३४** | **बित्तिय सेवा** | |
| ३४.१ | सहकारी संस्थाहरु | १२००।०० |
| ३४.२ | फाइनान्स कम्पनी प्रति शाखा कार्यालय | ५०००।०० |
| ३४.३ | लघुवित्त प्रति शाखा कार्यालय | ५०००।०० |
| **३५** | **निजि कम्पनी तथा गुठी क्षेत्रका शिक्षालयहरु** | |
| ३५.१ | आधारभुत तह | १५००।०० |
| ३५.२ | माध्यामिक तह | २०००।०० |
| ३५.३ | प्राबिधिक शिक्षालय | ३०००।०० |
| ३५.४ | टयुसन तथा कोचिङ सेन्टरहरु | २५००।०० |
| **३६** | **ब्युटि पार्लर तथा हजाम  सेवा** | |
| ३६.१ | श्रंगारको सामान सहित व्युटि पार्लर गर्नेहरुलाई | २०००।०० |
| ३६.२ | व्यूटि पार्लरमात्र गर्ने व्यवसायिहरुलाई | १२००।०० |
| ३६.३ | सैलुनहरुलाई | १२००।०० |
| **३७** | **फोटो स्टुडियो** | |
| ३७.१ | डिजिटल कलर ल्याब भएकाहरुलाई | १२००।०० |
| ३७.२ | फोटो, भिडियो मिक्सिङ गर्ने, सि.डि. तयार गर्ने | १२००।०० |
| **३८** | **सिलाई बुनाई तथा अन्य** | |
| ३८.१ | सिलाई बुनाई तथा कटाई समेत गनेहरुलाई | १२००।०० |
| ३८.२ | टेण्ट सेवा | १२००।०० |
| ३८.३ | केबल नेटवर्कि व्यवसाय | १२००।०० |
| ३८.४ | कवाडि सामान व्यवसाय (संकलन) | १२००।०० |
| ३८.५ | साउण्ड सिस्टम, ईलेक्टीक वा ईलोक्टोनिक्स सामान भाडामा दिने व्यवसायलाई | १२००।०० |
| ३८.६ | स-मिल समेतको फर्निचर उद्योग | २०००।०० |
| ३८.७ | चिरानी मात्र गर्ने | १२००।०० |
| **३९** | **निजी स्वास्थ्य सेवा** | |
| ३९.१ | गैह्र सरकारी अस्पताल (सम्पूर्ण सेवा प्रदान गर्ने) | ३०००।०० |
| ३९.२ | क्लिनिक तथा ल्याव | १०००।०० |
| ३९.३ | दन्त क्लिनिकि | १०००।०० |
| ३९.४ | अल्ट्रासाउन्ट एक्सरे | १५००।०० |
| ३९.५ | सादा एक्सरे | १०००।०० |
| **४०** | **शिक्षा सेवा** | |
| | **निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय** | |
| ४०.१ | आधारभूत स्तरका विद्यालय | १०००।०० |
| ४०.२ | माध्यामिक स्तरका विद्यालय | १५००।०० |
| ४०.३ | क्याम्पस स्तरका विद्यालय | २०००।०० |
| **४१** | **वर्क्ससप/ग्यारेजहरु** | |
| ४१.१ | साइकल वर्क्ससप | ५००।०० |
| ४१.२ | मोटरसाइकल वर्क्ससप | १०००।०० |

| क.स. | विवरण | दर रु. |
|---|---|---|
| ४१.३ | गाडीहरुको वर्क्ससप | २०००।०० |
| **४२** | **डेरी उद्योग** | |
| ४२.१ | डेरी उद्योग तथा विक्रि पसल | २०००।०० |
| ४२.२ | डेरी विक्रि पसल | १०००।०० |
| **४४** | **बैंक कर** | |
| ४४.१ | क वर्ग | १५०००।०० |
| ४४.२ | ख वर्ग | १२०००।०० |
| ४४.३ | ग वर्ग | ९०००।०० |
| ४४.४ | घ वर्ग | ८०००।०० |
| **४५** | कुटन पिसन मिल | २०००।०० |
| **४६** | हाते औजार वर्कसप | १५००।०० |
| **४७** | पानी घट्टा व्यवसाय सञ्चालन गर्नेका लागि | १०००।०० |

## अनुसुची - ५
## जडीवुटी, कवाडी र जीवजन्तु कर

| क.सं. | विवरण | दर रू |
|---|---|---|
| १. | कवाडी माल प्रति के.जि. | ०।५० |

## अनुसुची - ६
## विज्ञापन कर

| क.सं. | विवरण | दर रू. |
|---|---|---|
| १ | होर्डिङ बोर्ड सार्वजनिक स्थानहरुमा प्रतिबर्गफुट | २००।०० |
| २ | होर्डिङ बोर्ड ल्फेक्स बोर्ड निजि स्थानहरुमा प्रति बर्गफुट | ४०।०० |
| ३ | वाल पेन्टिङ गरी प्रचार प्रसारको दृष्टिकोणले घरको भित्ता, सटर वा पर्खालमा लेखिएकोमा वार्षिक प्रति वर्गफुट | ४००।०० |
| ४ | विद्युत, टेलिफोन पोलमा प्रति वर्गफुट | ५०।०० |
| ५ | कपडाको तुल र फ्रेम नगरिएको फ्लेक्स व्यानर प्रति थान प्रति हप्ता | २००।०० |
| ६ | व्यवसाय प्रवर्द्धनको लागि प्रति व्यवसायि प्रति पसल ५ वर्ग फुट सम्मको १ थान बोर्ड निशुल्क सो भन्दा बढि गा.पा.को स्वीकृतीमा प्रति एक थान माथिको दररेटमा | |

१) परिचय पार्टि बाहेक विज्ञापन सामग्री राख्न गाउँपालिकाले तोकेको स्थानमा मात्र राजश्व शाखाबाट स्वीकृती दिइने छ ।

२) यस अनुसूचि अन्तर्गत अन्य विज्ञापन सामग्रीको विज्ञापन कर सङ्कलन गर्नुपर्ने भएमा राजश्व परामर्श समितिको सिफारिसमा अध्यक्षबाट निर्णय गरी राजश्व सङ्कलन गर्न सकिने छ ।

## अनुसुची - ७
## बहाल विटौरी कर
## मुख्य हाट बजारमा लगाईने कर

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| १ | किराना पसल, व्लक, छाप्रो, प्रति छाप्रो | ४०।०० |
| २ | कपडा पसल प्रति पसल | ४०।०० |
| ३ | जुत्ता चप्पल प्रति पसल | ४०।०० |
| ४ | रेडिमेड कपडा प्रति पसल | ४०।०० |
| ५ | मसला तेल प्रति पसल | ४०।०० |
| ६ | चामल, चिउरा प्रति पसल | ४०।०० |
| ७ | तरकारी, ढकी तथा छिटि २ भन्दा माथि प्रति पसल | २५।०० |
| ८ | आलु प्याज प्रति पसल | ४०।०० |
| ९ | खुर्सानी अदुवा प्रति पसल | ३०।०० |
| १० | आलु, हलुवा (सखरखण्ड) तरुल, कोवि प्रति ट्याक्टर | २००।०० |
| ११ | सिलाई दोकान प्रति पसल | १०।०० |
| १२ | प्रति होटल | ४०।०० |
| १३ | कठघेरा भएको जुनसुकै प्रति पसल | ४०।०० |
| १४ | प्रचुन प्रति पसल | ३०।०० |
| १५ | वोका, खसि काटमार प्रति गोटा | २५।०० |
| १६ | कुखुरा किन्ने  र विक्रि गर्ने संग प्रति गोटा दुर्वे तफैवाट रु १० | १०।०० |
| १७ | परेवा जोडी विक्रि गर्ने र खरिद गर्ने दुवै तर्फवाट ५।५ | १०।०० |
| १८ | सुंगुर/वंगुर काटमार प्रति गोटा | २००।०० |
| १९ | ठुलो रांगा काटमार प्रति गोटा | १०००।०० |
| २० | साँनो रांगा काटमार प्रति गोटा | ७००।०० |
| २१ | माछा प्रति पसल | १००।०० |
| २२ | फलामको कृर्षिजन्य हतियार पसल | ४०।०० |
| २३ | छाप्रोमा माछा मासु नास्ता प्रति पसल | ४०।०० |
| २४ | चुरा प्रति पसल | ३०।०० |
| २५ | सिद्रा सुकेको माछा प्रति पसल | ५०।०० |
| २६ | डोको नाम्लो कुचो प्रति पसल | ४०।०० |
| २७ | चटपटे पसल राख्ने प्रति पसल | ३५।०० |
| २८ | माटोको भाडां प्रति पसल | २५।०० |
| २९ | हजाम भूइमा वस्ने प्रति पसल | १५।०० |
| ३० | होटल प्रति पसल | ४०।०० |
| ३१ | मिठा प्रति पसल | ४०।०० |
| ३२ | घुंगी प्रति पसल | २०।०० |
| ३३ | जादु खेल खेलाउने | ५०।०० |
| ३४ | जुत्ता चप्पल सिलाउने प्रति पसल | २०।०० |
| ३५ | घडी टर्च लाईट विक्रि गर्ने प्रति पसल | ३०।०० |
| ३६ | ठेलामा आईसक्रिम, चिया नास्ता, फलफुल, चना चटपटे वेच्ने प्रति पसल | ३०।०० |

| क्र.स. | विवरण | दर रु. |
|---|---|---|
| ३७ | सांध लगाउने प्रति पसल | २०।०० |
| ३८ | सुन चांदी प्रति पसल | ४०।०० |
| ३९ | तामा, कागती, निवुवा प्रति पसल | १५।०० |
| ४० | फोटो फ्रेम प्रति पसल | ३०।०० |
| ४१ | रंग, अविर तथा माला प्रति पसल | ३०।०० |
| ४२ | भांडा वर्तन प्रति पसल | ३०।०० |
| ४३ | धोवि प्रति पसल | ३०।०० |
| ४४ | सुर्ति प्रति पसल | २०।०० |
| ४५ | विउ विजन प्रति पसल | २५।०० |
| ४६ | खसी/वोका/बाखा/पाठापाठी/ खरिद विक्रि गर्ने संग प्रति गोटा रु. १५।०० गरी दुवैको | ३०।०० |
| ४७ | कवाडी मालसामान प्रति ट्रक | २०००।०० |
| ४८ | फलफुल तथा तरकारी प्रति भांगा (५० के.जी.भन्दा माथिको) | ५०।०० |
| ४९ | फलफुल तथा तरकारी प्रति क्यारेट/झोला/डोका (५० के.जी.भन्दा मुनिको) | १०।०० |
| ५० | कस्मेटिक पसल | २०।०० |

## अनुसुची - ८
## पार्किङ शुल्क

| क्र. सं. | विवरण | दर रु. |
|---|---|---|
| १ | ठूला सवारी साधन (बस, ट्रक, आदि) प्रति घण्टा | २०।०० |
| २ | साना सवारी साधन (जीप, कार, भ्यान) प्रति घण्टा | १०।०० |
| ३ | मोटरसाइकल, स्कुटर प्रति घण्टा | ५।०० |

## अनुसुची - ०९
## सेवा शुल्क, दस्तुर

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| **१** | **जग्गा नामसारी सिफारिस** | |
| क | पैत्रीक जग्गा हकवालालाई नामसारी गर्दा | २००।०० |
| ख | अपुताली परी हकवाला सिफारिस गर्दा | ५००।०० |
| **२** | **सिफारिस शुल्क** | |
| २.१ | घर बाटो सिफारिस (घर, गोठ, बाटो भए नभएको) | |
| क | बाटो भएको | ३००।०० |
| ख | बाटो नभएको जग्गा सिफारिस | २००।०० |
| ग | ढलान गरेको घर कायम | ३००।०० |
| घ | ईटा सिमेन्ट जस्ता छाना घर कायम | १००।०० |
| ङ | कच्ची घर कायम | २५।०० |
| २.२ | चौहद्धि (चार किल्ला) प्रमाणित प्रतीकित्ता | २००।०० |
| ३ | नागरिकता सिफारिस | २००।०० |
| ४ | जन्ममिति प्रमाणित | २००।०० |

| क्र.सं. | विवरण | दर रू. |
|---|---|---|
| ५ | विवाह मिति प्रमाणित | २००।०० |
| ६ | चारित्रिक प्रमाणित | २००।०० |
| ७ | नामथर सम्सोधन सिफारिस | २००।०० |
| ८ | अविवाहित प्रमाणित सिफारिस | २००।०० |
| ९ | कोष प्रमाणित | २००।०० |
| १० | सर्जिमन मुचुल्का दस्तुर | २००।०० |
| ११ | घटना दर्ता जरिवाना (३५ दिन भन्दा पछीको घट्ना दर्ता) | ५००।०० |
| १२ | जनजाति, दलित, पीछडिएका वर्ग मधेसी आदि अदालती तारिख आदि प्रमाणित सिफारिसमा | २००।०० |
| १३ | माथिका सिफारिस अंग्रेजि भाषाबाट दिनुपर्दा प्रति प्रमाणित सिफारिस (अंग्रेजी भाषाबाट दिइने छात्र वृत्ति समेत) बापत थप लाग्ने दस्तुर | ५००।०० |
| **१४** | **अन्य सिफारिसमा** | |
| क | अंगिकृत नागरिकता सिफारिस | ५००।०० |
| ख | नाबालक सिफारिस | २००।०० |
| ग | नामसारी तथा दर्ता सिफारिस | २००।०० |
| घ | नाता सम्बन्ध प्रमाणित | २००।०० |
| ङ | योजना सम्वन्धि सिफारिसहरु | २००।०० |
| च | सहकारी संस्थालाई रासायनिक मल सिफारिस | ५००।०० |
| | गाउँपालिका भित्र उत्पादन भएका सामानहरुको निकासी सिफारिस | १५००।०० |
| छ | माथिको सिफारिस अंग्रेजिमा गर्नुपरेमा थप | ५००।०० |
| **१५** | **आम्दानी प्रमाणित** | |
| क | सम्पत्ती मुल्यांकन (२५ लाख सम्म) | १०००।०० |
| ख | सम्पत्ती मुल्यांकन (२५ लाख देखि ५० लाख सम्म) | २०००।०० |
| ग | सम्पत्ती मुल्यांकन (१ करोड माथी) | ३०००।०० |
| घ | माथिको सिफारिस अंग्रेजिमा गर्नुपरेमा थप | ५००।०० |
| **१६** | **उद्योग दर्ता सिफारिस** | |
| क | पेट्रोल, डिजेल, मट्टीतेल पम्पको लागि | ५०००।०० |
| ख | फर्निचर उद्योग दर्ता सिफारिस | ६००।०० |
| ग | अन्यको लागि सर्जमिन समेत (सवारी साधन समेत) | ६००।०० |
| घ | घरेलुमा दर्ता भै प्रा.लि.को सिफारिसका लागि सर्जमिन समेत | २०००।०० |
| ङ | निजी विद्यालय अपग्रेडिङ सिफारिस | १५००।०० |
| च | घरेलु वा अन्य कार्यालयको लागि व्यवसाय सिफारिस | ५००।०० |
| **१७** | **काठको सिफारिस दिदा** | |
| क | जर्ना प्रति चट्टा (सालको) | १०००।०० |
| ख | जर्ना प्रति चट्टा (अन्य कु काठको) | ५००।०० |
| | सामुदायिक बनबाट काठ सिफारिस दस्तुर | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **काठको ग्रेड (सालको)** | **दर** | **काठको ग्रेड (अन्य)** | **दर** | |
| क | ए ग्रेड | १०० | अस्ना | ३० | |

| क्र.सं. | विवरण | | | | दर रू. |
|---|---|---|---|---|---|
| ख | बि ग्रेड | ७५ | चाप तथा सिसौ | ३० | |
| ग | सि ग्रेड | ५० | अन्य | १० | |
| | **काठको चिरानि अनुमती दिदा** | | | | |
| | काठको ग्रेड (सालको) | **दर** | **काठको ग्रेड (अन्य)** | **दर** | |
| क | ए ग्रेड | ११२ | अस्ना | ४० | |
| ख | बि ग्रेड | १०० | चाप तथा सिसौ | ३० | |
| ग | सि ग्रेड | ८० | अन्य | २० | |
| **१८** | **जडिबुट्टी निकासी सिफारिस** | | | | ५००।०० |
| १९ | गैह्र नाफामुलक सामाजिक संघसंस्था दर्ता सिफारिसमा | | | | १०००।०० |
| २० | गैह्र नाफामुलक सामाजिक संघसंस्था नविकरण सिफारिसमा | | | | १०००।०० |
| २१ | सहकारी संस्था दर्ता शुल्क | | | | २०००।०० |
| २२ | सहकारी संस्था नविकरण शुल्क | | | | ५००।०० |
| २३ | कृषि सहकारी संस्था नविकरण दस्तुर | | | | ५००।०० |
| **२४** | **व्यवसाय शुल्क** | | | | |
| क | व्यवसाय दर्ता शुल्क | | | | १०००।०० |
| ख | व्यवसाय नविकरण सिफारिस | | | | ५००।०० |
| ग | व्यवसाय सुचिकृत शुल्क (बैंक) | | | | २०००।०० |
| घ | व्यवसाय सुचिकृत शुल्क (वित्तिय संस्था) | | | | १५००।०० |
| ङ | व्यवसाय नामसारी दस्तुर | | | | ५००।०० |
| च | व्यवसाय नविकरण १ लाख सम्मको स्थीर पुंजी भएको | | | | १००।०० |
| छ | व्यवसाय नविकरण १ लाख देखि २ लाख सम्मको स्थिर पूँजी भएको | | | | २००।०० |
| ज | व्यवसाय नविकरण २ लाख देखि ३ लाख सम्मको स्थीर पूँजी भएको | | | | ३००।०० |
| झ | व्यवसाय नविकरण ३ लाख देखि ४ लाख सम्मको स्थीर पूँजी भएको | | | | ४००।०० |
| ञ | व्यवसाय नविकरण ४ लाख देखि ५ लाख सम्मको स्थीर पूँजी भएको | | | | ५००।०० |
| ट | पानीको मुहान दर्ता शुल्क | | | | १०००।०० |
| ठ | उपभोक्ता समिति दर्ता शुल्क | | | | १०००।०० |
| ड | कृषक समुह दर्ता शुल्क | | | | ५००।०० |
| ढ | अन्य समुह दर्ता शुल्क | | | | ३००।०० |
| ण | नक्सा फारम दस्तुर | | | | ५००।०० |
| त | प्रमाणपत्र प्रतिलिपि | | | | ५००।०० |
| थ | व्यक्तिगत घटना दर्ताको प्रतिलिपि | | | | ५००।०० |
| **२५** | अन्य सिफारिसमा | | | | २००।०० |
| **२६** | न्युनतम रु. ५०० मा नघट्ने गरी घरसारको काठ सिफारिस दिदा प्रति क्यूविक फिटमा | | | | २।०० |
| **२७** | **कृषिजन्य बजार व्यवस्थापन शुल्क** | | | | |
| क | तरकारी प्रति के.जि | | | | ०।२५ |
| ख | खाद्यान्न तथा दलहन प्र.ति.के.जी. | | | | ०।२५ |
| **२८** | **सूचिकृत दस्तुर** | | | | |
| क | लेखापरिक्षक सूचिकृत (सि.ए) | | | | १५००।०० |

| क्र.सं. | **विवरण** | दर रू. |
|---|---|---|
| ख | रजिस्टार्ड लेखापरिक्षक सूचिकृत | १०००।०० |
| ग | स्काभेटर सूचिकृत | २५०००।०० |
| घ | व्याक हु.लोडक सूचिकृत | १५०००।०० |
| ङ | मिनि टिफर | ३०००।०० |
| च | ट्याकटर | ३०००।०० |
| छ | सहकारी सूचिकृत | २०००।०० |
| ज | मालसामान आपुर्तिकता सेवा परामर्श दाता सूचिकृत | ५००।०० |
| झ | नाक्सा बनाउने कन्सलट्रेन्सी सूचिकृत | ३०००।०० |
| **२९** | **जग्गा रेखाङ्कन दस्तुर** | |
| क | ० देखी १ रोपनी/कठ्ठा सम्म | १०००।०० |
| ख | १ देखी ५ रोपनी/कठ्ठा सम्म | २०००।०० |
| ग | ५ देखी १० रोपनी/कठ्ठा सम्म | ३०००।०० |
| घ | १० देखी १५ रोपनी/कठ्ठा सम्म | ४०००।०० |
| ङ | १५ देखी माथी | ५०००।०० |
| **३०** | **न्यायीक दस्तुर** | |
| क | न्यायीक समिति निवेदन दस्तुर | १००।०० |
| ख | न्यायीक समिति प्रतिउत्तर दस्तुर | १००।०० |
| ग | न्यायीक समिति विवाद समाधान प्रतिलिपि दस्तुर (प्रति पाना) | ५।०० |
| **३१** | **व्याक्होलोटर भाडा** | |
| क | व्याक्होलोटर भाडा तेल बाहेक | १५००।०० |
| ख | व्याक्होलोटर भाडा तेल सहित | २५००।०० |
| **३०** | **निशुल्क दिईने सिफारिस तथा सेवाहरु** | |
| क | ३५ दिनभित्रको घटना दर्ता(जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र वसाइसराई) | निशुल्क |
| ख | विपद, प्रकोप पिडित सिफारिस | निशुल्क |
| ग | स्वास्थ्य उपचारका लागि सिफारिस | निशुल्क |
| घ | नेपाली भाषामा दिइने छात्रबृत्ति सिफारिस | निशुल्क |
| ङ | विपन्न, गरिव, जेहन्दार सिफारिस | निशुल्क |
| च | निवेदन दस्तुर | निशुल्क |
| छ | अपाङ्गता सिफारिस | निशुल्क |

## अनुसुची - १०
## पटके जरिवाना

| क्र.स. | **सामानको विवरण** | **जरिवाना रु.** |
|---|---|---|
| १ | स्वीकृत नलिइ विज्ञापन (डिजिटल बोर्ड, अन्य विज्ञापन बोर्ड, बेलुन आदि) गरेमा | ५०००।- |
| २ | कानूनले विषेधित गरेको वस्तु वा विषयमा विज्ञापन गरेमा | ५०००।- |
| ३ | सार्वजनिक स्थलमा जथाभावी फोहोर फालेमा | ५००।- |
| **द्रष्टव्यः** अन्य जरिवानाको हकमा घ्याङलेख गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा अध्यक्षबाट निर्णय भए बमोजिम हुने छ। | | |

## अनुसुची - ११
## घर नक्सा पास दस्तुर
### पुराना भवन एवं संरचना अभिलेखीकरण प्रयोजनको लागि

| सि.नं | भवनको प्रकार | वेसमेन्ट तल्ला | भूईतल्ला (प्रति वर्ग फिट रु.) | पहिलो तल्ला (प्रति वर्ग फिट रु.) | दोस्रो तल्ला (प्रति वर्ग फिट रु.) | तेस्रो तल्ला र सो भन्दा माथि (प्रति वर्ग फिट रु.) |
|---|---|---|---|---|---|---|
| १ | आर .सि.सि.पिल्लर भएको | १।७५ | २।०० | ३।०० | ३।५० | ४।०० |
| २ | ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो-आर.सि.सि.को छानो भएको) | - | १।०० | २।०० | ३।०० | - |
| ३ | सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो-जस्ता वा टायलको छानो भएको) | - | ०।७५ | १।५० | - | - |
| ४ | पटाहाको घेराबेरा लगाएतका कच्ची भवन | - | ०।५० | १।०० | - | - |
| | **कम्पाउन्डवालको प्रकार** | | | **प्रति रनिङ फिट रु.** | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | | | २।०० | | |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | | | १।०० | | |
| ३ | तारवारको कम्पाउन्ड वाल(एकमुष्ठ) | | | ५०।०० | | |

### नयाँ भवन एवं संरचना निर्माण प्रयोजनका लागि

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| **१** | **आर .सि.सि.पिल्लर भएको** | | | |
| १.१ | वेसमेन्ट तल्ला | ३।५० | ३।०० | २।०० |
| १.२ | भूईतल्ला | ४।५० | ४।०० | ३।०० |
| १.३ | पहिलो तल्ला | ५।५० | ५।०० | ४।०० |
| १.४ | दोस्रो तल्ला | ६।५० | ६।०० | ५।०० |
| १.५ | तेस्रो तल्ला र सो भन्दा माथि | ७।५० | ७।०० | ६।०० |
| **२** | **ढुंगा वा इटा वा ब्लकमा सिमेन्ट वालुवाको गारो (आर. सि.सि.को छानो भएको)** | | | |
| २.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| २.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| २.३ | दोस्रो तल्ला | ४।०० | ३।५० | ३।०० |
| **३** | **सिमेन्टको जोडाईमा ढुंगा वा इटा वा व्लकको गारो (जस्ता वा टायलको छानो भएको)** | | | |
| ३.१ | भूईतल्ला | २।०० | १।७५ | १।५० |
| ३.२ | पहिलो तल्ला | ३।०० | २।५० | २।०० |
| **४** | **पटाहाको घेराबेरा लगाएतका कच्ची भवन** | | | |
| ४.१ | भूईतल्ला | १।०० | १।०० | १।०० |
| ४.२ | पहिलो तल्ला | १।५० | १।५० | १।५० |

| सि.नं | भवनको प्रकार | राजमार्ग सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | शाखा सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा) | अन्य सडकको दायाँवायाँ वन्ने घर दर प्रति बर्ग फुट (रु.मा |
|---|---|---|---|---|
| | **कम्पाउन्डवालको प्रका** | | | |
| १ | सिमेन्ट जोडाईको कम्पाउन्डवाल | ३।०० | ३।०० | ३।०० |
| २ | माटो जोडाईको कम्पाउन्डवाल | १।०० | १।०० | १।०० |
| ३ | तारवारको कम्पाउन्ड वाल (एकमुष्ठ) | ५०।०० | ५०।०० | ५०।०० |

**नोट :** व्यवसायिक भवनमा मापदण्ड र नियमानुसार सो मा ५० प्रतिशत थप दस्तुर समेत लाग्ने छ

- पुर्व नक्सापास भएको प्रमाण पेश गरी मर्मत हुने क्षेत्रफल खुलाई मर्मत इजाजत माग भई आएमा हालको नक्सा पास दस्तुरको ५० प्रतिशत शूल्क लिई मर्मत सूधार इजाजत दिन सकिनेछ ।
- स्वीकृत नक्साको म्याद थप गर्दा पहिले लागेको दस्तुरको ५ प्रतिशत दस्तूर लिई पूनः २ बर्षको लागि म्याद थप गरिनेछ ।
- माप दण्ड विपरित निर्माण भएका घरको घर नक्सा पास गरिने छैन तर मापदण्ड भित्र भएका भवनहरुको हकमा देहाय बमोजिम थप शुल्क लिइ नक्सा पास गर्न सकिनेछ ।

१. नक्सा पास प्रक्रियामा नरहेको तर एकै पटक नक्सा पेश गरी सम्पन्न प्रमाण पत्र लिन आएमा हालको नक्शा पास दस्तुरको ०.५० प्रतिशत र प्रथम चरणको निर्माण कार्यको स्वीकृत लिई एकै पटक सम्पन्न प्रमाण पत्र लिन आएमा ०.२५ प्रतिशत थप दस्तुर लिई नक्सा पास गर्न सकिनेछ ।

२. गा.पा.बाट निर्माण कार्य स्वीकृत लिएका तर तोकिएको समय भित्र सम्पन्न नलिएका भवनको नक्सा पास गर्दा थप ५० प्रतिशत र नक्सा फरक भई संशोधित नक्सा पेश गर्दा क्षेत्रफल बढी हुन आएमा थप क्षेत्रफलमा हालको नक्सा पास दस्तुरको १०० प्रतिशत थप शुल्क लिई नक्सा पास गर्न सकिने छ ।

३. अव नयाँ दर्ता भई निर्माण हुने भवन नक्सा पास भई तल्ला थप गर्ने भवनमा सौर्य उर्जा प्रयोग गरिएको हुनु पर्नेछ ।

४. पूर्व स्वीकृति लिई नक्सा पास भएको हकमा थप संरचनाको मात्र प्रचलित नियमानूसार गरिनेछ ।

**नोटः** १) प्रत्येक आर्थिक वर्षको मसान्त सम्म नविकरण नगरेमा प्रत्येक वर्षमा तिर्नुपर्ने रकमको ३ प्रतिशत अर्को आर्थिक वर्षमा जरिवाना लाग्नेछ ।

२) यसमा छुटेका कर, दस्तुर र सेवा शुल्क गाउँपालिकाको राजश्व परामर्श समितिको सिफारिसमा अध्यक्षबाट निर्णय भए बमोजिम हुने छ ।

## निर्णय नं. ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा आ.व. ०८०।०८१ को लागि गाउँ सभाको दोश्रो बैठकमा प्रस्तुत भएको तपसिल बमोजिको बजेट वक्तव्य माथि छलफल भई स्वीकृत गर्ने निर्णय गरियो ।

**आदरणीय गाउँ सभा अध्यक्षज्यू,**

**कार्यपालिका एवं गाउँ सभा सदस्यज्यूहरु,**

१। यस गरिमामय गाउँ सभामा घ्याङलेख गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट प्रस्तुत गर्न यहाँहरु समक्ष उपस्थित भएको छु ।

२। यस अवसरमा म नेपालको ऐतिहाँसिक अग्रगमनकारी सबै राजनैतिक परिवर्तनका लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। घाईते तथा अंगभंग भएर जीवन यापन रहनुभएका सबै लोकतन्त्रवादी योद्धाहरुप्रति उच्च सम्मान प्रकट गर्दछु।

३। संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको दोस्रो स्थानीय तह निर्वाचनबाट हामीले यस गाउँपालिकाको जिम्मेवारी ग्रहण गरेको एक वर्ष व्यतित भईसकेको छ । यस एक वर्षमा गाउँपालिकाबासी जनताप्रति पूर्ण उत्तरदायी बनेर हामीले कार्य गरेका छौं र सबै गाउँपालिकाबासीको न्यानो माया एवं सहयोग प्राप्त भईरहनेछ भन्ने विश्वास लिएको छु।

४। विश्वव्यापी कोभिड संक्रमण र सृजित आर्थिक मन्दीबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय अर्थतन्त्र सङ्कुचित भएको परिप्रेक्ष्यमा स्थानीय अर्थतन्त्र पनि मन्दीको मारमा परी खुम्चिएको छ। सन्तुलित एवं समावेशी विकासका लागि उच्च, दिगो एवं फराकिलो आर्थिक वृद्धि हासिल गर्दै घ्याङलेख गाउँपालिकालाई मुलुककै स्यानीय तहहरुमा गणनामा स्थापित गर्ने दिशामा बजेट तथा कार्यक्रमलाई लक्षित गरेको छु।

५। स्थानीय युवा जनशक्तिलाई पालिकाभित्रै रोजगारी सिर्जना गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने प्रकृतिका उच्च प्रतिफल दिने, स्थानीय कच्चा पदार्थमा आधारित उद्योगको प्रवर्द्धन गर्दै महिला, सीमान्तकृत एवं विपन्न समुदायलाई सीप तथा उद्यमशिलता विकासद्वारा उत्पादनमुखी उद्योगमा आधारित आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्ने लक्ष्य लिइएको छ।

६। नेपालको संविधान (२०७२), १५ औं योजना, दिगो विकास लक्ष्य, घ्याङलेख गाउँपालिकाको आवद्यिक योजना, सङ्घीय एवं प्रदेश सरकारका नीति तथा कार्यक्रमलाई यो बजेट तर्जुमाको मार्गदर्शनको रुपमा लिएको छु। स्थानीय प्रबुद्ध वर्ग, उद्यमी व्यवसायी, राजनीतिक दल एवं सामाजिक संघ संस्थाबाट प्राप्त सुझाव समेतलाई आधार मानेको छु।

**सभाध्यक्ष महोदय,**

अब म घ्याङलेख गाउँपालिको विद्यमान आर्थिक अवस्था एवं चालु आ.व. ०७९/०८० को बजेट कार्यान्वयनको संक्षिप्तमा समीक्षा प्रस्तुत गर्न चाहन्छु।

७। भरपर्दो तथ्याङ्कीय संयन्त्रको अभावमा गाउँपालिकाले स्थानीय आर्थिक सर्वेक्षण गरी वार्षिक प्रतिवेदन तयार गर्न हालसम्म पनि नसकिएको हुँदा स्थानीय अर्थतन्त्रको कुल गाहास्थ उत्पादन, वार्षिक आर्थिक वृद्धिदर, क्षेत्रगत आर्थिक उत्पादन एवं वृद्धिदर एकीन गर्न सकिएको छैन। आगामी दिनहरुमा यसतर्फ गम्भीर प्रयास गरिनेछ।

८। चालु आर्थिक वर्ष ०७९/८० मा कुल रु.४३ करोड ८९ लाख १३ हजार विनियोजन रहेकोमा विनियोजनको ६७% खर्च हुने संशोधित अनुमान छ । सो मध्ये चालु खर्च १९ करोड ९८ लाख ३० हजार अर्थात ७० %, पूँजीगत खर्च रु.१० करोड ६२ लाख ६७ हजार अर्थात विनियोजनको ६३% खर्च हुने संशोधित अनुमान छ ।

९। चालु आर्थिक वर्षमा समानीकरण अनुदानको अन्तिम त्रैमासिकको ५०% कटौती, सशर्त अनुदान २०% कटौती, भू-उपयोग ऐन बमोजिम भूमिको वर्गीकरण प्रक्रिया टुङ्गिन समय लागेकोले जमिनको कित्ताकाट रोकिएका कारण घरजग्गा रजिष्ट्रेशन आयस्रोत समेत घट्न पुगेकोले समग्रमा राजश्व परिचालन कमजोर हुन पुगेको, संघीय सरकारको राजश्व बाँडफाँडको बजेट सिमामा ६० देखि ७० प्रतिशतमात्र निकाशा भएको, प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन करको ९० प्रतिशत रकम निकाशा हुने गत विगत आर्थिक वर्षहरुको तथ्यलाई आधार मानी आ.व. ०८०/८१ को बजेट निर्माण गर्दा कार्यक्रम तथा योजनाहरुको प्राथमिकिकरण गरी विनियोजन गर्ने व्यवस्था मिलाएको छु ।

**सभाध्यक्ष महोदय,**

म अब गाउँपालिकाको स्थानीय अर्थतन्त्र र बजेट प्रणालीमा देखिएका प्रमुख चुनौती एवं अवसरहरुको संक्षिप्त प्रस्तुती गर्न चाहन्छु ।

१०। अर्थतन्त्रमा कोभिड पश्चातको पुनरुत्थान प्रारम्भ भएपनि उत्पादनमूलक एवं निर्माणजन्य उद्योगहरुमा राष्ट्रिय आर्थिक मन्दीको असर देखिएको छ । भरपर्दो विद्युत आपूर्तिको अभावमा उद्योगधन्दा पूर्ण क्षमतामा चल्न नसकेको मात्र हैन वैकल्पिक विद्युत आपूर्ति लागत उच्च हुँदा उत्पादन लागत समेत बढेको छ ।

११। साधारण खर्च निरन्तर रुपमा वृद्धि हुँदै गएपनि पूँजीगत खर्च अपेक्षित गतिमा बढ्न सकेको छैन । गाउँपालिकाभित्र संघ र प्रदेश सरकारबाट अघि बढाइएका आयोजनाहरुमा ठेकेदारले समयमै कार्य प्रगति नगरेको, गाउँपालिकाले सञ्चालन गरेका आयोजनाहरुमा समेत जग्गा सम्बन्धी विवाद, मुआब्जा सम्बन्धी विवाद, मुद्दा मामिला जस्ता अवरोधहरुले पूँजीगत खर्च लक्ष्य अनुरुप हुन सकेको छैन ।

१२। उच्च प्रतिफलयुक्त, पालिकाको विकासमा दुरगामी प्रभाव पार्न सक्ने, प्राथमिकतापूर्ण आयोजनाहरु पहिचान गरी **"गाउँपालिका आयोजना बैंक"** तर्जुमा गरी विनियोजन कुशलता कायम गर्दै सार्वजनिक खर्चको गुणस्तर सुनिश्चित गर्नुपर्ने चुनौती हामीसँग छ ।

१३। सङ्घीय एवं प्रदेश सरकारबाट हुने अन्तर सरकारी वित्तीय हस्तान्तरणप्रतिको अति निर्भरताबाट मुक्त हुँदै आन्तरिक राजश्वका नयाँ स्रोतहरु पहिचान गर्नु, राजश्व चुहावट नियन्त्रण गर्नु, करको दायरामा आउन नसकेका करदाताहरुलाई दायराभित्र ल्याउनु, व्यवसाय मैत्री करको वैज्ञानिक दर निर्धारण गरी आन्तरिक राजश्वको दायरा विस्तार गर्दै जानु र कर प्रशासनलाई पूर्ण रुपमा प्रविधिमैत्री तुल्याउनु चुनौतीपूर्ण छ ।

१४। स्थानीय उद्योग व्यवसायीहरुलाई लगानी सुरक्षा र शान्ति सुरक्षाप्रति पूर्ण रुपमा आश्वस्त तुल्याई लगानी मैत्री वातावरण कायम राख्ने चुनौती हाम्रो सामु छ ।

१५। प्रशासनिक संयन्त्रलाई चुस्त, दक्ष, उच्च उत्प्रेरणा युक्त तुल्याउँदै जनउत्तरदायी, नतिजामुखी स्थानीय सरकारको उद्देश्य प्रभावकारी तवरबाट हासिल गर्नुछ ।

१६। उल्लेखित चुनौतीको बावजुद हामीले लिएका प्रयासहरुले स्थानीय अर्थतन्त्रमा केही आशाको सञ्चार गरेको छ । पालिका सौन्दर्यीकरण, पालिका सरसफाई जस्ता अभियानले पालिकाको पर्यटन क्षेत्र जुर्मराएको छ ।

**सभा अध्यक्षज्यू**

आर्थिक वर्ष २०८०/८१ को बजेटलाई मैले निम्न उद्देश्यहरु परिपूर्ति तर्फ केन्द्रित गरेको छु ।

क) पालिका अर्थतन्त्रलाई चलायमान बनाई उच्च एवं समावशी आर्थिक वृद्धि हासिल गर्ने,

ख) शिक्षा, स्वास्थ्य, खानेपानी, जस्ता सेवालाई सर्वसुलभ एवं गुणस्तरीय तुल्याउने,

ग) उत्पादनशील गतिविधि एवं उद्यमशीलता अभिवृद्धि गर्दै स्थानीय स्तरमा रोजगारी बढाउने ।

घ) सन्तुलित एवं समावेशी पूर्वाधार विकासलाई तीव्रता दिने,

**बजेटका प्राथमिकताहरु निम्नानुसार उल्लेख गरेको छु ।**

अ) शिक्षा एवं स्वास्थ्य,

आ) सरसफाई, व्यवस्थापन, एवं वातावरण संरक्षण

इ) पर्यटन एवं कृषि

ई) गुणस्तरीय भौतिक पूर्वाधार

उ) डिजिटल सेवा प्रवाह एवं सुशासन

**आदरणीय सभा अध्यक्षज्यू,**

अब म आगामी आ.व.को बजेटका प्रमुख क्षेत्रगत विनियोजन एवं कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

**कृषि तथा पशुपालन**

१७। कृषि उत्पादन प्रबर्द्धन र सामुहिक तथा व्यक्तिगत पशुपालन व्यवसायलाई प्राथमिकता दिई रोजगारी श्रृजना गर्न हेफर इन्टरनेशलन र स्थानीय सेवा प्रदायक संस्था जिल्ला लघु उद्यमी संघसँग सम्झौता गरी साझेदारी कार्यक्रमलाई प्रभावकारी ढंगबाट अगाडि बढाउन निरन्तरता दिईएको छ ।

१८। रसायनिक मलप्रतिको आकर्षण एवं निर्भरता न्यून गर्दै प्राङ्गरिक मलको प्रयोग गरी कृषकहरुलाई आर्गनिक खेतीतर्फ आकर्षित गर्दै माटोको गुणस्तर सुधारका लागि विविध क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

१९। गाउँपालिकाभित्र उत्पादित कृषि उपज तथा लघु उद्यमीहरुबाट तयार भएका वस्तुहरुको समुचित बजार व्यवस्थापनका लागि पालिकाको वडा नं. २, डुम्रेमा निर्माण भएको साझा सुविधा केन्द्रमा संकलन गरी बजार व्यवस्थापन गरिनेछ ।

२०। गाउँपालिका क्षेत्रभित्र आफ्नो नीजि लगानीमा संचालनमा रहेका दुध संकलन केन्द्रहरुलाई डेरी हब सञ्चालन गर्न सम्भाव्यता अध्ययन गरी संघ एवं प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य प्रारम्भ गरिनेछ साथै पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरिदैं लगिने छ ।

**वन तथा वातावरण**

२१। जथाभावी ढलान गर्ने र जंगल फडानी गर्ने कार्यले भूमिगत जल सतह घट्दै गएको हुँदा सार्वजनिक जलश्रोतका मुहानहरुको संरक्षण गर्ने कार्यलाई प्राथमिकतामा राखिने छ ।

२२। गाउँपालिकाभित्र निर्माण हुने पूर्वाधारहरुलाई वातावरणमैत्री बनाउने कार्यमा जोड दिईने छ ।

२३। सडकका दायाँबाँया, सार्वजनिक खाली जग्गामा वृक्षारोपण गरी हरित पालिका अभियान सञ्चालन गरी गाउँटोलको सौन्दर्यकरणमा जोड दिईनेछ । पूर्वाधार निर्माण गर्दा कुल लागत अनुमानको ३ प्रतिशत रकम जैव इन्जिनियरिङ (Bio-Engineering) मा अनिवार्य लगानी गर्ने कार्यको थालनी यथाशिघ्र गरिने छ ।

**भूमि व्यवस्था तथा सहकारी**

२४। पालिकामा रहेका सबै सरकारी एवं सार्वजनिक स्वामित्वका जग्गाको खोजी एवं संरक्षण गरी डिजिटल अभिलेख राखिनेछ ।

२५। बचत तथा ऋण सहकारी संस्थाहरुबाट बचतकर्ताहरुको हित विरुद्ध हुनसक्ने सबै किसिमको जोखिम एवं अवैध गतिविधि नियन्त्रण गर्न कानूनी एवं प्रशासनिक संयन्त्रलाई सुदृढ तुल्याइने छ । कृषि तथा उत्पादनमुखी सहकारी स्थापना गर्न विशेष सहजीकरण गरिनेछ ।

२६। भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन, तथ्याङ्क अद्यावधिक गरी आवश्यक जनशक्तिको उचित व्यवस्था गर्दै जग्गाधनी पूर्जा वितरण गर्ने कार्यलाई प्राथमिकता दिईने छ ।

**औद्योगिक विकास**

२७। गाउँपालिकाभित्र स्थापित उद्योगहरुले उत्पादन गरेका सेवा तथा वस्तुहरुको यथोचित संकलन तथा बजार व्यवस्थापन गर्ने कार्यका लागि नीतिगत व्यवस्था गरिने छ ।

२८। महिला औद्योगिक ग्राम स्थापना गरी महिला दिदीबहिनीहरुलाई संगठित तुल्याई विभिन्न किसिमका घरेलु हाते सामाग्रीहरु उत्पादन गरी यस्तो वस्तुको बजार व्यवस्थापनमा पालिकाबाटै सहजीकरण गरी प्लाष्टिकजन्य वस्तुहरुको प्रयोग निषेध गरिनेछ ।

२९। गाउँपालिकाको वडा नं. ४ चौकिडाँडामा औधोगिक ग्राम स्थापनाको लागि DPR कार्य सम्पन्न गरिसकेकोले औधोगित क्षेत्र स्थापनाको लागि सम्भाव्यता अध्ययन कार्य थालनि गरिनेछ ।

**संस्कृति तथा पर्यटन**

३०। फापरचुली, लाखाङ गुम्बा, सातदोबाटो लगायत गाउँपालिका भित्र रहेका विभिन्न धार्मिक एवं सांस्कृतिक सम्पदाहरुलाई गुरुयोजना बमोजिम पर्यटन पूर्वाधार विकास गर्दै यस क्षेत्रको महत्वपूर्ण पर्यटन सम्पदाहरुको रुपमा स्थापित गरिनेछ ।

३१। पालिकाभित्रका मठ-मन्दिर, गुम्वा जस्ता सांस्कृतिक एवं धार्मिक सम्पदाको अभिलेखीकरण गरी पुरातात्विक विशेषता कायमै रहने गरी पुनः निर्माण, नव निर्माण एवं मर्मत सम्भार गरिनेछ ।

३२। परम्परादेखि चलिआएका जात्रा, पर्व मेलाहरु स्थानीय समुदायसँगको सहकार्यमा आयोजना गरी आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।

३३। उद्योग वाणिज्य संघ एवं स्थानीय संघ संस्थासँगको साझेदारीमा घ्याङलेखमा लाग्दै आएको पर्व, मेला, जात्राहरुलाई थप परिष्कृत गर्दै निरन्तरता दिइने छ ।

३४। वडा नं. २ बस्तीपुरमा  जातीय पहिचानको महत्वलाई झल्कने ऐतिहासिक थामी संग्राहालय निर्माण गरिएको छ साथै आगामी आर्थिक वर्षहरुमा यस्तै खालका जातीय पहिचान स्थापित गर्ने कार्यहरुलाई निरन्तरता दिईने छ ।

**शिक्षा, विज्ञान तथा प्रविधि**

३५। गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्न सामुदायिक विद्यालय शिक्षक स्वयंसेवक कार्यक्रम सञ्चालन गरिनेछ । संस्थागत विद्यालयहरुको सूचकमा आधारित वर्गीकरण गरी वैज्ञानिक शुल्क निर्धारण गरिनेछ ।

३६। सबै विद्यालयहरुमा आधुनिक प्रविधिको व्यवस्था गरी सुविधा युक्त विज्ञान प्रयोगशाला निर्माण गर्दै लगिनेछ । विद्यालयहरुमा Smart Class को अवधारणा लागु गर्न प्रारम्भिक कार्य अघि बढाईनेछ ।

३७। संघ, प्रदेश तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुसँग समन्वय तथा सहकार्य गरी सामुदायिक विद्यालयहरुका लागि शिक्षा पूर्वाधार एवं शिक्षण सामाग्रीहरुको प्रबन्ध गर्न गाउँपालिकाबाट पहलकदमी गरिने छ ।

३८। नेपाल सरकार तथा प्रदेश सरकारसँगको सहकार्यमा गाउँपालिकामा संचालित सामुदायिक विद्यालयहरुमा थप प्राविधिक शिक्षालय स्थापना गर्न विशेष पहल गरिनेछ ।

३९। पालिकाभित्र स्थापित पुस्तकालयहरुलाई डिजिटलाईजेशन गरी E-Library (ई-लाईब्रेरी) सेवा सञ्चालन गरी आधुनिकीकरण गरिनेछ ।

४०। सामुदायिक विद्यालयहरुको पठनपाठन गराउने शैलीलाई प्रविधिमैत्री बनाउनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी अगाडि बढाउने कार्यको थालनीमा जोड दिईने छ ।

४१। नेपाल सरकार, प्रदश सरकारको सहयोग र स्थानीय श्रोत परिचालन गरी नव प्रवर्तन साझेदारी विकासका कार्यक्रम संचालन गरिने छ ।

**स्वास्थ्य सेवा**

४२। आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ एव विकेन्द्रित रुपबाट उपलब्ध गराउन पालिका अन्तर्गतका सबै स्वास्थ्य चौकीहरुमा विशेषज्ञ सहितको OPD सेवा सञ्चालन गरिनेछ ।

४३। प्रयोगशाला सेवालाई सुपथ र सुलभ तुल्याउन बस्तीपुर स्वास्थ्यचौकीमा निर्माण भएको प्रयोगशालाबाट सेवा सञ्चालन गरिनेछ । यसका लागि आवश्यक जनशक्ति, उपकरण एवं सामग्रीहरुको प्रबन्ध गरिनेछ ।

४४। पालिकाका सबै वडाहरुमा भौगोलिक जटिलताका कारण सरल, सुलभ, सस्तो प्रसुती सेवा प्रवाह गर्नका लागि Birthing Center स्थापना गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

४५। निर्माण भईसकेका बर्थिङ सेन्टरहरुलाई आगामी आ.व. मा श्रोत साधन थप गर्ने कार्यमा निरन्तरता दिईने छ ।

४६। गाउँपालिकाबासीहरुको स्वास्थ्य परीक्षण गरी रोग लाग्नबाट बेलैमा सचेत बनाउनका लागि निःशुल्क घुम्ती स्वास्थ्य शिविर सञ्चालन कार्यलाई निरन्तरता दिईने छ ।

४७। आर्युवेदिक चिकित्सा पद्दतिप्रति नागरिकको सहभागिता बढाउन आयुर्वेद जागरण कार्यक्रम सञ्चालन गरी विद्यालयहरु तथा सार्वजनिक स्थलहरुमा योगकक्षा तथा योग शिविर सञ्चालन गरिनेछ ।

४८। गाउँपालिका बासिहरुलाई स्वास्थ्य सेवाको उचित व्यवस्थापन गर्नका लागि संघीय सरकारको सहयोगमा १० शैयाको अस्पतालत निर्माणका लागि DPR तयार भएकाले निर्माण प्रकृया अगाडि बढाइनेछ ।

**सरसफाई तथा खानेपानी**

४९। **"म सफा गर्छु मेरो घर आँगन, स्वच्छ, सुन्दर गाउँ अभियान"** सञ्चालन गरी आ-आफ्नो आवास क्षेत्र सरसफाईमा सबै गाउँबासीको सक्रिय सहभागिता जुटाईनेछ । यसका लागि सफाई घरपरिवार पहिचान गरिनेछ । उत्कृष्ट सफाई घरपरिवार पहिचान गरी पुरस्कृत गरिनेछ ।

५०। गाउँघरलाई हरियाली, वातावरणमैत्री तथा सरसफाई युक्त बनाउनका लागि एक घर एक विरुवाको अवधारणालाई कार्यान्वयनमा ल्याउन आवश्यक नितिगत व्यवस्था गरिने छ ।

५१। गाउँपालिकाको **जनप्रतिनिधिसँग सरसफाई कार्यक्रम**को अभियानलाई कार्यान्वयनमा ल्याउन पहल गरिने छ ।

५२। आगामी आर्थिक वर्षबाट **सफा गाउँ, स्वस्थ मानिस** कार्यक्रम अन्तर्गत सबै नागरिकहरुले आफ्नो घर वरपरका सडक, ढल, आँगन सरसफाई गर्ने र उत्कृष्ट सरसफाई घर घोषणा गरी पुरस्कारको व्यवस्था गरिने कार्यको थालनी गरिने छ ।

५३। गाउँबासीहरुलाई स्वच्छ खानेपानीको व्यवस्था गर्न सबै टोलहरुमा खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरी सोही मार्फत श्रोत परिचालन गर्ने आवश्यक नितिगत व्यवस्था गरिने छ ।

५४। स्थानीयबासीहरुलाई स्वच्छ र सफा खानेपानीको व्यवस्था गर्न लागि उपयुक्त प्रविधिहरु प्रयोगमा ल्याइनेछ ।

५५। सडक निर्माण भएका स्थानहरुमा ढल व्यवस्थापन कार्यलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन आवश्यक प्रबन्ध मिलाइनेछ ।

५६। सडक स्तरोन्नति कार्यलाई अगाडि बढाउँदा ढल निर्माण अनिवार्य गर्नुपर्ने नितिको तयार गरिने छ ।

५७। प्रदेश सरकारको सहयोगमा गाउँपालिकाका बासिन्दाहरुलाई स्वच्छ खानेपानी उपलब्ध गराउन र सफा गाउँपालिका निर्माण गर्नका लागि यसै आर्थिक वर्षमा खानेपानी तथा सरसफाई गुरुयोजना निर्माण कार्य सम्पन्न गरिने छ ।

**खेलकुद**

५८। बालकदेखि वृद्धसम्मलाई विभिन्न खेलकुदतर्फ आकर्षित गरी शारीरिक तथा मानसिक स्वास्थ्यमा प्रवर्द्धनमा जोड दिइनेछ। यसका लागि खेल प्रतियोगिताहरु आयोजना गरिनेछ।

५९। सबै सरोकारहरुसँगको साँझेदारीमा नयाँ खेल पूर्वाधारहरुको निर्माण र विद्यमान खेल मैदानको मर्मत सम्भार गरिनेछ।

**महिला बालबालिका तथा ज्येष्ठ नागरिक**

६०। ज्येष्ठ नागरिकहरुको अनुभवलाई सामुदायिक हितमा लगाउन र ज्येष्ठ नागरिकहरुलाई मनोरञ्जनपूर्ण जीवन सहजीकरणको लागि सवैलाई सहज हुने स्थानमा मैत्री पार्कको निर्माण गरिनेछ। ज्येष्ठ नागरिक समाज गठन गरी संस्थागत ज्येष्ठ नागरिक कायक्रम सञ्चालन अनुदान उपलब्ध गराईनेछ ।

६१। महिला सशक्तिकरण एवं उद्यमशीलता वृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ । हिंसा पीडित महिलाको संरक्षणका लागि पालिकाभित्र निर्माण भएको महिला सेफ हाउस कार्यान्वयनमा ल्याउन नितिगत व्यवस्था गरिने छ ।

६२। पालिकाभित्र निर्माण हुने सबै पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ।

६३। बालमैत्री स्थानीय शासनको अवधारणा अनुरुप गाउँपालिकाका सवै वडाहरुलाई क्रमशः बालमैत्री वडा घोषणा गर्दै लगिने कार्यको प्रारम्भ गरिने छ।

६४। शिक्षा ऐन तथा नियमावली बमोजिम सबै तहका कक्षाहरुमा विपन्न तथा जेहेन्दार लक्षित छात्रवृत्ति अनिवार्य रुपमा सामुदायिक विद्यालयहरुमा लागु गरिनेछ। सामुदायिक शिक्षा पूर्ण रुपमा निःशुल्क गरिनेछ ।

**यातायात पूर्वाधार :**

६५। अन्तर वडाहरु जोड्ने ग्रामीण सडकको कम्तीमा ११ फिट मापदण्ड तोकी सुरक्षित एवं गुणस्तरीय यातायात पूर्वाधार विकास गर्दै ग्रामीण वडाहरुलाई आधुनिक शहर केन्द्रसँग सञ्जालीकृत तुल्याइनेछ ।

६६। गाउँपालिकाका सवै वडाहरुमा निर्माणाधिन अवस्थामा रहेका सडकहरुको स्तरोन्नति कार्यलाई प्राथमिकतामा राखी बाह्रै महिना राष्ट्रिय सडक संजालसँग  जोडिने गरी यातायात सेवा संचालन गर्न  वातावरण मैत्री हरित सडक सञ्जाल विकास कार्य अघि बढाईनेछ ।

६७। बस्ती स्तरका भित्री गल्ली सडकहरुलाई पालिकाको मापदण्ड अनुसार वातावरण मैत्री एवं सौन्दर्यकरण बनाईने छ ।

**आवास तथा शहरी विकास**

६८। भू-उपयोग ऐन बमोजिम गाउँपालिका भित्र रहेका जग्गाहरुको वर्गिकरण गरी विभिन्न स्थानहरुमा सम्पूर्ण शहरी सेवा सुविधा सहितको एकीकृत शहरीकरणको सम्भाव्यता अध्ययन गरिनेछ ।

६९।  भवन तथा संरचना  निर्माण मापदण्डलाई समयानुकुल परिमार्जन गरी नक्शा पास गर्दा अनिवार्य रुपमा एक घर दुई विरुवा रोप्ने नीति लागु गरिनेछ ।

७०। घर नक्शा इजाजत प्रणालीलाई अनलाईन प्रणालीमा कार्यान्वयनमा ल्याई पूर्ण रुपमा डिजिटलाईजेसन गरिनेछ ।

७१। पालिकाभित्र विना नक्शा बनेका संरचनाहरुको अभिलेखीकरण कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउनका लागि गाउँपालिकाबाट घर नक्शा  नियमित गर्ने सूचना प्रकाशन गर्ने कार्यको थालनी गरिने छ ।

**जलाधार संरक्षण र नदी नियन्त्रण**

७२। पालिकाभित्रका सिमसार तथा पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

७३। पालिकाभित्रका मुख्य नदीहरुबाट हुने बाढीजन्य प्रकोप नियन्त्रणका लागि सबै नदीहरुमा तटबन्ध निर्माण कार्य अघि बढाइनेछ ।

७४। रामपुर खोला, मरिण खोला, तामाजोर खोला, सिम्ले खोल र अन्य खोलाहरु नियन्त्रण गरी बस्ती संरक्षणको कार्यलाई निरन्तरता दिईने छ ।

७५। नदी नियन्त्रणबाट उकास भएको जग्गामा सामुहिक बगर खेती र करार खेती प्रवर्द्धन गरिनेछ ।

७६। सौर्यबत्ती, बायोग्याँस, विद्युतीय सवारी साधन जस्ता नविकरणीय उर्जा तथा विद्युतीय उर्जा प्रविधि उपयोगमा जोड दिइनेछ ।

७७। भोल्टेजको अनियमितताका कारण संचार सेवा र विद्युत सेवा अवरुद्ध भईरहेको हुँदा पालिकाको विभिन्न स्थानमा नेपाल विद्युत प्राधिकरणसँगको सहकार्यमा ट्रान्सफर्महरु जडान साथै विस्तार गरिनेछ ।

**विपद् व्यवस्थापन**

७८। पालिकाको विपद् जोखिम नक्साङ्कन गरी विपद् प्रतिकार्य कार्ययोजना अनुरुप विपद् व्यवस्थापन कार्य अघि बढाइनेछ ।

७९। सुरक्षा निकायसँगको समन्वयमा उद्धार तथा प्रतिकार्यमा उपयोग हुने उपकरण एवं सामग्रीहरु खरिद गरी व्यवस्थापन गरिने कार्यलाई निरन्तरता दिईने छ ।

८०। आकस्मिक रुपमा पर्न सक्ने सम्भावित विपद्हरुको आँकलन गरी तत्काल उध्दार तथा राहतका लागि पालिका स्तरीय स्थानीय आपत्कालीन कार्य संचालन केन्द्र (LEOC) स्थापना गरी कार्यान्वयनमा ल्याइने छ ।

८१। जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी राहत तथा उध्दारका लागि प्रत्येक वडामा दक्ष जनशक्ति तयार गर्ने कार्यको थालनी गरिने छ ।

८२। पालिकाका प्रमुख स्थानहरुमा तत्काल उद्धार तथा पुनर्स्थापना केन्द्र सञ्चालन गर्ने उपयुक्त स्थानहरु पहिचान गरिनेछ ।

**कानून तथा न्याय**

८३। न्यायिक समितिका काम कारवाही प्रभावकारी तुल्याई शीघ्र न्याय निरुपण अभियान चलाइनेछ । न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

८४। नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले प्रदान गरेको जिम्मेवारीलाई प्रभावकारी ढङ्गबाट सम्पादन गर्न आवश्यक ऐन, नियम र कार्यविधिहरु तर्जुमा गरिनेछ ।

८५। पालिकाको स्थानीय ऐन सङ्गह प्रकाशित गरिनेछ ।

८६। विवादरहित गाउँपालिका बनाउन सामुदायिक मेलमिलाप केन्द्रहरुलाई सक्रियताका साथ संचालन गर्न आगामी आ.व.मा थप मेलमिलापकर्ताहरु तयार गर्न बजेटको व्यवस्था मिलाईएको छ ।

**शान्ति सुरक्षा**

८७। स्थानीय प्रशासन तथा इलाका प्रहरी कार्यालय वस्तीपुरको समन्वयमा पालिकाको केन्द्रमा तथा विभिन्न स्थानहरुमा सि.सि.टि.भी. क्यामेराहरु जडान गरिनेछ । इलाका कार्यालयको परिसरमा निर्माण भएको CCTV Control Room लाई सुविधा सम्पन्न तुल्याई डिजिटल सेक्युरिटी मोनिटरिङ्ग प्रभावकारी तुल्याईनेछ ।

**आर्थिक योजना तथा तथ्याङ्क**

८८। स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा तथ्याङ्कहरुको उपयोग गर्ने नीति लिई जनशक्ति एवं प्रविधिहरुयुक्त तुल्याई स्थानीय अर्थतन्त्रका सबै अवयवहरुको तथ्याङ्क प्रकाशन गरिनेछ ।

८९। पालिकाको दोस्रो आवधिक योजना तर्जुमा गरिनेछ । यसको लागी विज्ञहरु सहितको गाउँ योजना सुझाव आयोग गठन गरिनेछ ।

९०। घ्याङलेख पालिका आयोजना बैंक तर्जुमा गरिनेछ ।

**शासकीय सुधार**

९१। कार्यालयका विभिन्न शाखाहरुमा कार्यरत कर्मचारीहरुको क्षमता अभिवृध्दि गर्नका लागि संघ,प्रदेश तथा अन्य निकायसँग सहकार्य गरी विषयगत क्षेत्रको तालिमको व्यवस्था मिलाइने छ ।

९२। गाउँसभाबाट स्वीकृत दरबन्दीमा पदपूर्ति गर्दै कार्यालयबाट सम्पादन हुने सेवा प्रवाहलाई विशिष्टिकरण गर्दै लगिने छ ।

९३। पालिकाका सबै कामलाई कागजरहित बनाई सहज, सरल र सुलभरुपमा सेवा प्रवाह गरिनेछ । राजश्व प्रणालीलाई करदाताले सबै प्रकारको राजश्व विद्युतीय माध्यमबाट भुक्तानी गर्नसक्ने गरी परिमार्जित गरिनेछ ।

९४। भ्रष्टचारमा शून्य सहनशीलताको नीति लिई भ्रष्टाचारजन्य कार्यमा संलग्नलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ ।

९५। गाउँपालिकालाई तिर्न, बुझाउन बाँकी बक्यौता रहेका व्यक्ति वा फर्मलाई आफ्नो बक्यौता बुझाउन नआएमा त्यस्तो व्यक्तिको लागि कानूनी उपचारको विधि अवलम्बन गरिने छ ।

**आदरणीय सभा अध्यक्ष महोदय,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरुको कार्यान्वयनका लागी बजेट विनियोजन तथा श्रोत व्यवस्थापन अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु ।

९६। आगामी आर्थिक वर्ष २०८०/८१ को लागि कुल खर्च रु. ४६ करोड ५७ लाख ७५ हजार ६ सय ५८ विनियोजन गरेको छु । कुल विनियोजन मध्ये चालु तर्फ रु २८ करोड ३३ लाख २४ हजार ६ सय ८८ अर्थात ६०.८३ प्रतिशत पूँजीगत तर्फ रु १८ करोड २४ लाख ५० हजार ९ सय ७० अर्थात ३९.१७ प्रतिशत र वित्तीय व्यवस्था तर्फ कुनै दायित्व नरहेको व्यहोरा अवगत गराउँछु ।

९७। आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने श्रोतहरुमध्ये आन्तरिक राजश्वबाट रु. ६५ लाख, नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. ७ करोड १ लाख, सङ्घीय राजश्व बाँडफाँडबाट ७ करोड ५५ लाख ३० हजार १ सय, नेपाल सरकारको शशर्तबाट रु. १४ करोड ६६ लाख, समपूरक अनुदान रु. १ करोड ७५ लाख, विशेष अनुदान रु. ६० लाख, प्रदेश वित्तीय हस्तान्तरणबाट रु. ६० लाख ५२ हजार, प्रदेश राजश्व बाँडफाँड रु. १ करोड ८९ लाख ३४ हजार १ सय ५ रुपैयाँ पैसा ६६ मात्र, समपूरक अनुदान रु. २ करोड, विशेष अनुदान रु. ६०

लाख समेत गरी रु. ३९ करोड १७ लाख ३८ हजार २ सय ५ रुपैयाँ पैसा ६६, सडक बोर्ड नेपालबाट रु. १४ लाख श्रोत एकीन भई बाँकी रु. ७ करोड ४० लाख ३७ हजार ४ सय ५२ रुपैयाँ ३४ पैसा खुद घाटा रहेको छ । उक्त घाटा बजेटलाई गत आ.व.को अ.ल्या.रकम, स्थानीय श्रोत/साधन परिचालन प्रशासनिक खर्चबाट बचत, ठेक्काबाट हुने बचत, सडक बोर्ड नेपालबाट प्राप्त हुने र साझेदारी निकायको सहयोगबाट प्राप्त हुने रकमबाट व्यहोरिने जानकारी गराउँदछु ।

९८। गाउँपालिकाले योजना तथा कार्यक्रमहरुको कार्यान्वयन प्रकृया अगाडि बढाउँदा त्रैमासिक रुपमा प्राथमिकीकरण गरी तयार गरिएको खरिद योजना र विभिन्न श्रोतहरुबाट प्राप्त भएको बजेटको परिधिमा रही संचालन गर्ने नीति अवलम्बन गरिने छ ।

**सभा अध्यक्षज्यू**

आगामी आर्थिक वर्ष २०८० को राजश्व सम्बन्धी नीति तथा कार्यक्रम निम्नानुसार प्रस्तुत गरेको छु ।

९९। स्थानीय कर प्रणालीलाई उत्पादन अभिवृद्धि र सामाजिक न्याय प्रवर्द्धन गर्ने तर्फ उन्मुख गरिएको छ । आन्तरिक राजश्वलाई पालिकाको भरपर्दो एवं दिगो वित्तीय स्रोतको रुपमा स्थापित गर्न विभिन्न आम्दानीका श्रोतहरुको पहिचान गर्ने कार्यलाई राजश्व नीतिको प्रमुख उद्देश्यको रुपमा लिएको छु ।

माथि उल्लेखित उद्देश्य हासिल गर्न देहाय अनुसार राजश्व नीति अवलम्बन गरिनेछ ।

क) पालिकाभित्र संचालनमा रहेका व्यवसायहरुलाई करको दायरामा ल्याउनका लागि विभिन्न खालका अभिमुखीकरण र जनचेतनामूलक कार्यक्रमहरु गरिने छ ।

ख) पालिकाभित्र रहेका खोला, नदीहरुमा भएका दोहनलाई नियन्त्रणमा ल्याउनका लागि आवश्यक नीतिको अवलम्बन गरिने छ ।

ग) सार्वजनिक स्थलमा जथाभावी फोहोर फाल्नेलाई न्यूनतम रु. ५००। सम्म जरिवानाको व्यवस्था गरेको छु ।

घ) गाउँपालिकामा उत्पादन भएका सामानहरु पालिका क्षेत्र बाहिर निकासी हुँदा उचित कर असुल गर्ने कार्यको थालनी गरिने छ ।

ङ) महाभारत क्षेत्रमा वातावरणीय दृष्टिकोणले मनमोहक, रमणीय दृश्यहरुको अवलोकन गरी आन्तरिक तथा बाह्य पर्यटक भित्र्याई आम्दानीको श्रोत बढाउन नेपाल सरकार/प्रदेश सरकारको सहयोगमा विभिन्न पूर्वाधारहरुको निर्माण गर्दै लगिने छ ।

| १. | ३. | **नगत मौज्दातः** पालिकाले पेश गरेको वित्तिय विवरण अनुसार आर्थिक वर्षको अन्तमा रु.२८२१।१८ नगत मौज्दात देखिन्छ। उक्त रकम पालिका संचितकोष दखिल गरेको प्रमाण पेश गर्नुपर्ने रु. | २८३१।१८ | |
| २. | ४. | **दाखिला वाँकि कर** : पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार २०७७ बषाढ मसान्त सम्मको विभिन्न भुक्तानीम कट्टी भएको रु.४३२३०६।५० अग्रिम कर दाखिला गर्न वाँकि रहेको छ ।उक्त रकम सम्वन्धित खातामा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | ४३२३०६।५ | |
| ३. | १९. | **स्वकीय सचिव र सल्लाहकार —** बागमती प्रदेश अन्तर्गत स्थानीय तहका पदधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन,२०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानिय तहका प्रमुख तथा उपप्रमुखले स्वकीय सचिव राख पाउने व्यवस्था गरेको छैन । त्यसैगरि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्द फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर गाउँ प्रमुखको स्वकीय सचिवका रुपमा सहायक स्तर तलब भत्ता भुक्तानी हे गरि श्री राजेश लो लाई नियुक्त गरी मासिक रु.२३०००/ का दरले भुक्तानी गरेको नियमित नदेखिएको रु. | ३०९००० | |
| ४. | २०. | **एउटा मात्र सुविधा पाउने — बागमती प्रदेश** अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन,२०७५ २०७५(पहिलो संशोधन समेत) को दफा ८ अनुसार सरकारी कोषबाट निवृत्तभरण पाएको व्यक्ति पदाधिकारीमा निर्वाचित व मनोनयन भएमा निवृत्तभरणव यस ऐन बमोजिमको मासिक सुविधा मध्ये एउटा मात्र पाउने व्यवस्था छ । तर गाउँपालिका उपध्यक्षसंगको छलफलको क्रममा निज स्वयम् शिक्षक बाट अबकास भएको बुझिएको र निजको नाममा आ ब ०७६/७७ मा पालिकाबाट रु.४१८२००/खर्च लेखेको छ । साथै उपाध्यक्षले दोहोरो पर्ने गरी आवश्यक लिए नलिएको स्वघोषणासमेत संलग्न गरेको पाईएन। त्सैले यस विषयमा पालिकाले यकिन गरी आवश्यक कारबाही गर्नुपर्दछ। | | |

<table>
<tr><td>५.</td><td>२१.</td><td>सोझै खरिद — सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यसतै सार्वजनिक खरिद नियमावलिमा रु.५ सोभन्दा माथिका रु.२० लाख सम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथि बोलपत्रको माध्यमबट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सिमा भन्दा बढिको खरिद गर्ने नहुने एवंम एउटा आपुर्तिकर्तासंग एक पटक भन्दा वढि सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ विभिन्न मितिमा रु.१०६७००० को कार्यलय सामाग्रि सोझै खरिद गरेको छ।कर्मचारी संख्या र प्रशासनिक कार्यमा हुने वृद्धिसंगै कार्यालय सम्बन्धि खर्चमा समेत वढोत्तरी हुदै जाने भएकाले यस्ता खरिद प्रतिस्पर्धात्मक बनाउनु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>६.</td><td>३०.</td><td>मू.अ.कर समायोजन — मूल्य अधिवृद्धि कर नियमावली, २०५३ (एकायसौं संशोधन ) को नियम ३(ग) मा सरकारी निकाय वा नेपाल सरकारको स्वामित्व भएको संघसस्थाले ठेक्का वा करार सम्झौता अन्तर्गत वस्तु तथा सेवाको आपूर्ती गर्दा सम्बन्धित ठेकदार वा आपूर्तीकर्तालाई भक्तानी गर्ने मुल्य अभिवृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम कट्टा गरी निजको नामबाट सम्वन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी ५० प्रतिशत मात्र भुक्तानी दिने उल्लेख छ।तर पालिकाले तपसिल बमोजिमका कार्यमा नियमानुसार ५० प्रतिशत मू.अ.कर रकम कट्टी गरेको पाईएन। त्यसैले सम्बन्धित निर्माण व्यवसायि वा आपुर्तिकर्तालाई पालिकाबाट भूक्तानी भएको मू.अ.कर रकम समायोजन गरेको प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>गो.भौ.</th><th>योजनाको नाम</th><th>व्यवसायि/सप्लायर्स</th><th>भुक्तानी मू.अ.कर रकम</th><th>५०% रकम रु.</th></tr>
<tr><td>१४७</td><td>सोला भञ्याङ्ग सातदोबाटो लगायत ३ वटा सडकको ३५ कि.मी डिपीआर</td><td>हिमशिखा ईन्जिनियरीङ्ग एण्ड कन्सल्टेनसी</td><td>११३७८२</td><td>५१८९१</td></tr>
</table></td><td>११३७८२।-</td><td></td></tr>
<tr><td>७.</td><td>३२.२</td><td>पालिका र निर्माण व्यावसायि बीच मिति २०७६।०३।२६ मा भएको सम्झौता जीसीसीको २६।३ मा निर्माण व्यावसयीले आफूले गरेको कामको तथा कार्यको प्रोग्राम अपडेट गरी हरेक ७ दिनमा पालिकामा पेश गर्नु पर्ने तर निर्माण व्यावसायीले ७ दिन भित्र प्रोग्राम अपडेट नदिएको अवस्थामा रु.१०००००।– रोक्का गर्ने उल्लेख छ । तर निर्माण व्यावसायीले प्रोग्राम अपडेट पालिकामा पेश गरेको देखिएन । सम्झौता अनुसार पालिकाले रु.१०००००।– रोक्का राख्नु पर्नेमा सो गरेको पाईएन । तसर्थ प्रोग्राम अपडेट पेश नभएको रकम निर्माण व्यावसायीबाट असूर हुनु पर्ने दिखएको रु.</td><td>१०००००।–</td><td></td></tr>
<tr><td>८.</td><td>३२.४</td><td>निर्माण व्यवसायिले २०७६।३।१६ मा सम्झौता गर्दा पालिकामा पेश गरेको रु.१२३८८६२ को कार्य सम्पादनको म्याद २०७७।४।०५ समाप्त भएको छ ।तर लेखापरीक्षण अविध २०७७।११।०४ सम्म पनि उक्त कार्य सम्पन्न भएको देखिएन्। तसर्थ कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश हुनुपर्ने रु.</td><td>१२३८८६२</td><td></td></tr>
<tr><td>९.</td><td>४१.</td><td>पाईव वितरण — सार्वजानिक खरिद नियमावलीको नियम १० अनुसार निर्माण सामाग्रीको लागत अनुमान तयर गरी खरिद कारबाही गर्नुपर्ने उल्लेख छ। पालिकाले गो.भौ.नं.१३८ मिति २०७७।३०।३० बाट विकल्प ईन्टरप्राईजेजको बिल नं.१२ र २२ (फोटोकपि बिल) बाट रु.४४७५४१।०४ बराबरका ४० एमएमको २०० मिटर र २० एमएमको १०८०० मिटर एचडीपीई पाईपहरु सोझै खरिद गरेकोमा २०७७ असार मसान्त सम्म उक्त पाईपहरुमा मौज्दात नै रहेको देखिन्छ । तत्पच्त्त वडाको सिफारीस तथा लाभग्राहीको निवेदनका आधारमा अध्यक्षले तोकआदेशमा उल्लेख भएको परिमाणका आधारमा पाईपहरु वितरण गरेको देखिन्छ ।लेखापरक्षणको क्रममा पेश भएको भरपाईको आधारमा ८ जनालाई प्रति व्यक्ति २००मिटर देखि १५०० मिटर सम्म भरपाई गरी २० एमएमको ५९०० मिटर दिएको पाईयो र तर उक्त पाईपहरु प्रयोग भएको देखिने प्राविधिक मूल्यांकन समावेश गरेको पाईएन । तसर्थ उक्त पाईपहरु खरिद गरेको सक्कल बिल तथा जडान भएको प्राविधिक बिल पेश हुनुपर्ने रु.</td><td>४४७५४१।-</td><td></td></tr>
<tr><td>१०.</td><td></td><td>आफ्नो अंश भन्दा घटी वा बढि के कति रकम उपलब्ध गराएको हो सो समेत खुल्ने प्रमाण कागजात सहित देहायका निर्माण कार्यको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>योजनाको नाम</th><th>पालिकाबाट भूक्तानी रकम</th></tr>
<tr><td>१</td><td>महाभारत खानेपानि स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००।-</td></tr>
<tr><td>२</td><td>पानीघाट लालीगुराँस स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००।-</td></tr>
<tr><td>३</td><td>चौकीडाँडा खानेपानि स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००।-</td></tr>
<tr><td>४</td><td>गोपेखोला खानेपानि स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००।-</td></tr>
<tr><td>५</td><td>बन्दीपूर खानेपानि स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१००००००।-</td></tr>
</table></td><td>१००००००।-</td><td></td></tr>
</table>

<table>
<tr><td>११.</td><td>४२</td><td>कार्य सम्पन्न प्रतिवेदन — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम कार्य सम्पन्न प्रतिवेदन लिएर मात्र अन्तिम बिल भुक्तानी गर्नु पर्ने व्यवस्था छ । नेवा सँगको सहकार्यमा पालिकामा खानेपानी योजना सञ्चालन तथा खानेपानी धारा जडान गर्न पालिका समपुरक कोषबाट खर्च गर्ने र पालिकाले स्थानीय सामाग्री खरिद तथा ढुवानी र ज्याला लगायतका कार्यमा देहायको रकम उपलब्ध गराउने समझदारी पत्रमा प्रमुख प्रशासकीय अधिकृतबाट हस्ताक्षर भए अनुसार पालिकाले देहाय अनुसारको रकम उपलब्ध गराउने गरी लागत अनुमान तयार गरेको छ । सोही बमोजिम खानेपानी उपभोक्ता समितिले बील तथा ढुवानीको भरपाई पेश गरी भुक्तानी लिएको देखिन्छ । तर उक्त कार्य भएको देखिने प्राविदिक बील नापी किताव तथा कार्य सम्पन्न प्रतिवेदन समावेश गरिएको पाईएन ।जसका कारण निर्माण कार्य के कति सम्पन्न भएको हो पालिकाले आफ्नो अंश भन्दा घटी वा बढी के कति रकम उपलब्ध गराएको हो सो समेत खुल्ने प्रमाण कागजात सहित देहायका निर्माण कार्यको सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>पालिकाबाट भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>महाभारत खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>२</td><td>पानीघट्ट लालिगुरास स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>३</td><td>चौकीडाँडा खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>४</td><td>गोपेखोला खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td>५</td><td>बन्दीपुर खानेपानी स्वास्थ्य तथा सरसफाई योजना</td><td>२०००००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१००००००।-</td></tr>
</table></td><td>१००००००।-</td><td></td></tr>
<tr><td>१२.</td><td>४४.</td><td>पाईप खरिदमा बढी दर — गो.भौ.६२ मिति २०७७।०३।१०बाट वडा नं. ५ रामपुर डाँडा खानेपानी जि. आई.पाईप खरिद उपभोक्ता समितिलाई २९७१०९।७७ भूक्तानी दिएके छ ।श्रेस्तामा संलग्न पाईप खरिद बिल तथा वडा कार्यालयमा गरिएको दाखिला प्रतिवेदन अनुसार उपभोक्ता समितिले ४० एमएमका ६० वटा पाईप प्रति गोटा कर सहित रु.४७१२।१०,४० एमएम सकेटको प्रतिगोटा दर रु. २९९।५४ र १६८ वटा वायरको प्रतिगोटा रु.१२०।९१ का दरले खरिद गरेको देखिन्छ । तर स्थानिय दररेट अनुसार प्रति पाईप रु. ३५०५।२६ (एक जि.आई. पाईपमा ६ मिटर हुने ) मात्र हुने देखिन्छ । जसबाट स्थानिय दररेट भन्दा प्रति पाईपमा रु. १२०६।८४ दरले ६० वटा पाईपमा रु.७२४१०।४० बढी भूक्तानी भएको देखिन्छ ।तसर्थ स्थानिय दररेट भन्दा बढी दरमा भूक्तानी भएको रु.७२४१०।४० असुल गरी उक्तपाईपहरु प्रयोग भएको प्राविधिक मूल्याङकन सहितको कार्य सम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>२९७११०।-</td><td></td></tr>
<tr><td>१३.</td><td>५०.</td><td>समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता — अन्तर सरकारी वित्त व्यवस्थापन ऐन ,२०७४ को दफा ९ ले स्थानिय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवम् विद्यालयले गत बिगत देखी नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानिकरण अनुदानबाट रु. २२१५१३२।— तलब भत्ता दिएको छ ।उक्त रकम विद्यालयले शिक्षकलाई वितरण गरेको भरपाई समेत संलग्न राखेको छैन ।शिक्षक रकम वितरण गरेको भरपाई पेश हुर्ने तथा यसरी स्वीकृत दरबन्दी भन्दा बाहिर विद्यालयले नै व्यवस्थापन गरेका शिक्षको तलब भत्ता बापत पालिकाबाट दिएको अनुदान नियमित समेत नदेखिएको रकम रु. २२१५१३२।-</td><td></td><td></td></tr>
<tr><td>१४.</td><td>५२.</td><td>हाजिर विवरण पेश नभएको :- पालिकाले गोश्वारा भौचर नं. १७।०७६।०९।२५ बाट ३६ विद्यालयलाई दिवाखाजा रु. १६,७३,१३०।— निकासा दिइएकोमा विद्यार्थीहरुको हाजिरी विवरण संलग्न गरेको देखिएन । तसर्थ विद्यार्थीको हाजिरी विवरण पेश हुनुपर्ने रु</td><td>१६७३१३०।-</td><td></td></tr>
<tr><td>१५.</td><td>५६.</td><td>लेखा परिक्षण तथा सामाजिक परिक्षण :- विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान बाट आधारभुत तहका ३१ विद्यालयहरुलाई १०००० को दरले रु.३,१०,०००।- माध्यमिक तहका ५ विद्यालयहरुलाई १५००० को दरले रु.७५,००० गरी सामाजिक परिक्षण तथा लेखा परिक्षण अनुदान रु. ३,८५,०००।— विभिन्न ३६ विद्यालयहरुलाई निकासा दिएको मा विद्यालयको लेखा परिक्षण भएको प्रतिवेदन पेश भएन। लेखा परिक्षण भएको प्रमाण तथा प्रतिवेदन पेश हुनुपर्ने रु.</td><td>३,८५,०००।-</td><td></td></tr>
<tr><td>१६.</td><td>५९.</td><td>मुल्य अभिवृद्धि कर नियमावली, मु.अ.कर नियमावलि २०५३ (२१ औ संशोधन) को नियम ६.ग अनुसार सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आशिंक स्वामित्व भएको संघ संस्था ले ठेक्का सम्झौता वा करार अन्तरगत आपूर्ति हुने वस्तु वा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने मू.अ.कर रकमको ५०% हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शिर्षकमा जम्मा गरी बाँकी रकम भूक्तानी दिने व्यवस्था छ । उल्लिखित व्यवस्था अनुसार सेनिटरी प्याड आपूर्तक आ.पी.आर. सप्लायर्सलाई भूक्तानी दिएको मूल्यअभिवृद्धि कर रु. ९६,३७८।४७ मा ५०% ले हुने रु. ४८,१३९।२३ कट्टा नगरी भूक्तानी दिएको रकमको कर मूल्य अभिवृद्धि कर संमायेजन गरेको प्रमाण पेश हुनु पर्दछ रु.</td><td>४८,१३९।-</td><td></td></tr>
</table>

<table>
<tr><td>१७.</td><td>६२.४.</td><td>वडा नं. २ को भरपाई परीरक्षण  गर्दा विश्वमाया स्याङतानको सिस्टममा जन्म मिति २००७।०६।१४ रहेको तर भरपाईमा हातले सच्याई २००२।०४।१४ बनाई उपचार खर्च रु. १००० समेत मासिक ३००० को दरले प्रथम दोश्रो र तेसो तिनै चौमासिकमा १२००० का दरले भूक्तानी भएको छ । प्रयाप्त प्रमाण तथा सूचना प्रणालीमा अद्यावधिक नगरी मासिक रु.१००० थप गरी दिन मिल्ने आधार पेश हुन सकेन ।अत:यसरी थप गरी दिन मिल्ने प्रमाण पेश गर्ने अन्यथा असुल हुनुपर्ने रु.</td><td>१२०००।-</td><td></td></tr>
<tr><td>१८</td><td>६८</td><td>आन्तरिक लेखापरीक्षण :- स्थानीय तह संचालन ऐन,२०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको मियमितता, मितव्ययिता,कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराई आन्तरिक लेखापरीक्षणबाट देखिएका व्यहोराहरु अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट गर्नुपर्ने व्यवस्था उल्लेख छ ।त पालिकाले आन्तरिक लेखापरीक्षकले औंल्याएका देहाएका व्यहोराहरु लेखापरीक्षण अवधिसम्म पनि फछ्र्यौट गरेको पाईएन । उक्त बेरुजूहरु तोकीए बमोजिम फछ्र्यौट गर्नुपर्ने देखिएको रु.
<table>
<tr><th>गो. भौ. नं. मिति</th><th>व्यहोरा</th><th>रकम</th></tr>
<tr><td colspan="2">गाउँपालिका चालु</td><td></td></tr>
<tr><td>६९-०७६/१०/१३</td><td>बिल भरपाई नरहेको</td><td>६५००</td></tr>
<tr><td>१२५-०७७/१/१७</td><td>कार्यालय सामाग्री खरिद गर्दा सफल नेपाल अफसेट प्रेसको बिलमा अग्रिम आयकर कट्टी कम काटिएको</td><td>१५९३</td></tr>
<tr><td colspan="2">गाउँपालिका पूँजिगत</td><td></td></tr>
<tr><td>१९-०७६/१०/७</td><td>श्री शध्दबाबा ट्रेडर्सले एउटा विजक जारी गरेकोमा एउटै बिलमा २ वटा विजक नं. देखिएको र हातले केरमेट गरी अर्को कायम गरेको</td><td>८८५८२.७२</td></tr>
<tr><td>५०-०७७/२/१९</td><td>घ्याङलेख कन्स्ट्रक्सन प्रा. लि. लाई घटी अग्रिम आयकर कट्टी गरेको</td><td>३७१७</td></tr>
<tr><td>६७-०७७/३/११</td><td>उपभोक्ता समितिले पालिकाको व्याक हो लोडर प्रयोग गर्दाको अग्रिम आयकर कट्टी गर्न छुट</td><td>८४०</td></tr>
<tr><td>७०-०७७/३/११</td><td>उपभोक्ता समितिले तारजाली खरिद गरी ल्याएको बिलमा  अग्रिम आयकर कट्टी छुट</td><td>१७२०</td></tr>
<tr><td>८९-०७७/३/१८</td><td>सि. सि. टिभी जोन नेपाललाई भूक्तानी दिदा  अग्रिम आयकर कट्टी छुट</td><td>२१०</td></tr>
<tr><td>११३-०७७/३/३१</td><td>नेत्रकाली कन्ट्रक्सन प्रा. लि. को बिलमा  अग्रिम आयकर कट्टी छुट</td><td>१०९०</td></tr>
<tr><td>११७-०७७/३/३१</td><td>नेत्रकाली कन्ट्रक्सन प्रा. लि. को बिलमा  अग्रिम आयकर कट्टी छुट</td><td>२८३</td></tr>
<tr><td>१२८-०७७/३/३०</td><td>न्यू बि.  के.  वर्कसपको छायाँ कपी बिल रहेको</td><td>२७२४०</td></tr>
<tr><td>१३२-०७७/३/३०</td><td>कार्की पानी टयाङ्की फर्निचर उद्योगको बिल केरमेट भएको</td><td>९२२६५</td></tr>
<tr><td>१३८-०७७/३/३०</td><td>विकल्प इन्टरप्राइजेजको छायाँकपी २ वटा विजक जारी</td><td>४४७९४१</td></tr>
<tr><td>४६-०७७/२/१९</td><td>डोर हाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट</td><td>३९१५</td></tr>
<tr><td>१४४-०७७/३/२५</td><td>डोर हाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट</td><td>१२८</td></tr>
<tr><td>१४५-०७७/३/१७</td><td>डोर हाजिरीको सामाजिक सुरक्षा कर कट्टी छुट</td><td>११९६</td></tr>
<tr><td colspan="2">प्रकोप विपद व्यवस्थापन कोष</td><td></td></tr>
<tr><td>३०-०७७/३/२८</td><td>रानी इन्टरप्राइजेजको बिलमा अग्रिम आयकर छुट</td><td>२५४</td></tr>
<tr><td colspan="2">सशर्त</td><td></td></tr>
<tr><td>५-०७७/३/२४</td><td>जगदम्बा सिमेन्ट खरिदको बिलमा अग्रिम आयकर कट्टी छुट</td><td>७६७</td></tr>
<tr><td>८-०७७/३/२८</td><td>दररेट पेश गर्दा मिति सच्याएको</td><td>१४९७८१.५</td></tr>
<tr><td>९-०७७/३/२८</td><td>औजार खरिद गर्दा नं. उल्लेख नगरेको तथा आदेशमा प्रमुख प्रशासकीय अधिकृतको सहि नरहेको</td><td>२६६६८</td></tr>
<tr><td>८८-०७७/३/१८</td><td>ढुवानी बहालकर कट्ट छुट भएको</td><td>१५०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>८५४८४१ / -</td></tr>
</table></td><td>८५४८४१।-</td><td></td></tr>
<tr><td></td><td colspan="2">जम्मा</td><td>७९१४५४२.६८</td><td></td></tr>
</table>

# आर्थिक वर्ष २०७७।७८

| क्र.सं. | गो.भौ नं. मिति/दफा | वेरुजुको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १. | ३२. | **ननफाइलर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरीक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ।तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु.७४४९७७। समेत रु.६४१३२०३। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधी सम्म पनि ती फर्महरु कर विवरण नबुझाई ननफाइलर रहेको पाइयो। कानुनी व्यवस्था अनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ७४४९७७ | |

| भौ.नं. | निर्माण व्यवसायी | विजक नं | विजक मिति | भुक्तानी | मू.अ.कर | पान नं | ननफाइलर रहेको मिति |
|---|---|---|---|---|---|---|---|
| १. | नेत्रकाली कन्सट्रक्सन | २२ | २०७८।३।८ | ९९५८८० | ११४५७० | ६०६७६७९०३ | २०७७।११ |
| २. | नेत्रकाली कन्सट्रक्सन | १८ | २०७८।३।६ | १११०५९८७ | १२७२३७ | ६०६७६७९०३ | २०७७।११ |
| ३. | ग्याल्वो हेन्जेन वाइव कन्सट्रक्सन प्रालि | १० | २०७८।३।८ | ९३५००० | १२१५५० | ६०६५१५९१९ | २०७८।३ |
| ४. | ग्याल्वो हेन्जेन वाइव कन्सट्रक्सन प्रालि | १२ | २०७८।३।२३ | ३३०००० | २४९०० | ६०६५१५९१९ | २०७८।३ |
| ५. | ग्याल्वो हेन्जेन वाइव कन्सट्रक्सन प्रालि | १ | २०७७।१२।१ | ८४८८५० | ९७७७० | ६०६५१५९१९ | २०७८।३ |
| ६. | ग्याल्वो हेन्जेन वाइव कन्सट्रक्सन प्रालि | ६ | २०७७।१२।२० | ९४८५०० | १२३३०५ | ६०६५१५९१९ | २०७८।३ |
| ७. | नेत्रकाली कन्सट्रक्सन | १४ | २०७७।१२।३१ | ४३२५६४ | ४९७६४ | ६०६७६७९०३ | २०७७।११ |
| ८. | नेत्रकाली कन्सट्रक्सन | १९ | २०७७।१२।३१ | ५६०३६७ | ६४४३७ | ६०६७ | |
| | **जम्मा** | | | ६४१३२०३ | ७४४९७७ | | |

<table>
<tr>
<td>२.</td>
<td>३४</td>
<td>

**जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ९७ मा कार्यालयले खरिद गरी वा कुनै प्रकारले हस्तान्तरण भई प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई सम्पत्ति तथ जिन्सी खातामा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी राख्नुपर्ने व्यवस्था छ। कार्यालयले अपङ्गगता भएका व्यक्तिहरुका लागी समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम अन्तर्गत सिन्धुली अपाङ्ग संघ सिन्धुलीबाट निम्नअनुसार सामानहरु बुझिलिएकोमा उक्त सामानहरु विद्यालयको जिन्सी खातामा दाखिला भएको नदेखिएको जिन्सी दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>सामानको विवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>ह्वील चियर</td><td>६</td><td>१३०००</td><td>७८०००।-</td></tr>
<tr><td>२.</td><td>बैशाखी</td><td>१०</td><td>२०००</td><td>२००००।-</td></tr>
<tr><td>३.</td><td>एल्वो कर्चेज</td><td>१५</td><td>८००</td><td>१२०००।-</td></tr>
<tr><td>४.</td><td>सेतो छडी</td><td>३</td><td>८००</td><td>२४००।-</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>११२४००।-</td></tr>
</table>

</td>
<td>११२४००.००</td>
<td></td>
</tr>
<tr>
<td>३.</td>
<td>३६.</td>
<td>

**सुधारिएको चुल्हो**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८ मा सार्वजनिक निकायले बार्षिक खरिद योजना तयार गरेर मात्र आवश्यकताका आधारमा खरिद गर्नुपर्ने व्यवस्था छ । यस घ्याङलेख गाउँपपालिकाले भौ.नं. २७६/०७८/३/३० चालु र भौ.नं.१६/०७८/३/३० पुँजीगतबाट गरी वसन्ती ईनर्जी पावर प्रा.लि बाट जम्मा ९२ थान सुधारिएको चुल्हो रु.४८००। का दरले जम्मा रु.४,९९,००८। मा खरिद गरेको पाइयो। यसरी खरिद गरेको चुल्हो १७/१७ वटाका दरले ५ वटा वडामा र ७ वटा गाउँपालिकामा राखिएकोमा चुल्हो केहिमात्रमा मात्र विवरण भई बाँकि मौज्दतमा रहेको जानकारी प्राप्त भयो। तर कति कहाँ कस कसलाई वितरण भएको र कति बाँकी रहेको नखुलेकोले वितरण गरी पेश गर्नुपर्दछ। साथै पालिकाले आवश्यकताका आधारमा मात्र खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

</td>
<td>४९९००८.००</td>
<td></td>
</tr>
<tr>
<td>४.</td>
<td>४५.</td>
<td>

**ईन्टरनेट खर्च**

विद्यालय सञ्चार सञ्चालीकरण कार्यविधि,२०७७ अनुसार कोभिडका कारणले विद्यालयमा प्रत्यक्ष उपस्थितिमा पठनपाठन अवरोध आएकले स्थानीय तह अन्तर्गत सञ्चलित आधारभुत विद्यालयका प्रति विद्यालय एकमुष्ठ रु. हजार अनुदान उपलब्ध गराउने र विद्यालयले सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई व्यवस्थापन गर्ने विद्यालयहरुमा ईन्टरनेट जडान गर्ने, जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने खर्च गर्न सक्ने व्यवस्था छ। पालिकाले देहायका आधारभुत विद्यालयलाई प्रति विद्यालय रु.१२०००।०० का एकमुष्ठ ईन्टरनेट जडान तथा सञ्चालन खर्च वापत रकम उपलब्ध गराईएकोमा ईन्टरनेट जडान गरेको प्रमाण तथा विल भरपाई पेस गरेको छैन। ईन्टरनेट जडान तथा सञ्चलानमा भएको खर्चको प्रमाण पेश गर्नुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>निकासा रकम</th></tr>
<tr><td>१.</td><td>आ.वि.गोठेडाँडा चैनपुर</td><td>१२०००।-</td></tr>
<tr><td>२.</td><td>आ.वि.कोल्टार</td><td>१२०००।-</td></tr>
<tr><td>३.</td><td>आ.वि.टुनीभञ्ज्याङ</td><td>१२०००।-</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३६०००।-</td></tr>
</table>

</td>
<td>३६,०००।-</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td>५</td>
<td>४८</td>
<td>

**कार्यसम्पादन जमानत**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकेमा कारण जनाई निर्माण व्यवसायीबाट खरिद सम्झौताको अवधि थप निवेदन प्राप्त भएमा सोही नियमको उपनियम २ मा उल्लेखित कुरा विचार गरी खरिद सम्झौताको म्याद थप गर्न सक्ने र म्याद थपसँगै बैक ग्यारेन्टी पनि म्याद थप गर्नुपर्दछ । पालिकाले देहायका ठेक्काहरुमा २०७८ चैत्र मसान्तसम्म म्याद थप गरेता पनि बैक ग्यारेन्टीको म्याद थप भएको नपाइएको म्याद थप भएको प्रमाण पेश हुनुपर्ने रु.

<table>
<tr><th>सि.नं.</th><th>ठेक्का</th><th>निर्माण व्यवसायी</th><th>म्याद थप हुनुपर्ने मिति</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>चिलाउने पचभैया लप्से हुदै सातदोबाटो सम्म सडक</td><td>प्रिन्स जेके बिल्डर्स कम्पनी</td><td>२०७९ बैशाखसम्म</td><td>३९८६३८०</td></tr>
<tr><td>२.</td><td>खट्टार देखी अमले थलागाउँ हुदै फापरचुली सम्म सडक</td><td>शुभश्री निर्माण सेवा</td><td>२०७९ बैशाख सम्म</td><td>४६३३०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>८६१९३८०</td></tr>
</table>
</td>
<td>८६१९३८०.००</td>
<td></td>
</tr>
<tr>
<td>६</td>
<td>५०</td>
<td>

**कार्यसम्पादन प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ मा निर्माण सम्पन्न भैसकेपछि कार्यसम्नन्न प्रतिवेदन तयार गर्नुपर्न व्यवस्था छ । पालिकाबाट खरिद भएका देहाय बमोजिमका पाईपहरु तथा जालीहरु पालिकामा दाखिला भए तापनि कहाँ र कुन प्रयोजनका लागि भएको हो सो खुल्ने गरी प्राविधिक पुष्याई पेश भएको छैन । नियमावलीको व्यवस्था बमोजिम प्राविधिक कर्मचारीबाट जाँचवझ गराई कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्न रु.

<table>
<tr><th>भौ.न.</th><th>आपूर्तिकर्ता</th><th>खरिद परिमाण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>४७</td><td>श्रेष्ठ मेसिनरी कन्सर्न</td><td>HDPE पाइप ३५० मिटर पम्प जेनेरेटर तथा ट्याङकी</td><td>४९९६२९</td></tr>
<tr><td>९९</td><td>अरनिको इन्टरप्राइजेज</td><td>२८०० मिटर</td><td>११२०००</td></tr>
<tr><td>२७३</td><td>अरनिको इन्टरप्राइजेज</td><td>२०mmPN16 350</td><td>३५४३०</td></tr>
<tr><td>२७३</td><td>अरनिको इन्टरप्राइजेज</td><td>३२mmPN10200m</td><td>३५४३०</td></tr>
<tr><td>२७१</td><td>धन ब बल</td><td>विभिन्न साइजका ७३००</td><td>२४३०९०</td></tr>
<tr><td>२७५</td><td>नीलकमल ईन्टरप्राइजेज</td><td>२११ का १२१ वटा जाली</td><td>४३५६००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१३६११७९</td></tr>
</table>
</td>
<td>१३६११७९</td>
<td></td>
</tr>
<tr>
<td>७</td>
<td>५२.१</td>
<td>

**आ.ले.प तर्फको बेरुजू**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरि खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्विजनिक खरिद नियमावलीमा रु ५लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने रु ५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सो भन्दा माथी बोलपत्रको माध्यामबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढी को खरिद गर्न नहुने एवं एउटा आपुर्तिकर्तासंग एकपटक भन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष ७५ प्रतिशत गा.पा अनुदानमा हाते ट्राक्टर खरिद गरी विवरण गर्न ८ लाख विनियोजन गरि खर्च गरेकोमा बजेट टुक्राइ दुई पटक गरि कोटेशन मार्फत खरिद गरेको नियमित गर्नुपर्ने रु.
</td>
<td>८०००००</td>
<td></td>
</tr>
<tr>
<td colspan="3">जम्मा</td>
<td>१२१७२९३४।-</td>
<td></td>
</tr>
</table>

# आर्थिक वर्ष २०७८।७९

| क्र.सं. | दफा नं. | वेरुजुको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | २१ | **जिन्सी दाखिला नभएको**<br>आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ९५ को १ मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र ख।द गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई कुनै बस्तुगत सहायता वा कुनै प्रकारले प्राप्त हुन आएको सम्पती तथा जिन्सी मालसामानको बिवरण र मुल्य समेत नखुलाई सम्पती तथा जिन्सी खातामा सात दिन भित्र आम्दानी बाँधी लगत अद्यावधिक नगरी राख्नुपर्नने कानूनी व्यवस्था रहेको छ । कार्यालयले खरिद गरेको निम्नानुसारका मालसामान र सेवाहरु खर्च भएर नजाने जिन्सी खाता अद्यावधिक गर्नपर्दछ । | ८१६५०५१.३७ | |

| सि न | ब उ शि न | गो भौ मिति | सप्लाई कर्ता फर्म | बिजक न मिति | खरिद गरिएको मालसामान | परिमाण | दर | रकम रु |
|---|---|---|---|---|---|---|---|---|
| १ | पूँजिगत | २।०७८।७।१४ | शताब्दी रिसर्च सेन्टर प्रा लि नयाँ बानेश्वर १० काठमाडौं | ०२।०७८।७।१४ | पालिकाको प्रोफाईल | १ | १४९७२५० | १४९७२५० |
| २ | पूँजिगत | ८४।०७८।११।१२ | EMPIRIVAL ENGINEERING CONSULTANCY .PVT LTD., ANAMNAGAR, KATHMANDU | ०१५।०७८।११।१२ | Preparation of detailed project report DPR of Shimle Khola Bridge | १ | १५३४२४४।३० | १५३४२४४।३० |
| ३ | पूँजिगत | १५९।०७९।०२।२३ | EMPIRIVAL ENGINEERING CONSULTANCY .PVT LTD., ANAMNAGAR, KATHMANDU | ०२८।०७९।२।१९ | Preparation of detailed Project report DPR of 20 KM road | १ | १९७७८९७।०७ | १९७७८९।०७ |
| ४ | पूँजिगत | २०१।०७९।३।१७ | सिभिल ईन्जिनियरिङ्ग कन्सल्तेनल्सी प्रा लि मध्यपुर ९ | ०१९।०७९।३।१७ | Preparaion of detailed project report DPR of ward no.5 office to Pahari lekh road | १ | ४९८००० | ४९८०००।०० |
| ५ | पूँजिगत | २०८।०७९।३।२० | एस.एस. ईलेक्ट्रोनिक्स एण्ड वाच सेन्टर | ८५८।०७९।२।१२ | Redmi note 10s 8 gb RA,M 128 storage | १ | ३०००० | ३००००।०० |
| ६ | पूँजिगत | २०२।०७९।३।१७ | M.R. Enterprises, Sindhuli (606185262) | १४२।०७९।३।१२ | Biometric Time Atttendence | ५ | १५२५५ | ७६२७५।०० |
| | | | | १४४।०७९।३।१७ | Biometric Time Attendence | ५ | १५२५५ | ७६२७५।०० |
| ७ | पूँजिगत | १६४।०६९।२।२५ | अग्री ईन्कर्पेरिट प्रा.लि. | | MAHINDRA BALERO AMBULENCE 4 WD | १ | १९९१४७० | १९९१४७०।०० |
| ८ | पूँजिगत | ४७।०७८।९।३० | जे.के.ट्रेडर्स, कमलामाई सिन्धुलि | ०८१।०७८।९।२५ | कम्पुटर प्रिन्टर | | बिभिन्न | ४८३६४०।०० |
| | | | | | | | जम्मा | ८१६५०५१।३७ |

| क्र.सं. | दफा नं. | वेरुजुको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| २ | २४ | **मु.अ.कर ननफाइलर**<br>मुल्य अभिवृद्धि कर नियमावली,२०५३ को नियम १७ को १ अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै बस्तु वा सेवा आपुर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखी बाहेक प्रापकलाई अनुसूची ५ र ५(क) बमोजिमको ढाँचामा कर विजक दिनुपर्ने त्यस्तै ऐन को दफा १८(१) मा करदाताले प्रत्येक महिना आफुले बुझाउनुपर्ने कर स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिन भित्र कर अधिकृत समक्ष तोकिएको ढाँचामा कर विवरण पेश गर्नुपर्ने व्यवस्था छ । निम्नानुसारको व्यवसायीले कर बिजक जारी गर्दा मु.अ.कर ननफाइलर रहेको साथै अन्य कम्पनीको नाममा बिजक रहेको दखियो । सम्बन्धित आपुर्तिकर्ताले आफ्नो सम्बन्धित आन्तरीक राजस्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्दछ । रु | ५४०१४.०० | |

| क्र. सं. | भौ.नं. मिति | कामको विवरण | आपुर्तिकर्ता सेवा प्रदायक | बिजक नं. मिति | मू.अ.कर बाहेक भक्तानी | मू.अ.कर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | २५५।०७८।११।१८ | मशलन्द तथा कार्यालय सामाग्री | श्रेष्ठ कम्प्युटर ट्रेडर्स प्रा.ली | ३६।३७।३९।०७८।११।१२ | १३६३०९।०० | १७७२०।०० | २०७९।२ बाट ननफाइलर |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ३७७।२०७९।२।२५ | सवारी साधन मर्मत | बर्दर्स अटो वर्कसप | २१६।०७८।१।२६ | ५७१२०।०० | ७२९५।०० | २०७९।१ बाट ननफाइलर |
| ३ | ३७३।२०७८।२।१६ | सवारी साधन मर्मत | पि.आर.एम | ४६।०७८।१२।२ | ५२०००।०० | ६७६०।०० | मगराती कन्स्ट्रक्सन एण्ड सप्लायर्सको नाममा विजक रहेको |
| ४ | ४२५।२०७९।३।१७ | शैक्षिक सामाग्री खरिद | माता सेतीदेवी सप्लायर्स | ९१।०७९।१।२२ | १७१०७३।०० | २२२३९ | २०७८।१० बाट नफाइलर |
| | | | | | | ५४०१४।०० | |

३ | २५ | २१४१४५.००

**परिचय पत्र वितरण**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्रस अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत नपुगेको जाँच गरी भुक्तानी दिन पर्ने व्यवस्था छ । राष्ट्रिय परिचय पत्र वितरण गर्दा देहायकका वडा सदस्यहरुलाई विविध खर्च रकम भक्तानी गरेकोमा कति दिन काम भएको हो सो वापत कति जनाले खाना खाजा खान पाउने र खाना पाउने र खाएको हो सो सम्वन्धीत स्पष्ट खुल्ने विवरण समावेश गरेको दिखएन । खर्च पुष्टि गर्ने प्रमाण पेश हुनुर्दछ रु.

| भौ.नं. मिति | वडा नं. | भक्तानी लिनेको नाम | भुक्तानी रकम रु | कफियत |
|---|---|---|---|---|
| २३०।०७८।११।१ | ५ | वडाध्यक्ष विष्णु कुमार कर्माचार्य | ४००००।०० | १२४ जनाको खाना १४८ नास्ता |
| १३३।०७८।८।१७ | | सुमित्रा भोलन | ४४१००।०० | १४७ जनाको खाना नास्ता |
| १३४।०७८।८।२० | ३ | धन बहादुर वल | ४८३३०।०० | १२५ जनाको खाना र खाना |
| १७१।०७८।९।२८ | | खावा वाईवा | २००००।०० | विल भरपाई नभएको |
| १०७।०७८।८।८ | ४ | वडा सचिव नर बहादुर बल | ६१७१५।०० | १६० जनाको खाना र नास्ता १७२ नास्ता |
| | | जम्मा | २१४१४५।०० | |

४ | २७ | ९२५०००

**विपद व्यव्थापन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिमेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गो. भौ.नं. मिति १८८।२०७८।३० बाट सिन्धुली समेन्ट पसलबाट विपद व्यवस्थापनका लागि HDPE pipe १४१०० मिटर रु ४५००००.०० र गो.भौ.नं.मिति १८९।२०७९।९।३० मा श्रेष्ठ हार्डवेयर सेन्टरबाट ३६२ पिस जस्ता पाता रु.४७५००००।०० समेत रु ९२५०००।०० भुक्तानी गरेको फाटवारी सो पाइप र जस्तापाताको जिन्सी खातामा दाखिला गरेको देखिएन साथै सो सामग्री कसैलाई बझाएको भरपाई संलग्न नभएको देखियो । कुन विपद वापत कसलाई कुन सिफारिको आधारमा समाग्री वितरण गरिएको हो र त्यसको प्रयोग भएको प्राविधिक पुष्टि हुने प्रमाण कागजात पेश हुनुपर्ने रु

| ५ | २९ | **जिन्सी दाखिला** | ३२४७४८४ | |
|---|---|---|---|---|

**जिन्सी दाखिला**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ अनुसार कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मुल्य समेत खुलाई जिन्सी किताबमा सात दिन भित्र आम्दानी बाँधी श्रेस्ता समेत खडा गरी अद्यावधिक गरी राखु पर्ने उल्लेख छ । कार्यालयले देहायका खर्च भएर नजाने विभिन्न किसिमको जिन्सी सामाग्री खरिद गरी भुक्तानी भएको दखिएकोले उक्त जिन्सी दाखिला गरेको प्रमाण हुनुपर्दछ । रु.

| भौ.नं. मिति | खरिद गरिएको जिन्सी सामाग्री | आपुर्तिकर्ता | भुक्तानी रकम रु |
|---|---|---|---|
| ६२।२०७८।७।१० | ट्रलि स्पिकर –१, | | |

| भौ.नं. मिति | खरिद गरिएको जिन्सी सामाग्री | आपुर्तिकर्ता | भुक्तानी रकम रु |
|---|---|---|---|
| ६२।२०७८।७।१० गा पा चालु | ट्रलि स्पिकर-१ टेवल माइक्रो फोन -२, मोवाईल VIVO Y535-१ | एस एस इलेक्ट्रोनिक्स एण्ड वाच सेन्टर | ५८०००।०० |
| ३४।२०७८।१०।१३ गा पा चालु स्वास्थ्य | Dell Laptop i5 ५ थान | मेट इन्टरनेशनल प्रा.ली | ४९७०००।०० |
| ७१।२०७८।०७।१० | जनचेतनामुलक सन्देश प्रवाह गर्ने विभिन्न ३० शिर्षकमा आधारीत अडियो पि एस हरु सिडि १५ थान पेन ड्राइभ ३ थान | भाइब्रेशन मिडिया | ३३९०००।०० |
| ८२।२०७८।७।१४ गा पा चालु | आवधिक योजना तता मध्यकालिन खर्च संरचना प्रतिवेदन | भिजन सेन्चुरी इन्स्टिच्युट | १५९९४५।०० |
| १३०।२०७८।०८।१७ | गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन | रिभा डेभलपमेण्ट सपोर्ट सर्भिसेज | ४९७०००।०० |
| २४४।२०७८।११।११ गा पा चालु | विभिन्न खोलाको IEE वातावरणिय प्रारम्भिक परिक्षण प्रतिवेदन | आर डी इन्जिनियरिङ कन्सल्टेन्सी | २९९०००।०० |
| ३४२।२०७९।१।१६ | गाउँकार्यपालिका कार्यालयको क्षमता विकास योजना CD Plan | अधिराज्य मिडिया प्रा.ली. | ३०००००।०० |
| ३९३।२०७९।२।२७ | सूचना प्रणाली तथा सफ्टवयेर प्रतिवेदन | मिमोश टेक सोलुसन | ४९७५३९।०० |
| ३९२।२०७९।२।२७ | विपद पुर्व प्रतिकार्य योजना (DPRP) प्रतिवेदन | सताब्दी रिसर्च सेन्टर प्रा.लि. | ३०००००।०० |
| ४६०।२०७९।३।२४ | राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन | भिजन एण्ड द सोलुसन प्रा.लि. | ३०००००।०० |
| | | **जम्मा** | **३२४७४८४।००** |

| ६ | ३० | **महिला संजालहरुलाई साबुन बनाउने सामाग्री सहयोग कार्यक्रम** | ९९४५९८.०० | |
|---|---|---|---|---|

**महिला संजालहरुलाई साबुन बनाउने सामाग्री सहयोग कार्यक्रम** - महिला संजालहरुलाई साबुन बनाउने सामाग्री सहयोग कार्यक्रम अन्तरगत साबुन बनाउने तालिम बापत सामुहिक सरोकार समाज सिन्धुलीलाई रु.९९४४९८.०० ।- भुक्तानी गरेको फाँटवारी परीक्षण गर्दा निम्नानुसार देखियो सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४ मा सार्वजनिक निकायले मालसामान निर्मान कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेसिफिकेशन योजना,नक्सा डिजाइन विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नु पर्ने र सार्वजनिक खरिद नियमावलीको नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा सम्बन्धीत मन्त्रालयले त्यस्तो परामर्श सेवाको लागत अनुमान सम्बन्धी नर्म्स तयार गरेको भए त्यस्तो नर्म्स सम्बन्धीत परामर्श सेवाको कार्यक्षेत्रगत सर्त आदिको आधार लिई मुख्य जनशक्ति एवं अन्य जनशक्तिको पारिश्रमिक परामर्शदाताले तालिम गोष्टी वा भ्रमणको व्यवस्था गर्नु पर्ने भए त्यस्तो कामको लागि लाग्ने खर्च खुलाएर अनुसूची १ क को ढाँचामा लागत अनुमान तयार गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाको एन नियमावलीको उल्लेखित व्यवस्था बमोजिम

<table>
<tr><td></td><td></td><td>लागत अनुमान तयार नगरी साबुन बनाउनले तालिम तथा सामाग्री सहयोगको लागि रु. १०००००० आर्थिक प्रताव आव्हान गरेकोमा सबै भन्दा कम सामुहिक सरोकार समाज सिन्धुलीको रु. ९९४५९८ आर्थिक प्रस्ताव स्वीकृत गरी सम्झौता गर्दा निश्चित संख्या र सामाग्री तोकेर निश्चित दिन तालिम संचालन गर्नु पर्ने उल्लेख नगरी ७ देखि १५ दिन सम्मको तालिम संचालन गर्नु पर्ने व्यहोरा राखी कार्यादेश दिएकोमा २०७९।०३।०७ गते देखि २०७९।०३।१३ गते सम्म ७ दिन तालिम संचालन गरेकोमा २६ जना सहभागी मध्ये २ जनाले २ दिन र २४ जनाले ७ दिन उपस्थिति भई हाजिर गरेको देखियो । तालिम सामाग्री खरिद गरेको बिल भरपाई प्रशिक्षकको योग्यता खुल्ले कागजात प्रशिक्षकलाई पारिश्रमिक मुक्तानी गरेको र सहभागीलाई सामाग्री वितरण गरेको प्रमाण संलग्न गरेको देखिएन साथै साबुन बनाउने सामाग्री उपलब्ध गराएको भए उक्त सामाग्रीबाट के कति साबुन उत्पादन भयो सो साबुनको आम्दानी तथा उपयोग को अवस्था के छ सो स्पष्ट हुने कार्यक्रम प्रतिवेदन लगायत प्रमाण संलग्न देखिएन । यसरी सामुहिक सरोकार समाज सिन्धुलीलाई रु. ९९४५९८.०० भुक्तानी दिएको खर्च पुष्टी हुने आधार प्रमाण नदेखिएकाले सो सम्बन्धी आवश्यक छानविन गरी अन्य तालिम प्रदायक सरकारी निकायले यस्ता प्रकारका तालिम संचालन गर्दा प्रयोग गर्ने नर्म्स अनुसार लाग्ने वास्तविक खर्च रकम एकिन गर्नु पर्ने र वढी भुक्तानी भएको रकम असुर गर्नु पर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>७</td><td>३७</td><td>बजेट निर्माण खर्च<br>गाउँपालिका पदाधिकारीको सुविधाको रकम बागमती प्रदेश सरकारले तोके बमोजिम र कर्मचारीलाई संघिय प्रदेश सरकारले तोकेभन्दा बढी सुविधा दिनुपर्ने भएमा गाउँपालिकाले निश्चित कार्यविधि बनाएर सोही बमोजिम सुविधा दिनुपर्दछ । गाउँपालिकाले निर्णय गरी सभा खर्च वापत ज्१८०३५०।०० विविध कार्यक्रम खर्चबाट रु.४१६८५।००समेत रु २२२०३५।०० खर्च लेखी सभा सञ्चालन तथा बजेट निर्माणमा खटिएका ज्ञई जना पदाधिकारी कर्मचारीलाई भुक्तानी गरेको देखियो । गाउँपालिकाले खर्च सम्बन्धी कार्यविधि तथा मापदण्ड नबनाई कार्यपालिकाको निर्माणका आधारमा मात्र खर्च लेखी भुक्तानी लिएको नियम सम्मत देखिएन । रु.</td><td>२२२०३५।००</td><td></td></tr>
<tr><td>८</td><td>३९.८</td><td>सामान दाखिला नभएको : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदीको हकमा सोही दिन वा त्यसको भोलिपल्ट र जिन्सी मालसामान भए सोको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रोत खडा गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था बमोजिम कार्यालयले तोकिएको म. ले. प. फारामको ढाँचामा खर्च भएर जाने र नजाने जिन्सी खाताको अभिलेख राख्नु पर्दछ । कार्यालयले उत्कृष्ट सिकाई उपलब्धी तथा असल ब्यवस्थापन भएका बिद्यालयलाई कम्प्यूटर तथा प्रिन्टर बिरतण कार्यक्रम अन्तरगत आगमन ईन्टरनेशनल प्रा. लि. बाट रु. ४४९२४५।– रकममा निम्नानुसारका विद्यालयलाई सामाग्री खरिद गरी पालिकामा दाखिला नगरी २०७९।१।४ मा हस्तान्तरण गरेकोमा उक्त बिद्यालयले उक्त सामानहरु आफ्नो जिन्सी खातामा दाखिला गरेको प्रमाण संलग्न नरहेकोले उक्त सामान दाखिला तथा मौज्दात रहेको प्रमाण पेश हुनु पर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>बिद्यालय</th><th>सामाग्री</th><th>परिमाण</th><th>रकम</th></tr>
<tr><td>१</td><td>ठाकुरथान आ बि</td><td>डेल डेक्सटप कम्प्यूटर क्यानन जी ३०२० प्रिन्टर</td><td>२ थान</td><td>८४०४९</td></tr>
<tr><td>२</td><td>लक्ष्मी आ बि भोटथुङ</td><td>डेल डेक्सटप कम्प्यूटर क्यानन जी ३०२० प्रिन्टर</td><td>२ थान</td><td>८४०४९</td></tr>
<tr><td>३</td><td>श्री गणेश आ बि रागेंचौर</td><td>डेल डेक्सटप कम्प्यूटर क्यानन जी ३०२० प्रिन्टर</td><td>२ थान</td><td>८४०४९</td></tr>
<tr><td>४</td><td>जनजागृति आ बि बस्तिपुर</td><td>डेल डेक्सटप कम्प्यूटर क्यानन जी ३०२० प्रिन्टर</td><td>२ थान</td><td>८४०४९</td></tr>
<tr><td>५</td><td>श्री शाही ठाकुर आ बि रातु चैनपुर</td><td>डेल डेक्सटप कम्प्यूटर क्यानन जी ३०२० प्रिन्टर</td><td>२ थान</td><td>८४०४९</td></tr>
<tr><td>६</td><td>श्री महेन्द्र आ बि गर्के</td><td>क्यानन जी ३०२० प्रिन्टर</td><td>१ थान</td><td>२९०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>४४९२४५</td></tr>
</table></td><td>४४९२४५</td><td></td></tr>
</table>

<table>
<tr>
<td>९</td>
<td>३९.१०</td>
<td>

**जी पी ई को सहयोगमा कोभिड १९ अनुदान :** आ. व. २०७८।०७९ का लागि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारी शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।०७९ मा उल्लेखित २.५.१५ क्रियाकलाप २.७.१३.४२ GPE को सहयोगमा कोभिड-१९ का कारण उत्पन्न परिस्थितिमा सिकाई सहजिकरणका लागि शैक्षिक कार्यक्रम कार्यान्वयनका लागि प्राप्त भएको अनुदान गाउँपालिका भित्र सञ्चालनमा रहेका तपसिलका २६ वटा सामुदायिक विद्यालयलाई निम्नानुसारको रकम रु. १६,६५,०००।- विद्यालयहरुको खातामा निकासा गरेको देखिएकोमा उक्त रकमलाई/ खर्चलाई पुष्टी हुने कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारका सरसफाई सामाग्री खरिद, शिक्षक विद्यार्थी तथा अभिभावकका लागि मनोसामाजिक परामर्श, बैकल्पीक माध्यमबाट बिद्यार्थी सिकाईको मूल्यांकनका लागि अनलाईन तथा अफलाईन कक्षा गृहकार्य परियोजना कार्य लगायतका बिभिन्न कार्य गरेको पुष्टी हुने खर्चका प्रमाण कागजात संलग्न भएको नदेखिएकोले खर्चका प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम असूल हुनु पर्ने रु.

<table>
<tr><th>क्र. सं.</th><th>विद्यालयको नाम</th><th>सञ्चालित कक्षा</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>मा. वि. अमले</td><td>१२</td><td>१०००००</td></tr>
<tr><td>२</td><td>आधारभूत वि. टुनिभञ्ज्याङ</td><td>६</td><td>१५०००</td></tr>
<tr><td>३</td><td>पन्चकन्या प्रा. वि. छरछरे</td><td>३</td><td>५००००</td></tr>
<tr><td>४</td><td>गणेश प्रा. वि. राँगेचौर</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>५</td><td>सरस्वती प्रा. वि. सुकाचुरी</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>६</td><td>प्रा. वि. पटबाँस</td><td>३</td><td>७५०००</td></tr>
<tr><td>७</td><td>प्रा. वि. बच्छ्युटार</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>८</td><td>आ. वि. देविस्थानभञ्ज्याङ</td><td>३</td><td>५००००</td></tr>
<tr><td>९</td><td>कन्या आ. वि. सल्ले</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>१०</td><td>जनप्रेमी प्रा. वि. खोलागाउँ</td><td>३</td><td>७५०००</td></tr>
<tr><td>११</td><td>श्री जनजागृती आधारभूत विद्यालय बस्तीपुर</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>१२</td><td>शारदा मा वि भैंसे</td><td>९</td><td>१०००००</td></tr>
<tr><td>१३</td><td>मा. वि. मरिण हायुटार</td><td>१२</td><td>१०००००</td></tr>
<tr><td>१४</td><td>ठाकुरथान प्रा. वि. शिखरपुर</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>१५</td><td>सिद्धार्थ प्रा. वि. आहाले</td><td>३</td><td>५००००</td></tr>
<tr><td>१६</td><td>श्री लक्ष्मी आधारभुत विद्यालय भोटथुम</td><td>५</td><td>५००००</td></tr>
<tr><td>१७</td><td>पेमाटासी प्रा. वि. चौकिडाँडा</td><td>३</td><td>५००००</td></tr>
<tr><td>१८</td><td>बाल ज्योती प्रा. वि. माटोखानी</td><td>१</td><td>५००००</td></tr>
<tr><td>१९</td><td>श्री भानु आ. वि. सिंपाल</td><td>५</td><td>५००००</td></tr>
<tr><td>२०</td><td>साहीठाकुर आ. वि. रातुचैनपुर</td><td>३</td><td>५००००</td></tr>
<tr><td>२१</td><td>श्री नेत्रकाली आँपडाँडा रामपुर</td><td>१२</td><td>१०००००</td></tr>
<tr><td>२२</td><td>श्री शान्तेश्वरी प्रा. वि. रामपुरभञ्ज्याङ्ग</td><td>४</td><td>५००००</td></tr>
<tr><td>२३</td><td>श्री बाघेश्वरी आधारभूत विद्यालय बाघखोर</td><td>३</td><td>५००००</td></tr>
<tr><td>२४</td><td>जनप्रेमी विद्यालय सोलाभञ्ज्याङ्ग</td><td>५</td><td>७५०००</td></tr>
<tr><td>२५</td><td>श्री आधारभूत विद्यालय लप्से भञ्ज्याङ्ग</td><td>५</td><td>७५०००</td></tr>
<tr><td colspan="3">निकास गरेको रकम जम्मा</td><td>१६६५०००</td></tr>
</table>

</td>
<td>१,६६५,०००</td>
<td></td>
</tr>
<tr>
<td>१०</td>
<td>४०.२</td>
<td>

**पोषण सुधार कार्यक्रम** २१२।२०७९।३।१९गाउँपालिकाले पोषण सुधारका लागि बिपन्न समूदायका महिला समुदायका महिला वा सहकारीलाई बिपन्न सदस्यक आय आर्जन सुधार कार्यक्रम अनुदान अन्तर्गत रु.६२५०००/-खर्च लेखेको देखिन्छ । उक्त कार्यक्रम संचालनका लागि पालिकाले प्रस्ताब आह्वान गरी मरिण बराजु महिला बचत तथा ऋण सहकारी संस्था लि लाई व्यवसाय स्थापना र संचालन गर्न अनुदान टेवा पुँजी सहयोग उपलब्ध गराई रोजगार तथा स्वरोजगार सिर्जना गर्ने कार्यमा सहयोग गर्ने यस कार्यक्रमको मुख्य उद्धेश्य रहेको जनाई २५ हजारका दरले २५ जना लक्षित महिलालाई व्यवसाय संचालनका लागि घुम्तिकोष वापत रु.६२५०००/- अनुदान उपलब्ध गराएकोमा सो कार्यक्रम कार्यान्वयनको अनुमान स्थानीय तहले गर्नु पर्नेमा पालिकाले उक्त अनुदान आर्थिक वर्षको अन्त्यमा आएर उपलब्ध गराएको देखिएकोले सो को अनुगमन भएको देखिएन । उक्त अनुदानको उपलब्धको के धयो उद्धेश्य अनुरुप कार्य भए नभएको अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्ने रु.

</td>
<td>६२५०००</td>
<td></td>
</tr>
</table>

<table>
<tr>
<td>११</td>
<td>४२.१</td>
<td>बिरुवा बितरण तथा रोपणको प्रमाण : आर्थिक कार्यविधि तथा वित्ति उत्तरदायित्व नियमावली, २०७७ को ३९ (५) मा र्सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने भरपाई बिल प्रमाण तथा कागजात संलग्न हुनुपर्ने उल्लेख छ । गाउँपालिकाले सुमित्रा एकिकृत मिश्रित नर्सीरि कृषी पशुपंक्षी गोलन्जोर ५ बाट मिति २०७९।३।२० निम्नानुसारको फलफुल बिरुवा खरिद गरेको देखिन्छ । उक्त बिरुवा पालिका भित्रका ५ वडा अध्यक्षलाई भरपाई गरेर बुझाएको देखिएकोमा के कतिलाई बितरण भयो सो को प्रमाण पेश नभएकोले उक्त बितरणको प्रमाण पेश हुनु पर्ने अन्यथा रकम असूल हुनु पर्ने रु
<table>
<tr><th>बिरुवा बिवरण</th><th>परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>बिजु कागती</td><td>६५००</td><td>४०</td><td>२६००००</td></tr>
<tr><td>कलमी कागती</td><td>२००००</td><td>७५</td><td>१५००००</td></tr>
<tr><td>जुनार कलमी</td><td>१०००</td><td>७५</td><td>७५०००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>४८५०००</td></tr>
</table>
</td>
<td>४८५०००</td>
<td></td>
</tr>
<tr>
<td>१२</td>
<td>४२.४</td>
<td>संस्था छनौट आधार तथा अनुदान खर्च :<br>प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा परियोजनाबाट पकेट कार्यक्रममा उपलब्ध गराउने अनुदान को लागि लाभग्राहीको छनौट गर्दा सम्बन्धित कार्य गर्ने उद्देश्य ले दर्ता भएका (PAN) व्यक्ती फर्म समुह समितिलाई छनौट गर्नु पर्ने र म्यानुअल को ४.१.४ मा पकेटको लागि न्युनतम संख्याको आधार समेत तोकि पहाडी जिल्लामा बाखाको पकेट कार्यक्रम संचालन गर्दा न्यूनतम ६०० बाखा रहने गरी तोकिएको छ । साथै कार्यविधिको ४.१.९.२ मा उत्पादकत्व कार्यक्रम संचालन गर्दा पशु नश्ल सुधार कार्यक्रम संचालन प्रकृया कृषक छनौट स्रोत केन्द्रको पहिचान गरी उन्नतजातको पशु पाठापाठी खरिद गर्नुपर्ने गरी तोकिएको छ । कार्यालयले बाखा पकेट निरन्तरताका लागि चिउरीवास बाखा पकेट बिकास समितिलाई रु ३५०००० तथा हायुटार टुनिभन्याङ केरावारी बाखा पकेट बिकास समितिलाई रु ३५०००० समेत रु ७०००००/- अनुदान दिएको देखिएको छ ।सो परीक्षण गर्दा हायुटार टुनिभञ्याङ केराबारी बाखा पकेट बिकास समितिले बाखा फर्ममा बिभिन्न निर्माण कार्य गरेको बिल पेश गरेको छ । कार्यलयबाट छनौट गरिएको संस्थाले बाखाको संख्या उल्लेख नगरेको बाखाखरिद गर्नुअघि श्रोत केन्द्र नतोकिएको समितिले सूचना मार्फत वोयर वोका र पाठी नश्ल प्रतिशत तोकि ७५ प्रतिशत वोयर वोका पाठी माग गरेकोमा वोका पाठी बिक्रि गर्ने फर्मले ट्याग नं. खुलाएको देखिएन । कार्यक्रम संचालन प्रकृया पुरा नगरी उन्नत पशु तर्फको अनुदान रकम खर्च गरेकोले यस सम्बन्धमा पुन यकिन गर्नुपर्दछ । पकेट संचालक समितिले दिएको रकमबाट खरिद गरि तितरण गरीएका बोएर बोका पाठी र अन्य स्थानीय जातका माउ बाखा तथा पाठीहरु उन्नत जातको हुनुपर्ने शर्त पुरा नगरी खर्च गरेको अनियमित देखिएको रु.</td>
<td>६०००००</td>
<td></td>
</tr>
<tr>
<td>१३</td>
<td>४२.५</td>
<td>किसान सूचीकरण कार्यक्रम : किसान सुचिकरण कार्यक्रम कार्यान्वयन विधि, २०७७ को दफा २० मा किसान सूचीकरण कार्यक्रम कार्यान्वयनमा संलग्न हुने सजहकर्ता तथा सम्पर्क व्यक्तिहरुको सेवा सुबिधा सम्बन्धी व्यवस्था छ । जस अनुसार २००१ देखि ३००० घरधुरी सम्म प्रतिधुरी १०० रुपैयाँका दरले पारिश्रमिक पाउने व्यबस्था छ । पालिकाले १३ जना सहजकर्तालाई डाटा ईन्ट्री गरेको भनि प्रति घरधुरी १०० का दरले २०६० घरको रु.२०६०००।–कृषि शाखाका छिरिङ दोर्जे लामालाई सहजकर्तालाई बितरणका लागि भुक्तानी गरेको छ ।त्यस्तै सूचीकरण भएका किसानलाई किसान आईडी कार्ड बितरणका लागि निम्नानुसारको कार्ड खरिद गरेकोमा दर फरक पारी खर्च लेखेको देखिएको छ । यसरी फरक दर पारी खर्च लेखेको रकम रु. फरक दर पारी खर्च लेखेको रकम रु.३१२०।–असूल हुनु पर्ने साथै खरिद छपाई भएका उक्त कार्डहरु कार्यालयमा दाखिला समेत भएको नदेखिएकोले रु.१००४००।–को दाखिला तथा मौज्दाको प्रमाण पेश हुनु पर्ने अन्यथा उक्त रकम सम्बन्धितबाट असूल हुनु पर्ने रु.
<table>
<tr><th>भौ नं मिति</th><th>कार्ड प्रिन्ट संख्या</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>२३९।२०७९।३।२१</td><td>१००</td><td>६४०</td><td>६४०००</td></tr>
<tr><td>२२५।२०७९।३।२०</td><td>५२</td><td>७००</td><td>३६४००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१००४००</td></tr>
</table>
</td>
<td>१००,४००</td>
<td></td>
</tr>
<tr>
<td>१४</td>
<td>४३</td>
<td>चामल वितरण : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ ।गो. भौ. नं./मिति ११।२०७८।८।२३ बाट कोरोना पिडित सात घर परिवारलाई वितरण गर्न सोम खाद्यान्न एण्ड किराना पसलबाट ७ बोरा चामल खरिद गरे बापत रु. ११९७५.०० भुक्तानी भएकोमा उक्त चामल कसैलाई पनि वितरण भएको देखिएन खरिद गरे बमोजिमको चामल वितरण भएको वितरण भरपाईको प्रमाण पेश हुनु पर्दछ । रु.</td>
<td>११,१७५</td>
<td></td>
</tr>
</table>

<table>
<tr><td>१५</td><td>४६</td><td>वृत्तिचत्र निर्माण: गाउँपालिकाले विभिन्न सेवा प्रदायकसँग सम्झौता गरी खरिद गरेका वृत्तिचित्र निर्माण सम्बन्धी व्यहोरा निम्नानुसार छन् । क. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेखु अघि त्यस्तो खर्च गर्न वा भूक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गरी भुक्तानी दिनु पर्ने व्यवस्था छ । गो. भौ. नं./मिति ३५६।२०७९।३।९ बाट हिमालयन सञ्चार गृह प्रा. लि. लाई रु. ४९८३३०.०० भुक्तानी गरेको फाँटवारीमा हिमालयन सञ्चार गृह प्रा. लि. सँग २०७४।१५ बाट हाल सम्मको गाउँपालिकाको गतिविधि समेटीएको वृत्तचित्र निर्माण गर्ने सम्बन्धी सम्झौता गर्दा कम्तिमा ३० मिनेटको भिडियो वत्तचित्र हुनुपर्ने र सो वृत्तचित्र दोस्रो पक्षा (हिमालयन सञ्चार गृह प्रा. लि.) ले राष्ट्रिय स्तरको टेलिभिजनबाट प्रशारण गर्नुपर्ने लगायतका शर्त रहेकोमा वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश गरेको देखिएन । वृत्तचित्रको Soft Copy, सोको जिन्सी दाखिला र वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश हुनुपर्दछ । रु.<br>ख.४१४।२०७९।३।९ गाउँपालिकाको वृत्तिचित्र निर्माण गर्न भनी ॐ सत्य साई फिल्म्स (600516930) प्रा.लि. लाई रु.४०००००.०० भुक्तानी गरेको फाँटवारीमा ॐ सत्य साई फिल्म्स (600516930) प्रा.लि. सँग गाउँपालिकाको गतिविधि समेटिएको वृत्तचित्र निर्माण गर्ने सम्बन्धी सम्झौता गर्दा कम्तिमा ३० मिनेटको भिडियो वृत्तचित्र हुनुपर्ने र सो वृत्तचित्र दोस्रो पक्ष (ॐ सत्य साई फिल्म्स (600516930) प्रा.लि.) ले राष्ट्रिय स्तरको टेलिभिजनबाट प्रशारण गर्नुपर्ने लगायतका शर्त रहेकोमा वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश गरेको देखिएन । वृत्तचित्रको Soft Copy, सोको जिन्सी दाखिला र वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश हुनुपर्दछ । रु.<br>ग. ३४२।२०७९।१।१६ गाउँपालिकाको कार्यालयको क्षमता विकास योजना CD PLAN वृत्तचित्र निर्माण गर्न भनि अधिराज्य मिडिया नेटवर्क प्रा. लि. (609858950) लाई रु. ३०००००.०० भुक्तानी गरेको फाँटवारीमा अधिराज्य मिडिया नेटवर्क प्रा. लि. सँग गाउँपालिकाको कार्य सम्पादन समेटिएको वृत्तचित्र निर्माण गर्ने सम्बन्धी सम्झौता गर्दा कम्तिमा २५ मिनेटको भिडियो वृत्तचित्र हुनु पर्ने र सो वृत्तचित्र दोस्रो पक्ष (अधिराज्य मिडिया नेटवर्क प्रा. लि.) ले राष्ट्रिय स्तरको टेलिभिजनबाट प्रशारण गर्नुपर्ने लगायतका शर्त रहेकोमा वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश गरेको देखिएन । वृत्तचित्रको Soft Copy, सोको जिन्सी दाखिला र वृत्तचित्र राष्ट्रिय टेलिभिजनबाट प्रसारण भएको प्रमाण खुल्ने प्रसारण प्रमाणपत्र (Broadcasting Certificate) पेश हुनुपर्दछ । रु.</td><td>११९८३३०</td><td></td></tr>
<tr><td>१६</td><td>४७</td><td>प्रकोप व्यवस्थापन कोषबाट औषधी खरिद:<br>घ्याङलेख गाउँपालिकाद्धारा प्रकाशित विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्य विधि- २०७३, को लक्ष्यमा प्राकृतिक तथा मानव श्रिजित विपदको प्रकोपमा परेका परिवार संघ संस्थालाई राहत तथा पुनस्थापनामा सहयोग पुर्याउने, विपद जोखिम क्रियाकलापको पहिचान तथा प्राथमिकिकरण गर्दै विपद व्यस्थापनको क्षमतामा अभिवृद्धि गरी मानविय तथा भौचतिक क्षतिमा कमी ल्याउने रहेको साथै दफा २१मा विपद प्रभावितको वर्गीकरण बमोजिम दफा २२ मा रहेको विपद व्यवस्थापन समिति निर्णय वेगर नै देहाय बमोजिमको १४ प्रकारका औषधी खरिद गरेको देखियो। कार्यविधि मा नभएको तथा विपद व्यवस्थापन समितिको निर्णय वेगर नै औषधी खरिद गर्ने कार्य नियम सम्मत देखिएन।रु.</td><td>१,१२०,१२५</td><td></td></tr>
<tr><td>१७</td><td>४८</td><td><table>
<tr><th>सि.नं</th><th>ब.उ.शि.नं.</th><th>ठेक्का नं</th><th>गो.भौ.मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी पाउने निर्माण ब्यबसायीको नाम</th><th>PS Items को विवरण</th><th>बिल भरपाई नभएको रकम रु.</th></tr>
<tr><td rowspan="2">१.</td><td rowspan="2">गाँउपालिका पूँजिगत</td><td rowspan="2">GHRM/Ssindhuli/Works/NCB/075/76016</td><td rowspan="2">१४८।०७९।१।८</td><td rowspan="2">गाँउपालिका भवन निर्माण</td><td rowspan="2">सिकाक हुस्ने निर्माण सेवा</td><td>Insurance for the loss of damage</td><td>१००११८</td></tr>
<tr><td>Laboratory test</td><td>२१४७०</td></tr>
<tr><td colspan="7">जम्मा</td><td>१२१५८८</td></tr>
</table>
प्रिभिजनल समः-<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २२ तथा अनुसार काम गर्ने परिस्थिति पूर्वानुमान गर्न नसकिने प्रकृतिक निर्माण कार्य गराउनको लागि लागत सोधभर्ना सम्झौता गर्न सकिने व्यवस्था छ। कार्यालयले विभिन्न ठक्काको प्रभिजनल सममा राखिएको आईटमवाईज कार्य बापतको रकम भुक्तानी गर्दा निर्माण ब्यबसायी वा सेवा प्रदायकबाट खर्चको विल भरपाई पेश गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले ठेक्काको PROVISIONAL SUM मा राखिएका आईटमवाईज कार्यले विल भरपाई पेश भएको अवस्थामा मात्र विल बमोजिमको रकम भुक्तानि दिनु पर्दछ। कार्यालय अन्तर्गत सञ्चालित निम्न ठेक्कामा PROVISIONAL SUM बापतको रकम भुक्तानी दिदा खर्चका सक्कल विल भरपाई पेश भएको पाईएन। कार्यलयबाट भुक्तानीसँग सम्बन्धित सक्कल विल भरपाई पेश हुनुपर्दछ। अन्यथा असुल गरी राजश्व दाखिला गर्नुपर्दछ।रु.</td><td>१२१,५८८।-</td><td></td></tr>
</table>

<table>
<tr><td>१८</td><td>५०.</td><td>रित पुर्वको कर विजक<br>मूल्य अभिवृद्धिकर ऐन,२०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मसँग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ।पालिकाले संघीय सरकारबाट हस्तान्तरित (समपुरक) कार्यक्रम अन्तर्गत चन्दनपुर सल्ले केरावरी गैरी भैसे बस्तीपुर सडक निर्माण कार्यको लागि जि.एस .श्रीकृष्ण निर्माण सेवा जे भि ले पेश गरेको दहाय अनुसारका विजकहरु पहिलो प्रति कर विजक जारी गर्नुपर्नेमा दोस्रो प्रति (विजक मात्र उल्लेख गरेको )जारी गरेको, वोलपत्र स्विकृत हुनु भन्दा अगावै जे.भि भ्याटमा दर्ता भएको प्रमाण पेश भएको देखिएकोले भुक्तानी भएको रु.१५१९५२२।- को कर समायोजन पेश गर्नुपर्ने अन्यथा रु.१०६२६६५।— असुल हुनुपर्ने रु.
<table>
<tr><th>भौ.नं.मिति</th><th>योजनाको नाम</th><th>प्यान नं.</th><th>विजक नं.मिति</th><th>भुक्तानी मू.अ.कर</th><th>७०%मू.अ.कर कर रकम</th></tr>
